# *ऐलानी* उपन्यासमा यथार्थवाद

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत

वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, चितवनको

स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको

दसौँ पत्रको प्रयोजनार्थ

प्रस्तुत

## शोधपत्र


शोधार्थी

संगिता लामिछाने

त्रि.वि. रजिस्ट्रेसन नं. ६-२-४८-२२३६-२०१२

रोल नं. १९००१३

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन


२०७९/सन् २०२२

# प्रतिबद्धतापत्र

‘*ऐलानी* उपन्यासमा यथार्थवाद’ शीर्षकको प्रस्तुत शोधपत्र मैले मेरा शोधनिर्देशक सहप्रा. डा. धनेश्वर भट्टराईज्यूको निर्देशनमा रहेर तयार पारेको मौलिक कार्य हो । मैले यो शोधपत्रलेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेको छु र ती सामग्रीप्रति म कृतज्ञ छु । प्रस्तुत शोधका सामग्री, यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग गरिएका र प्रकाशनमा आएका छैनन् तसर्थ यो शोधपत्र नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७९/०७/१८
४ नोवेम्वर, २०२२

शोधार्थी
संगिता लामिछाने
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# शोधनिर्देशकको मन्तव्य

प्रस्तुत '*ऐलानी* उपन्यासमा यथार्थवाद' शीर्षकको शोधपत्र स्नातकोत्तर तह दोस्रो वर्षकी छात्रा संगिता लामिछानेले मेरो निर्देशनमा तयार गर्नुभएको हो । शोधपत्र तयारीका क्रममा सामग्रीसङ्कलनदेखि शोधपत्र लेखनसम्म शोधार्थीको अथक मिहिनेत र परिश्रम परेको छ । मिहिनेतपूर्वक तयार गरिएको प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति २०७९/०७/१८

सन् ४ नोवेम्वर, २०२२

..................................

डा. धनेश्वर भट्टराई

सह-प्राध्यापक

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिकशास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका छात्रा संगिता लामिछानेले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको '*ऐलानी* उपन्यासमा यथार्थवाद' शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| | |
|---|---|
| प्रा.डा. भवनाथ सडौला | ________________ |
| सहप्राध्यापक तथा विभागीय प्रमुख | हस्ताक्षर |
| डा. धनेश्वर भट्टराई | ________________ |
| सहप्राध्यापक तथा शोधनिर्देशक | हस्ताक्षर |
| डा. कृष्णप्रसाद सापकोटा | ________________ |
| सहप्राध्यापक तथा बाह्य परीक्षक | हस्ताक्षर |

मिति २०७९/०७/२३

सन् ९ नोवेम्वर, २०२२

# कृतज्ञताज्ञापन

प्रस्तुत '*ऐलानी* उपन्यासमा यथार्थवाद' शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको पाठ्यांश परिपूर्तिका निम्ति तयार गरिएको हो । प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु सह-प्राध्यापक डा. धनेश्वर भट्टराई ज्यूको निर्देशनमा तयार पारेकी हुँ । अध्ययनका क्रममा आफ्नो अत्यन्त कार्यव्यस्तताबाट पनि यथाशक्य समय उपलब्ध गराई आत्मीयतापूर्वक मलाई समुचित निर्देशन दिनुभएकोमा सर्वप्रथम म उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख भवनाथ सडौलाज्यूप्रति पनि म कृतज्ञता प्रकट गर्दछु । यस शोधपत्रको तयारीका क्रममा आवश्यक सामग्रीसङ्कलन गर्ने कामदेखि लिएर सोधपुछका क्रममा आफ्नो अमूल्य समय दिई पूर्ण सहयोग गर्नुहुने उपन्यासकार विवेक ओझाज्यूप्रति हार्दिक आभारी छु । शोधप्रस्ताव लेख्न विशेष सहयोग पुऱ्याउनुहुने आदरणीय गुरु दामोदर रिजालज्यू, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका सम्पूर्ण गुरुहरू तथा वीरेन्द्र बहुमुखी क्याम्पसको पुस्तकालय परिवारप्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने सिलसिलामा मलाई प्रेरणा दिनुहुने मेरा अभिभावकहरू मोतीप्रसाद लामिछाने, जमुना लामिछाने, ओमप्रसाद लामिछाने, मेरा सासू-ससुरा दयाराम पौडेल, सीतादेवी पौडेलप्रति आभार व्यक्त गर्दछु । मलाई विशेष सहयोग गर्नुहुने मेरा श्रीमान् ईश्वर पौडेलप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा '*ऐलानी* उपन्यासमा यथार्थवाद' शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

मिति २०७९/०७/१८

सन् ४ नोवेम्वर, २०२२

................................

संगिता लामिछाने
त्रिभुवन विश्वविद्यालय
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# विषयसूची


## परिच्छेद एक : शोधपरिचय

| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | शोधसमस्या | २ |
| १.३ | शोधकार्यका उद्देश्यहरू | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | ५ |
| १.६ | शोधकार्यको सीमाङ्कन | ६ |
| १.७ | सामग्रीसङ्कलन विधि | ६ |
| १.८ | सैद्धान्तिक ढाँचा र शोधविधि | ६ |
| १.९ | शोधपत्रको रूपरेखा | ६ |

## परिच्छेद दुई : यथार्थवादी समालोचनाको स्वरूप

| | | |
|---|---|---|
| २.१ | विषयपरिचय | ८ |
| २.२ | उपन्यासको व्युत्पत्ति र अर्थ | ८ |
| २.३ | यथार्थवादको पृष्ठभूमि प्रवर्तन र प्रवर्धन | ९ |
| २.४ | यथार्थवादका आधारभूत मान्यता | १३ |
| २.५ | यथार्थवादका मुख्य भेदहरू | १४ |
| २.६ | यथार्थवादी समालोचनाका शक्ति र सीमा | १५ |
| २.७ | निष्कर्ष | १६ |

## परिच्छेद तीन : *ऐलानी* उपन्यासमा यथार्थवादको प्रयोग

| | | |
|---|---|---|
| ३.१ | विषयप्रवेश | १८ |
| ३.२ | *ऐलानी* उपन्यासमा सामाजिक यथार्थवाद | १८ |
| ३.३ | *ऐलानी* उपन्यासमा मनोवैज्ञानिक यथार्थवाद | ३५ |
| ३.४ | *ऐलानी* उपन्यासमा आलोचनात्मक यथार्थवाद | ५२ |
| ३.५ | निष्कर्ष | ५९ |

परिच्छेद चार : *ऐलानी* उपन्यासका प्राप्ति र योगदान

४.१ विषयप्रवेश ६३

४.२ सामाजिक योगदान ६४

४.३ भाषिक योगदान ६७

४.४ सांस्कृतिक योगदान ७१

४.५ राजनैतिक योगदान ७२

४.६ निष्कर्ष ७३

परिच्छेद पाँच : उपसंहार तथा समग्र निष्कर्ष

५.१ उपसंहार ७५

५.२ समग्र निष्कर्ष ७५

सन्दर्भग्रन्थसूची

# सङ्क्षेपीकृत शब्दसूची

प्रस्तुत शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको पूरा रूप यसप्रकार रहेको छ :

| | |
|---|---|
| अनु. | अनुवादक |
| इ.सं. | इस्वी संवत् |
| उप.प्रा. | उपप्राध्यापक |
| एम.ए | मास्टर अफ आर्ट्स |
| क्र.सं. | क्रम सङ्ख्या |
| चौ.सं. | चौथो संस्करण |
| डा. | डाक्टर |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ना. | नाम |
| नं. | नम्बर |
| पृ. | पृष्ठ |
| प्रा. | प्राध्यापक |
| प्रा.डा. | प्राध्यापक डाक्टर |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| वि.सं. | विक्रम संवत् |
| सम्पा. | सम्पादक |
| सहप्रा. | सहप्राध्यापक |

# चिह्नप्रयोग तथा सङ्केताक्षर सूची

प्रस्तुत शोधपत्रमा निम्नलिखित चिह्न र सङ्केतको प्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | प्रत्यक्ष उक्ति / उद्धरण |
| ....... | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ! | विश्मयाधिबोधक |
| - | योजक |
| / | विकल्प तथा पर्याय |
| ‘ ’ | शीर्षक जनाउँदा तथा विशेष जोड दिँदा |
| : | पृष्ठ सङ्ख्याबिचको सङ्केत |
| ( ) | सम्बद्ध विशेष टिप्पणी |

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषयपरिचय

नेपाली आख्यान विधामध्येको कान्छो विधा उपन्यासलाई मानिएको छ । *ऐलानी* उपन्यासका लेखक विवेक ओझा हुन् । उपन्यासमा सरल, सहज, बोधगम्य तथा पात्रानुकूलका शब्दहरू प्रयोग गर्न पछि नपर्ने उपन्यासकार विवेक ओझा *ऐलानी* उपन्यासका माध्यमबाट सामाजिक यथार्थवादका नजिक रहेर कलम चलाउने साहित्यकारका रूपमा चिनिएका छन् । साहित्यकार ओझाका *ऐलानी* उपन्यासपूर्व *त्रिवेणी* (कवितासङ्ग्रह, २०६४) र *एक पाइला आकाशमा* (गजलसङ्ग्रह, २०७१) कृतिहरू प्रकाशित भएका थिए ।

उनले *ऐलानी* उपन्यासमा संवादका क्रममा पात्र सुहाउँदो भाषिकाको प्रयोग गरेका छन् । यस कृतिमार्फत् उपन्यासकारले सुदूरपश्चिममा बसोबास गर्ने वादी समुदायमै केन्द्रित रही त्यस समाजमा घट्ने घटनाहरूलाई यथार्थपरक ढङ्गले स्पष्टसँग प्रस्तुत गरेका छन् । यस कृतिमा वादीहरू को-को कसका सन्तान हुन् भन्ने कुरा आमालाई समेत थाहा नहुने हुनाले उनीहरूलाई लक्षणात्मक अर्थमा 'ऐलानी' शब्दले सम्बोधन गरिएको अनुमान गर्न सकिन्छ । उनीहरूको नागरिकतासमेत नहुने हुनाले 'ऐलानी' भनिएको, उनीहरू बसाबास गर्ने जमिन 'ऐलानी' भएको आदि कुरा कृतिका माध्यमबाट बुझिएको छ । तसर्थ 'ऐलानी' शब्दलाई शीर्षकका रूपमा सार्थक चयन गरिएको मान्न सकिन्छ ।

*ऐलानी* उपन्यासको सामान्य रूपमा टिप्पणीहरू गरिएका छन् । नारीवाद, समाजवाद आदिको झलक यस कृतिमा देखिए तापनि यस कृति यथार्थवादसँग नजिक रहेकाले यथार्थवादी भावधाराका आधारमा यसको अध्ययन गर्नु उपयुक्त देखिन्छ तसर्थ यस शोधकार्यको शीर्षक '*ऐलानी* उपन्यासमा यथार्थवाद' रहेको छ ।

## १.२ शोधसमस्या

'यथार्थवादी दृष्टिकोणबाट *ऐलानी* उपन्यासको अध्ययन' शीर्षकसँग सम्बद्ध भएर गरिने शोधकार्य यथार्थवाद सम्बद्ध उपकरणका आधारमा गरिएको हुँदा यसका निम्नलिखित समस्याहरू रहेका छन् :

(क) यथार्थवादको सैद्धान्तिक अवधारणा के-कस्तो रहेको छ ?

(ख) *ऐलानी* उपन्यासमा यथार्थवादको प्रयोग कसरी गरिएको छ ?

(ग) यथार्थवादका सापेक्षतामा *ऐलानी* उपन्यासको प्राप्ति के-कस्तो रहेको छ ?

उपर्युक्त प्रश्नहरूमा केन्द्रित रही प्रस्तुत शोधपत्र सम्पन्न गरिएको छ ।

## १.३ शोधकार्यका उद्देश्यहरू

विभिन्न समस्याहरूमा केन्द्रित भई यथार्थवादी दृष्टिकोणबाट *ऐलानी* उपन्यासको अध्ययन गर्नु मूल उद्देश्य रहेको छ भने मूल उद्देश्यका शाखात्मक उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) यथार्थवादको सैद्धान्तिक अवधारणा उल्लेख गर्नु,

(ख) *ऐलानी* उपन्यासमा यथार्थवादको प्रयोगलाई केलाउनु,

(ग) यथार्थवादका सापेक्षतामा *ऐलानी* उपन्यासको प्राप्तिलाई देखाउनु,

यो शोधकार्य उपर्युल्लिखित उद्देश्यहरूको परिपूर्तितर्फ केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार विवेक ओझाको बारेमा साहित्यलगायत विविध योगदानको चर्चा-परिचर्चा विभिन्न पत्रपत्रिका र पुस्तकहरूमा खोज अनुसन्धान भएको पाइँदैन । उनका बारेमा लेखिएका र पाइएका केही छिटपुट विद्युतीय पत्रिकामा समालोचनात्मक लेखहरू प्रकाशित भएका छन् । ती लेखोटहरूको सहयोग लिई *ऐलानी* उपन्यासको समालोचना गर्ने तथा साहित्यिक मूल्य निरूपण गर्ने उद्देश्यले ती उपलब्ध प्रकाशित सामग्रीहरूलाई कालक्रमिक विवरण सङ्क्षिप्त रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

"ऐलानी किन पढ्ने" शीर्षकको अन्तर्वार्तामा स्वयम् आख्यानकारले यो उपन्यास समाजमा छोपिएको एउटा अस्पष्ट चित्रको प्रारूप हो भन्दै यस अन्तर्वार्तामा *ऐलानी* उपन्यासले त्यस चित्रलाई स्पष्ट पार्ने प्रयत्न गरेको स्वीकार गर्दै समाज र राज्यबाट हेपिएका, चेपिएका, अलग्गै दुनियाँका झैँ लाग्ने र मान्छे भएर पनि मान्छेको जुनी बाँच्न नपाएका वादी समुदायको कथा नै यस उपन्यासमा विषय बनाइएको कुरा बताएका छन् । उनको यस लेखले उपन्यासपठनका लागि कौतुहलता प्रदान गरेको छ (ओझा, सन् २०१८ : पृ. उल्लेख नभएको अनलाइनबाट प्राप्त सामग्री) । यस पूर्वकार्यको

अध्ययनबाट गर्न लागिएको शोधकार्यमा खासै केही उपलब्धि प्राप्त नभए पनि उपन्यास र वादी समुदायको बारेमा आंशिक रूपमा मात्र जानकारी प्राप्त गर्न सकियो ।

"कथा खोजिरहेको मेरो मस्तिष्कले एकाएक वादी वस्ती याद गऱ्यो" शीर्षकमा यज्ञराज जोशीले *ऐलानी* उपन्यासका लेखक विवेक ओझसँग गरेको अन्तर्वार्ताका संवादलाई प्रस्तुत गरेका छन् । यस अन्तर्वार्तामा छलिएका, लुकेका दृश्यहरू उजागर गर्दै सुदूरपश्चिमाञ्चलको एकदमै पिछडिएको वादी समाजलाई उनीहरूको आर्थिक, सामाजिक अवस्थाका माध्यमबाट चिनाउन यो उपन्यास लेखिएको स्वीकार गर्दै उपन्यासकारले वादी समुदायका महिलाहरूले जीविकोपार्जनका लागि देहव्यापार गर्नुपर्ने बाध्यता, उनीहरूको प्रेममाथिको दृष्टिकोण, सामाजिक मूल्य, मान्यता र जीवनदर्शन केलाउने कोसिसका रूपमा *ऐलानी* उपन्यास रचना भएको बताएका छन् (ओझा, २०७४ : पृ. उल्लेख नभएको अनलाइनबाट प्राप्त सामग्री) । यस पूर्वकार्यको अध्ययनबाट पनि गर्न लागिएको शोधकार्यमा उपन्यासमा प्रस्तुत गरिएको क्षेत्रका वादी समुदायको आर्थिक र सामाजिक अवस्थाका साथै वादी महिलाहरूको बारेमा सामान्य जानकारी प्राप्त भएको छ ।

"वादी पीडा" शीर्षकलेखमा विवेक ओझद्वारा रचित *ऐलानी* उपन्यासमा नेपालको पश्चिमाञ्चल क्षेत्रको वादी समुदायमा देखिएका, नदेखिएका संवेदनशील कथाहरू प्रस्तुत छन् भन्दै वादी समुदायको दुःख, यथार्थ र विगतलाई मनोवैज्ञानिक आवरणमा अभिव्यक्त दिइएको र आञ्चलिकता कायम रहेको निष्कर्ष दिपेश नेपालले निकालेका छन् (नेपाल, २०७४ : पृ. उल्लेख नभएको) । यस पूर्वकार्यको अध्ययनबाट पनि गर्न लागिएको शोधकार्यमा उपन्यासमा प्रस्तुत गरिएको क्षेत्रका वादी समुदायको दुःख, यथार्थ र विगतका साथै उनीहरूको मनोवैज्ञानिक अवस्थाको बारेमा सामान्य जानकारी प्राप्त भएको छ ।

"पाठकका दृष्टिमा ऐलानी" शीर्षकलेखमा टीका सापकोटाले एउटी वदिनीको ओठ चोखो हुने तर हात भने जुठो हुने प्रवृत्ति तथा समाजका ठूला भनाउँदाहरूको खुसीका लागि आफ्नो सारा जीवन र अस्तित्व अर्पण गरिरहेका वादी नारीहरूको दर्दनाक व्यथाले भरिएको यथार्थलाई *ऐलानी* यथार्थवादी उपन्यासमा दर्शाइएको बताउँदै नारी मनोविज्ञान र वादी समुदाएको उत्थानका लागि वकालत गरिएको *ऐलानी* महत्त्वपूर्ण सामाजिक उपन्यास रहेको कुरा उल्लेख गरेकी छिन् (सापकोटा, सन् २०१८ : पृ. उल्लेख नभएको) । यस पूर्वकार्यको अध्ययनबाट वादी समुदायलाई अन्य ठूला वर्गका मानिसहरूले हेर्ने दृष्टिकोण र त्यस क्षेत्रका महिलाहरूको दर्दनाक अवस्थाको बारेमा जानकारी प्राप्त भएको छ ।

“एक अन्तर्वार्ता : ऐलानी उपन्यास र लेखक विवेक” शीर्षकको अन्तर्वार्तामा स्वयम् उपन्यासकारले कुनै पनि एक वादको चस्मा लगाएर गरिने आलोचना साहित्यका लागि क्यान्सर हो भन्दै उपन्यसका सन्दर्भमा गरिएका आलोचनाद्वारा दीर्घकालीन अर्थ निकाल्न सकिँदैन भन्ने विचार व्यक्त गर्दै आफ्नो उपन्यास वादी समुदायको जीवनवृत्त भएको स्वीकार गरेका छन् (ओझा, २०७४ : पृ. उल्लेख नभएको अनलाइनबाट प्राप्त सामग्री) । यस पूर्वकार्यको अध्ययनमा गर्न लागिएको शोधकार्यका लागि खासै जानकारी प्राप्त गर्न सकिएको छैन ।

“भोकको अनुहार”. शीर्षकको लेखमा कुमारी लामाले वादीहरू त्यस पेसाबाट अलग भएर अन्य पेसा व्यवसायमा लागेर सम्मानजनक जीवन बाँचिरहेको समयमा उपन्यासका पात्रहरूमा थोरै पनि परिवर्तन नदेखिएको बताउँदै आशाको सञ्चार गराउन नसक्दा *ऐलानी* उपन्यास केवल वादीहरूको पीडाको दस्ताबेज मात्र भएको उल्लेख गरेकी छिन् (लामा, २०७४ : पृ. उल्लेख नभएको अनलाइनबाट प्राप्त सामग्री) । यस पूर्वकार्यको अध्ययनबाट प्रस्तुत गरिएको वादी समुदायमा कुनै पनि प्रकारको परिवर्तन नआएको निष्कर्ष निकालिएको छ र यस अध्ययनमा कुनै प्रकारको सहयोग पुगेको देखिँदैन ।

“वादी पीडाको दस्तावेज” शीर्षकलेखमा सविता विमलीले २००७ सालको क्रान्ति वरिपरिको समयदेखि हालसम्मको समयको चित्र खिचिएको यस उपन्यासमा अनेक आन्दोलन र परिवर्तनबाट पनि वादी समुदायको नियति र भोगाइ नफेरिएको यथार्थचित्रण *ऐलानी* उपन्यासमा प्रस्तुत भएको निष्कर्ष व्यक्त गरेकी छिन् (विमली, २०७४ : पृ. उल्लेख नभएको अनलाइनबाट प्राप्त सामग्री) । यस पूर्वकार्यको अध्ययनमा पनि देशमा आएका विभिन्न प्रकारका आन्दोलनबाट वादी समुदायमा कुनै पनि प्रकारको परिवर्तन नआएको निष्कर्ष निकालिएको छ । यसबाट पनि अध्ययनमा कुनै प्रकारको सहयोग पुगेको देखिँदैन ।

रेन्डोमपिल्ग्रिमले आफ्नो ब्लग ‘‘नेसन्स र इमोसन्स’’ मार्फत यस उपन्यासका उपन्यासकारबाट समाजका थुप्रै कथाहरू विभिन्न पात्रहरूलाई समावेश गराएर पस्कन खोजेको भन्दै सुदूरपश्चिमाञ्चलका वादी जातिहरूको आर्थिक-सामाजिक व्यवस्था मात्रै होइन रूढिग्रस्त समाजको सफल चित्रण गर्न उपन्यासकार ओझा सफल भएको टिप्पणी गरेका छन् । (रेन्डोमपल्ग्रिम, सन् २०१८ : पृ. उल्लेख नभएको अनलाइनबाट प्राप्त सामग्री) । यस पूर्वकार्यको अध्ययनबाट वादी समाजको सामान्य जानकारी प्राप्त भएकोले खासै उल्लेख्य भूमिका खेलेको छैन ।

“प्रभुत्वशालीको अनुहार” शीर्षक लेखमा ज्ञानु अधिकारीले नारीमाथि सहानुभूति देखाउने उद्देश्यबाट सृजना भएको *ऐलानी* उपन्यासलाई नारीयौन, नारीशरीर, नारीसंवेदनामाथि अनुमानित फूलबुट्टा भरेर तयार पारिएको आख्यान भनेकी छिन् । पुरुष मनोविज्ञानको एकछत्र प्रभाव रहेको देख्ने अधिकारीले यस उपन्यासको सफलता पुरुष मानसिकतालाई यथार्थ ढङ्गले प्रस्तुत गर्नु हो भन्दै अत्यधिक बिम्बको प्रयोगले उपन्यासको भाषा कलात्मक भए तापनि बोझिलो र कृत्रिम हुनपुगेको ठहर गरेकी छिन् (अधिकारी, २०७४ : पृ. उल्लेख नभएको अनलाइनबाट प्राप्त सामग्री) । यस पूर्वकार्यको अध्ययनबाट गर्न लागिएको शोधकार्यमा वादी महिलाहरूको यौनजीवन र नारीसंवेदनाको बारेमा साधारण जानकारी प्रस्तुत गरिएकोले यसै सम्बन्धमा अध्ययन गर्न आंशिक सहयोग पुगेको छ ।

प्रसन्न घिमिरेले “*ऐलानी* उपन्यासको विश्लेषण” शीर्षकलेखमा वादी समुदायको आफ्नै कथा, व्यथा भएकाले त्यसलाई अभिनन्दन गर्न *ऐलानी* उपन्यास लेखिएको छ भने आञ्चलिकताको मिठो परिवेश पाएको यो उपन्यास प्रेममाथि गरिएको डिस्कोर्स हो भन्ने ठहर गरेका छन् (घिमिरे, २०७५ : पृ. उल्लेख नभएको अनलाइनबाट प्राप्त सामग्री) । यस पूर्वकार्यको अध्ययनमा पनि वादी समुदायको बारेमा सामान्य जानकारी प्रस्तुत गरिएकाले यसबाट पनि सामान्य सहयोग मात्र पुगेको छ ।

*ऐलानी* उपन्यासमा रहेका सामाजिक यथार्थ, नारीवाद आदिका केही मात्रामा टिप्पणी भएको पाइए तापनि यथार्थवादमा आधारित भएर कुनै शोधकार्य र अध्ययन भएको छैन । नारीलाई केवल वासनापूर्तिका साधन मात्र सोच्ने, उनीहरू केवल देहव्यापारकै लागि हुन् भन्ने ठान्ने र धनाढ्यका इसारामा चल्नुपर्ने स्थिति वादीसमुदायमा व्यापक रूपमा जस्ताको तस्तै आजका दिनमा पनि रहिरहेको छ । यसै कुरालाई यथार्थपरक ढङ्गले यस उपन्यासमा उतारिएको छ । सामाजिक सचेचताका निम्ति पनि यथार्थवादी दृष्टिकोणका आधारमा *ऐलानी* उपन्यासको अध्ययन-विश्लेषण गरिनु वाञ्छनीय देखिन्छ ।

## १.५ शोधकार्यको औचित्य

समाजमा भएगरेका विविध घटनाहरूलाई साहित्यका विभिन्न विधाको माध्यमबाट आवश्यक अलङ्कार, बिम्ब र प्रतीकहरूको प्रयोग गरेर समाज रूपान्तरण गर्ने लक्ष्यका साथ साहित्य सृजना गरिरहेको हुन्छ । यसै परिप्रेक्ष्यमा नेपाली साहित्य एक साहित्यकार हुन् विवेक ओझा । ‘यथार्थवादी दृष्टिकोणबाट *ऐलानी* उपन्यासको अध्ययन’ यथार्थवादमा आधारित रहेर गरिने भएकाले यथार्थवादी चिन्तनमा चासो देखाउने विद्यार्थीहरूका निम्ति औचित्यपूर्ण रहेको छ । उपन्यासको अध्ययनमा

कृतिकेन्द्रित यथार्थवादी दृष्टिकोण पाठक, अन्वेषक समक्ष ल्याउने कम गर्नु आफैमा औचित्यपूर्ण भएकाले यसको महत्त्व प्रस्ट हुन्छ । यस अध्ययन, अनुसन्धानबाट यथासम्भव कृतिमा रहेको यथार्थवादको सही मूल्याङ्कन र कदर भएको मानिने छ र भावी दिनमा यसै विषयसँग सम्बन्धित भएर खोज, अध्ययन र अनुसन्धान गर्न चाहनेहरूका लागि यो शोधपत्र भविष्यमा मार्गदर्शक साबित हुने देखिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य यथार्थवादी दृष्टिकोणबाट *ऐलानी* उपन्यासको अध्ययन मूल विषयमा केन्द्रित रहेको छ । यथार्थवादी दृष्टिका आधारमा कृतिलाई हेरिने हुँदा यो अध्ययन यथार्थवादमा मात्र आधारित रहेको छ । त्यसैले यसमा उपन्यासको यथार्थवादी पक्षबाहेक अन्य पक्षलाई समावेश गरिएको छैन ।

## १.७ सामग्रीसङ्कलन विधि

प्राथमिक स्रोतका रूपमा सम्बद्ध उपन्यास र द्वितीयक स्रोतका रूपमा अनुसन्धेय विषयसँग सम्बद्ध पत्रपत्रिका, पुस्तक, विद्युतीय सामग्रीहरूमा प्रकाशित भएका परिचय, अनुसन्धानात्मक लेख, समीक्षा, समालोचना, टिप्पणी आदिबाट पनि सामग्री सङ्कलन गरिएको छ । यसका लागि पुस्तकालयीय विधिलाई अवलम्बन गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

यथार्थवादसँग सम्बन्धित सैद्धान्तिक आधार एवम् अवधारणात्मक परिसूचकहरूको निर्माण गरी अनुसन्धानात्मक कार्यविधिको उपयोग गरिएको छ । यसमा वैज्ञानिक, वस्तुपरक, विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्रलाई संगिठत र सुव्यवस्थित रूपमा सम्पन्न गर्नका लागि निम्नानुसार परिच्छेदमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपरिचय

यस परिच्छेदमा विषयपरिचय, समस्याकथन, शोधकार्यका उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्रीसङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि, शोधपत्रको रूपरेखा आदि विषयहरू प्रस्तुत गरिएको छन् ।

परिच्छेद दुई : यथार्थवादी समालोचनाको स्वरूप

यस परिच्छेदमा विषयप्रवेश, यथार्थवादको व्युत्पत्तिगत अर्थ, यथार्थवादको पृष्ठभूमि, प्रवर्तन र प्रवर्धन, यथार्थवादी समालोचनाका आधारभूत मान्यताहरू, यथार्थवादका मुख्य भेद, यथार्थवादी समालोचनाका शक्ति र सीमा, निष्कर्ष आदि विषयहरू प्रस्तुत गरिएका छन् ।

परिच्छेद तीन : *ऐलानी* उपन्यासमा यथार्थवादको प्रयोग

यस परिच्छेदमा विषयप्रवेश, *ऐलानी* उपन्यासमा प्रयुक्त सामाजिक यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद, निष्कर्ष आदि विषयहरू प्रस्तुत गरिएका छन् ।

परिच्छेद चार : *ऐलानी* उपन्यासको योगदान

यस परिच्छेदमा विषयप्रवेश, विविध उपशीर्षकहरूमा *ऐलानी* उपन्यासको योगदान र अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

परिच्छेद पाँच : उपसंहार

यस परिच्छेदमा उपसंहार तथा समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

उपर्युक्त परिच्छेदहरूलाई आवश्यकताअनुसार संशोधित, परिवर्तित र परिबर्द्धित गरी विभिन्न शीर्षकोपशीर्षकहरू राखेर प्रस्तुत गरिनुका साथै शोधको अग्रभागमा चिह्न तथा सङ्क्षिप्त शब्दसूचीसहित स्वीकृतिपत्रादि र पश्चभागमा सन्दर्भसूचीसमेत समावेश गरी यथासम्भव साङ्गोपाङ्ग शोधपत्र प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# यथार्थवादी समालोचनाको स्वरूप

## २.१ विषयपरिचय

नेपाली साहित्य समालोचनाको परम्परामा यथार्थवाद पाश्चात्य साहित्यपरम्पराबाट भित्रिएको मानिन्छ । साहित्यिक आन्दोलनका रूपमा यथार्थवादको प्रवर्तन र विकास उन्नाइसौँ शताब्दीको उत्तरार्धमा भएको पाइए तापनि यसको पृष्ठभूमिका रूपमा प्लेटोदेखि नै यसको उल्लेख भएको पाइन्छ । यथार्थवाद शब्दको प्रथम प्रयोग सन् १९२६ मा भएको पाइन्छ (शर्मा र लुइटेल, २०६७ : पृ. २९६) । साहित्यमा यथार्थवादको प्रारम्भिक प्रयोग बेलायती उपन्यासकार ड्यानियल डिफोका उपन्यास रोबिन्सन क्रुसो (१७१९) र मोल फ्ल्यान्डर्स (१७२२) मा तथा हेनरी फिल्डिङको *द हिस्ट्री अफ टोम जोन्स* (१७४९) कृतिमा पाइए तापनि यसका वास्तविक प्रयोगकर्ता फ्रान्सेली उपन्यासकार बाल्जाकको कमेडी ह्युमेन (१८२७-१८४७) का विभिन्न शृङ्खलाहरूमा साथै स्टेन्धालका उपन्यासहरूमा भएको मानिन्छ (शर्मा र लुइटेल, २०६७ : पृ.२९६) । यसकारण बाल्जाक र स्टेन्धाललाई यथार्थवादका अग्रदूतका रूपमा गणना गरिएको छ । यस परिच्छेदमा विषयप्रवेश, यथार्थवादको व्युत्पत्तिगत अर्थ, यथार्थवादको पृष्ठभूमि र प्रवर्धन, यथार्थवादी समालोचनाका आधारभूत मान्यताहरू, यथार्थवादका मुख्य भेद, नेपाली उपन्यासमा यथार्थवादी धारा, यथार्थवादी समालोचनाका शक्ति र सीमा, निष्कर्ष आदि विषयहरू प्रस्तुत गरिएका छन् ।

## २.२. यथार्थवादको व्युत्पत्तिगत अर्थ

'यथा' र 'अर्थ' को योग भएर 'यथार्थ' (ना.) शब्दनिर्माण भएको छ । जस्तो छ त्यस्तै बोध हुनु भन्ने अर्थमा यथार्थ शब्दको निर्माण भएको छ । *नेपाली वृहत् शब्दकोश*का अनुसार :

> "यथार्थ भन्नाले 'जस्तो हुनुपर्थ्यो त्यस्तै, जस्ताको तस्तै, ठीक, उचित, सही, साँचोपन, सत्य, खास, वास्तविकता' भन्ने अर्थबोध भएको छ । यथार्थवाद भन्नाले वस्तुजगत्को अस्तित्वलाई नै सर्वेसर्वा स्वीकार गर्ने एक दार्शनिक मत, वस्तुसत्यमा विश्वास राख्ने एक अनिश्वरवादी सिद्धान्त, जीवन र जगत्का बिचका सम्बन्धले मान्छेका जीवनमा

देखापर्ने र वास्तविकतालाई जस्ताको त्यस्तै रूपमा प्रस्तुत गर्ने साहित्यिक मूल्यलाई बुझिएको छ" । (बन्धु, २०६९ : पृ. १०४२)

नेपाली साहित्यक्षेत्रमा देखिएको 'यथार्थवाद' शब्द अङ्ग्रेजी 'रियालिज्म'को नेपाली रूपान्तर हो । ल्याटिनको 'रेस' धातुबाट व्युत्पन्न 'रियल' शब्दमा इज्म प्रत्यय लागेर 'रियलिज्म' शब्दको निर्माण भएको छ । रेसको अर्थ वस्तु भन्ने हुन्छ । यसै आधारमा यथार्थलाई वस्तुसत्य मानिन्छ र यथार्थवाद वस्तुसत्यतामा आधारित हुने (शर्मा र लुइटेल, २०६७ : पृ. २९४) हुँदा यो नामकरण गरिएको देखिन्छ । यथार्थवादको बारेमा "जीवनका वास्तविकतालाई कथावस्तुका माध्यमबाट टपक्क टिपेर राखिदिने काम यथार्थवादी स्रष्टाको काम हो । समाजका विद्यमान दुःख, सुख, उकाली, ओराली, सग्ला, उल्टा-सुल्टा पाटा तथा पीर, व्यथा, वेदना, छटपटी, उकुस-मुकुस आदिलाई प्रकट गर्ने काम यसमा हुन्छ (लामिछाने र लामिछाने, २०७८ : पृ. २३२) । साहित्यका क्षेत्रमा यथार्थवादको प्रयोग जीवन र जगत्को वस्तुपक्षको जस्ताको त्यस्तै चित्रण गर्ने सिद्धान्तका रूपमा गरिएको छ । जीवन र जगत्मा देखिएका वास्तविकतालाई जस्ताको तस्तै साहित्यमा उतार्ने साहित्यिक मान्यताका साथ यथार्थवाद देखा परेको छ । समाजको वास्तविक स्थितिको यथार्थपरक चित्रण गर्ने कृति वा कृतिकारलाई (शर्मा र लुइटेल, २०६७ : पृ. २९४) नै यथार्थवादी भनिन्छ ।

माथिका परिभाषाहरूलाई हेर्दा अर्थलाई नबिगारिकन जस्तो छ त्यस्तै तवरले प्रस्तुत गर्नु अर्थात् यथार्थ जस्तो छ ठिक त्यस्तै भन्नु नै यथार्थवाद हो भन्न सकिन्छ । अर्को शब्दमा इन्द्रिय-प्रत्यक्षबाट वस्तुका बारेमा प्राप्त हुने ज्ञान नै यथार्थ हो र त्यही यथार्थसम्बन्धी सिद्धान्त नै यथार्थवाद हो ।

## २.३ यथार्थवादको पृष्ठभूमि प्रवर्तन र प्रवर्धन

हरेक कार्यको सुरुवात तथा अन्त्य हुनका लागि कारणले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसलाई कार्यकारण भाव पनि भनिन्छ । यथार्थवादको सुरुवात हुनका लागि पनि स्वच्छन्दवाद, आदर्शवाद, प्रभाववाद तथा अभिव्यञ्जनावाद कारणका रूपमा देखिएका छन् (शर्मा र लुइटेल, २०६७ : पृ. २९४) । साहित्यिक आन्दोलनका रूपमा यथार्थवादको प्रवर्तन र विकास उन्नाइसौँ शताब्दीको उत्तरार्धमा भएको पाइए पनि यसको पृष्ठभूमिका रूपमा प्लेटोदेखि नै यसको उल्लेख भएको पाइन्छ । यस सन्दर्भमा प्लेटाका 'विचारहरू नै यथार्थ हुन्' (ओन्ली आइडियाज् आर रियल) भनेर यथार्थतर्फ सङ्केत गरेका छन् ।

यथार्थवाद (रियलिज्म) शब्दको प्रथम प्रयोग सन् १८२६ मा प्रकाशित *मक्युरी फ्रेन्साइस ड्यु सिक्स साइकल*मा भएको हो । यसमा यथार्थवादको प्रयोग प्रकृतिको हुबहु नक्कल तथा साहित्यिक कृतिमा

सत्यको उद्घाटन भन्ने अर्थमा गरिएको छ । सन् १८५७ मा प्रकाशित "स्याम्फ्लेरको लि रियलिज्म" शीर्षकको लेखलाई यथार्थवादको घोषणापत्र मानिन्छ । यस घोषणापत्रमा लेखकीय अभिव्यक्तिको इमान्दारी तथा निम्नवर्गीय सामाजिक जीवनको यथार्थतथ्य चित्रण (शर्मा र लुइटेल, २०६७ : पृ. २९६) लाई विशेष जोड दिइएको छ ।

रचनाभित्र घटाइएका घटनाहरू वा कुराहरू यथार्थमा घटेका वा घट्न सक्ने हुनु आवश्यक छ । यस सन्दर्भमा हेर्दा एमिल जोलाको उपन्यास *नाना* अत्यन्त चाखलाग्दो र स्त्री समस्यालाई लिएर लेखिएको छ । यसका सम्पूर्ण घटनाहरू यथार्थ छन् (गैरे, २०७६ : पृ. १८) ।

समग्रमा भन्नुपर्दा यथार्थवादको सुरुवातको कारणमा स्वच्छन्दवाद, आदर्शवाद, प्रभाववाद तथा अभिव्यञ्जनावाद देखिएका छन् । यस वादको सुरुवात उन्नाइसौँ शताब्दीको उत्तरार्ध र पृष्ठभूमिका रूपमा प्लेटो हुन् भन्न सकिन्छ ।

### (क) आदर्शोन्मुख यथार्थवादी धारा

नेपाली साहित्यमा आधुनिक नेपाली उपन्यासको आरम्भ आदर्शोन्मुख यथार्थवादी धारा रुद्रराज पाण्डेको *रूपमती* (१९९१) उपन्यास) बाट भएको मानिन्छ । *रूपमती*बाट सुरू भई हालसम्म पनि आदर्शोन्मुख यथार्थवादी धारामा उपन्यासहरू लेखिँदै आएका छन् । कल्पनाको अतिरञ्जनामा उडेर औपन्यासिक सृजनामा लाग्ने मध्यकालीन प्रवृत्तिलाई पन्छाउँदै यथार्थवादी चित्रणपद्धतिको अवलम्बन गरेर उद्देश्यका रूपमा आदर्शको स्थापना गर्नु यसको पहिचान रहेको छ । आदर्शोन्मुख यथार्थवादी धाराको बारेमा "आदर्शवादी जीवनदृष्टि र यथार्थवादी कला प्रयोग गरेर लेखिएका साहित्यिक कृतिमा आदर्शोन्मुख यथार्थ पाइन्छ । उद्देश्यका रूपमा आदर्शको स्थापना गर्नु तर चित्रणको पद्धतिचाहिँ यथार्थ हुनु यसको मूल विशेषता हो" (बराल र एटम, २०५८ : पृ. ९८) भनी आफ्नो धारणा प्रकट गरेका छन् ।

खराब गर्नेलाई भगवान्ले दण्ड र राम्रो गर्नेलाई पुरस्कार दिन्छन् भन्ने देखाउनु र त्यसको पुष्टिका लागि यथार्थ घटना सृजना गरी वर्णन गर्नुलाई आदर्शोन्मुख यथार्थवाद मानिएको छ । आदर्शोन्मुख यथार्थवादी उपन्यास आदर्श र मर्यादाका पाठहरू पढाउने उद्देश्य राखी पुरुषको अन्याय, पारिवारिक कलह, कुलतबाट हुने अधोगति देखाउने, आदर्श व्यक्तिको सहनशीलता जस्ता नैतिक सीमामा बाँधिएर लेखिएका छन् । यस्ता महत्त्वपूर्ण कृतिहरूमा रुद्रराज पाण्डेको *रूपमती* (१९९१), *चम्पाकाजी* (१९९३), *प्रायश्चित्त* (१९९३), *प्रेम* (२००५), काशीबहादुर श्रेष्ठको *उषा* (१९९५) र *वचन* (२००१), पद्मराज मिश्रको *रजबन्धकी* (१९९६) र *रामकृष्ण कुँवर राणा* (१९९९), मोहनबहादुर मल्लको

*समयको हुरी* (२०१५) आदि रहेका छन् (प्रधान, २०५२ : पृ. ७७) भने हालसम्म पनि यस धारामा उपन्यासहरू सृजना भइरहेका छन् ।

निष्कर्षमा सत्यको विजय र असत्यको पराजय, परोपकारीको उन्नति र दुष्टको दुर्गति, महान् आदर्शको स्थापनाको लक्ष्य राखिनु, अनुकरणीय चरित्रको सृजना गर्नु दैवी चमत्कार वा नियतिमाथि भर पर्नु, मानिसको मन परिवर्तन भएर सामाजिक कल्याणमा लाग्छ भन्ने देखाउनु, उपदेश प्रेरणाको रूपमा प्रकट हुनु, बाह्य यथार्थचित्रणमा इन्द्रिय र सत्यलाई प्राथमिकता दिनु, सामाजिक परिवेश र घटनाको वास्तविकतामा आधारित भएर उद्घाटन गर्नु सरल र बोलीचालीको भाषा प्रयोग गर्नु जस्ता आदर्शोन्मुख यथार्थवादी धाराका प्रमुख प्रवृत्तिहरू मानिएका छन् । आदर्शवादी यथार्थवादको विरोधस्वरूप स्वच्छन्दतावादी धाराको थालनी भएको छ ।

(ख) सामाजिक यथार्थवादी धारा

सामाजिक जीवनका यावत् पक्षको यथार्थवर्णन वा चित्रण सामाजिक यथार्थवाद हो । सामाजिक यथार्थवादी उपन्यासले समकालीन घटना वा परिस्थितिको चित्रणमा जोड दिएको हुन्छ । समाज र साहित्यलाई सूक्ष्म रूपमा अन्तर्सम्बन्धित बनाउने आन्दोलनका रूपमा पाश्चात्य साहित्यमा विभिन्न आन्दोलन, सिद्धान्त आदिका प्रभावका कारण यथार्थवादको थालनी भएको पाइन्छ । इन्द्रियग्राह्य र लौकिक संसारलाई सत्य ठान्ने यथार्थवाद वस्तुपरक र आधुनिक जीवनदृष्टि हो । "स्वाभाविक कथानक प्रस्तुतिमा सत्यता र विश्वसनीय निष्कर्ष सामाजिक यथार्थवादी उपन्यास लेखनले अवलम्बन गरेको पहिचान हो । आञ्चलिकतको प्रस्तुतीकरणले पनि सामाजिक यथार्थको चित्रणमा महत्त्वपूर्ण योगदान गरेको हुन्छ (बराल र एटम, २०५८ : पृ. १०६) । नेपाली उपन्यासमा रूद्रराज पाण्डेको *रूपमती* (१९९१)बाटै आंशिक रूपमा सामाजिक यथार्थवादको प्रारम्भ भएको पाइए तापनि सामाजिक यथार्थवादी धारामा रचना गरिएको नेपाली भाषाको पहिलो उपन्यास लैनसिंह वाङ्देलको *मुलुकबाहिर* (२००४) हो । यस धारामा लेखिएका अन्य उपन्यासहरूमा लैनसिंह वाङ्देलकै *माइतीघर'* (२००६), लीलबहादुर क्षेत्रीको *बसाइँ* (१०१४), शङ्कर कोइरालाको *खैरेनीघाट* (२०१०), तुलसीराम कुँवरको *रने* (२०१८) केशवराज पिँडालीको *बाँच्ने एउटा जिन्दगी* (२०४३), भवानी भिक्षुको *आगत* (२०३२), धनुषचन्द्र (धच) गोतामेको *घामका पाइलाहरू* (२०३५) र *यहाँदेखि त्यहाँसम्म* (२०४२), चेतन कार्कीको *हनिमुन* (२०२५), निर्मोही व्यासको *एलबमका पानाहरू* (२०४३), गोविन्दराज भट्टराईको *मुगलान्* (२०३१), *मणिपुरको चिठी* (२०३४) आदि रहेका छन् । यस धारामा सबैभन्दा बढी उपन्यासहरू लेखिएका छन् (प्रधान, २०५५ : पृ. १२३) । समाजमा परिवर्तन

गर्न खोज्ने उपन्यासहरू यस धारामा रहेका छन् । समाजमा व्याप्त दुराचार, आडम्बर, तथाकथित धर्मकर्म, रीतिरिवाजका नामबाट तल्लो जाति र वर्ग, निम्नवर्गीय चरित्र आदिलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने प्रयत्न गरिएको देखिन्छ । समाजमा कथ्य भाषाको प्रयोग गर्नु, समाज जस्तो छ त्यस्तै प्रयोग गर्नु, गरिबी र पीडाको उदासी यथार्थ चित्रण गर्नु, समाज र मान्छेको सम्बन्धलाई केलाएर हेर्नु महत्त्वहीन ठानिएका ठाउँ, घटना र पात्रहरूको सूक्ष्म विश्लेषण गर्नु प्रकृतिको चित्रात्मकतामा जोड दिनु, प्रस्तुतीकरणमा यथार्थको प्रभाव दिनु, स्थानीय सामाजिक दृश्य र समयको संयोजन गर्नु, समकालीन घटना र परिस्थितिको चित्रण गर्नु आदि यस धाराका प्रमुख प्रवृत्तिहरू रहेका छन् ।

(ग) ऐतिहासिक यथार्थवादी धारा

ऐतिहासिक उपन्यास इतिहाससँग सम्बन्धित हुन्छ । इतिहास यथार्थ होस् वा कुनै ऐतिहासिक कालका कुनै व्यक्तिविशेषलाई प्रमुख पात्र बनाएर वा कुनै त्यस बेलाको समयलाई प्रमुख स्थान दिएर लेखिएको होस् त्यस्ता उपन्यासहरू ऐतिहासिक उपन्यास मानिएका छन् । ऐतिहासिक उपन्यास इतिहासको तिथिमिति भने होइन । यस्ता उपन्यासमा ऐतिहासिकताभित्र घटित कालिक समाज, जीवनको सत्य साक्षात्कारतर्फ उन्मुख हुनुपर्दछ । त्यस्ता घटनालाई कल्पनाका सहायताले देखाइएको हुन्छ । “ऐतिहासिक घटना व्यक्ति वा परिवेशलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्दछ । यसमा स्वतन्त्र कल्पनाको पनि स्थान रहन्छ अन्यथा कृति अभिलेख वा दस्तावेज मात्र हुन सक्छ” (बराल र एटम, २०५८ : पृ. ११२) ।

टुकराज-पद्मराज मिश्रका *रजबन्धकी* (१९९३) र *रामकृष्ण कुँवर राणा* (१९९९) हुँदै देखापरेको यस धाराले डायमन शमशेर राणाको *वसन्ती* (२००६) मा आइपुगेपछि पूर्णता पायो । *वसन्ती* (२००६) बाट सुरू भएको यस धारामा लेखिएका उपन्यासहरू राणाकै *सेतोबाघ* (२०३०), *प्रतिबद्ध* (२०३४), *सत् प्रयास* (२०३८) र *अनिता* (२०४३), केशवराज पिँडालीको *एकादेशकी महारानी* (२०२६), खगेन्द्र के.सी.को *खानदान* (२०३५), सुन्दरप्रसाद शाहको *प्रतिवाद* (२०४०) आदि रहेका छन् । यस्ता उपन्यासहरूमा श्रीकृष्ण श्रेष्ठको *जङ्गबहादुर* (२०५१) र सुन्दरबहादुर दुःखीको *बहादुर शाह* (२०५३) लाई महत्त्वपूर्ण मानिएको छ (जोशी, २०६३ : पृ. ५९) ।

ऐतिहासिक घटनालाई स्थान दिनु, विश्वसनीय ढाँचामा यथार्थको भ्रम सृजना गर्नु, इतिहासको परिवेशको उचित संयोजन गर्नु, लेखकले तटस्थ भूमिका खेल्नु, भाषामा र संवादमा सापेक्षता र स्वाभाविकताको मात्रा बढी पाइनु, घटना तथा चरित्रलाई उस्तै राख्नु आदि यस धाराका मूल प्रवृत्तिहरू रहेका छन् ।

## २.४ यथार्थवादका आधारभूत मान्यता

कुनै पनि सिद्धान्त स्थापित हुनका लागि त्यसका मान्यताहरूले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । त्यस्तै यथार्थवादका पनि आफ्नै प्रकारका मान्यताहरू रहेका छन् । यथार्थका रूपमा विद्यमान भौतिक जगत्लाई कसैले बनाउन, बिगार्न वा परिवर्तन गर्न सक्दैन । यस भौतिक जगत्लाई निरपेक्ष निरीक्षणद्वारा देख्न, बुझ्न र पारख गर्न सकिन्छ । मानसिक व्यक्तिगत वा सामूहिक सबै प्रतिक्रियाहरूमा बुद्धिद्वारा प्राप्त ज्ञान सहायक हुन्छ भन्ने सोच राख्नु यथार्थवादका मुख्य मूलभूत स्थापनाहरू रहेका छन् । यिनै मूलस्थापनामा आधारित रही यथार्थवादले आफ्ना प्रमुख मान्यता वा प्रवृत्तिहरूको स्थापना गरेको छ (शर्मा र लुइटेल, २०६७ : पृ. २९७) । यथार्थवादले निर्धारण गरेका मान्यताहरू निम्नलिखित रहेका छन् :

यसले वस्तुजगत्लाई यथार्थ र वास्तविक मानी त्यही वस्तुजगत् वा सामाजिक वस्तु यथार्थको अभिव्यक्त गर्दछ । सामाजिक यथार्थको यस्तो वस्तुजगत्को चित्रण यसको प्रमुख मान्यता हो । यसले भौतिक जगत्को वास्तविकता वा सामाजिक यथार्थको तथ्यपरक चित्रण पूरै इमान्दारिताका साथ गर्दछ । समाजमा भएका कुरालाई ठीक त्यस्तै चित्रण गर्ने प्रक्रियालाई अभिव्यक्तिको इमान्दारी भनिन्छ । यो वस्तुजगत्सँग सम्बद्ध भएकाले यसको जीवनदृष्टि वैज्ञानिक र बौद्धिक हुन्छ । यसले मानवीय जीवनका सबलता-दुर्बलता, आशा-निराशा दुवैका समान र सन्तुलित चित्रण गर्दछ । यसले अलौकिक सत्यतामा नभई लौकिक सत्यमा विश्वास गर्ने भएकाले सौन्दर्यको चित्रण गर्दा सुन्दर तथा असुन्दर दुवै पक्षको समन्वय गर्छ र असुन्दर वा निकृष्ट पक्षको पनि त्याग गर्दैन । यसले साहित्यको विषयवस्तुका रूपमा समसामयिक जीवन, समाज, घटना, समस्या, व्यक्तिको वास्तविकतासँग गाँसिएका सन्दर्भहरू टिप्छ । यसले खासगरी निम्न र मध्यमवर्गीय व्यक्तिको जीवनलाई प्रस्तुत गर्दछ । यसले नैतिकता, औपदेशिकताजस्ता आदर्शवादी पक्षहरूको विरोध गरी यथार्थ पक्षको सुहाउँदो प्रस्तुति गर्दछ । यसले कथानकभन्दा चरित्रलाई बढी महत्त्व तथा जोड दिने भएकाले चरित्रपक्षको विस्तृत, सूक्ष्म र महत्त्वपूर्ण चित्रण गर्दछ । यसले कथानकका दृष्टिले महत्त्वहीन तथा गौण पात्रहरूका साथै सामान्य घटना, साधारण तथ्य र मामुली स्थितिहरूको पनि सूक्ष्म र विस्तृत चित्रण गर्दछ । यसले कृत्रिम, आलङ्कारिक, कल्पनायुक्त, आडम्बरयुक्त भाषाको प्रयोग नगरी सामान्य बोलचालको स्थानीय भाषाको प्रयोग गर्छ । सामाजिक स्तर तथा क्षेत्रका आधारमा पात्रानुकूल भाषा वा संवादको प्रयोग गर्दा यसले अश्लील, क्षुद्र र असंस्कृत भाषाका साथै भाषिका र व्यक्तिबोलीको समेत प्रयोग गरी स्वाभाविकता तथा विश्वसनीयता ल्याउने प्रयास गर्छ । यसले आफ्नै खालको सहज, सुबोध, स्वाभाविक तथा विश्वसनीय प्रकारको विशिष्ट शिल्पशैलीको

प्रयोग गर्दछ । यसले स्थानीयता वा आञ्चलिकतालाई विशेष ग्राह्यता दिन्छ । यसले साहित्यिक कृतिमा विज्ञान, व्यवसाय आदि क्षेत्रका पारिभाषिक शब्दहरूको प्रयोग विषय र पात्र सुहाउँदो ढङ्गमा गर्छ । कृतिलाई वास्तविक तथा स्वाभाविक बनाउनका लागि चिठी, डायरी, अभिलेख, संस्मरण आदि लेखोटहरूको प्रभावकारी उपयोग गर्दछ । यसले सामान्य, स्पष्ट, प्रत्यक्ष, वस्तुनिष्ठ, आदि साहित्यिक अभिव्यक्तिको पद्धति अँगाली विश्वसनीय ढङ्गमा कृति प्रस्तुत गर्दछ । कुनै व्यवस्थामा खोट, त्रुटि, कमजोरी वा कुरूपता देखिँदा यसले नै तिनको निराकरणका लागि विद्रोह र परिवर्तनको आवाज उठाउँछ (शर्मा र लुइटेल, २०६७ : पृ. २९७-२९९) । यथार्थवादी कृतिले जीवन तथा जगत्का विषयमा यथार्थकुरालाई नलुकाई तथा ढाकछोप नगरी सत्यतथ्य रूपमा छर्लङ्ग देखाएको हुन्छ ।

## २.५ यथार्थवादका मुख्य भेदहरू

यथार्थवादका विभिन्न भेदहरू रहेका हुन्छन् । यथार्थवादका विभिन्न भेदहरू गरिएका पाइए तापनि मुख्य भेदका रूपमा चार भेदहरू प्रचलित रहेको पाइन्छ । तिनीहरू सामाजिक यथार्थवाद, मनोवैज्ञानिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद र समाजवादी यथार्थवाद रहेका छन् ।

समाजमा भएका घटनाहरूलाई जस्ताको तस्तै साहित्यमा चित्रित गर्नुलाई सामाजिक यथार्थवाद भन्ने गरिएको छ । सामान्यतः यथार्थवाद भनेर सामाजिक यथार्थवादलाई मानिएको छ । यसको वास्तविक थालनी उन्नाइसौँ शताब्दीको उत्तरार्धमा फ्रान्सेली उपन्यासकार बाल्जाकबाट भई जोलाँका उपन्यासहरूमा चरम विकास भएको मानिन्छ । सामाजिक यथार्थवादमा आधारित कृतिले भौतिक जगत् तथा वस्तुसत्यलाई अँगाली सामाजिक यथार्थवादी दृष्टिकोणबाट मानवजीवनको वस्तुपरक प्रस्तुति गर्दछ । यस्ता कृतिहरूमा निम्नवर्गीय पात्रहरूको चयन, समाजका सामान्य तथा विशिष्ट घटना-स्थिति-परिवेश आदि विषयवस्तुको चयन, स्थानीय वा बोलीचालीको भाषा छनोट गरिन्छ । सामाजिक यथार्थवादी लेखकले समाजका कुरीति, अन्धविश्वास, होची-अर्घेली आदिको विरोध गर्नुका साथै मानवीय त्रुटि, दुर्बलता, नग्नता, क्रूरता, हिंसात्मकता आदिको तथ्यपरक र विस्तृत विश्लेषण गर्दछ (शर्मा र लुइटेल, २०६७ : पृ. ३००) ।

*नेपाली बृहत् शब्दकोश*मा मनोविज्ञानको बारेमा “मानिसको मनको प्रकृति, उसका विभिन्न अवस्था तथा क्रिया र त्यसमा पर्ने प्रभाव आदिको अध्ययन-विश्लेषण गर्ने विज्ञानलाई मनोविज्ञान” (बन्धु, २०६९ : पृ. ९८८) भनिएको छ । मनोवैज्ञानिक यथार्थवाद मूलभूत रूपमा सिग्मन्ड फ्रायड, अल्फ्रेड एडलर र कार्लगुस्ताव युङका मनोविश्लेषणात्मक सिद्धान्तमा आधारित रहेको छ । यसलाई

परिभाषित गर्ने सन्दर्भमा बाह्य यथार्थको यथाथतथ्य चित्रण गर्ने प्रवृत्तिबाट मोडिएर आन्तरिक यथार्थ अर्थात् मानव मनको विचार प्रक्रियाको यथाथतथ्य प्रतिवेदन प्रस्तुत गर्ने प्रक्रियातर्फ उन्मुख हुनु नै मनोवैज्ञानिक यथार्थवाद हो (शर्मा र लुइटेल, २०६७ : पृ. ३०१) । उपन्यास विशेषतः साहित्यको आख्यान विधा हो र यसमा खासगरी मनोवैज्ञानिक यथार्थलाई प्रकट गरिएको पाइन्छ ।

पुँजीवादी शोषण, दमन, उत्पीडन अमानवीयता आदिको कटु आलोचना गर्ने मूल प्रवृत्ति भएको यथार्थवादलाई आलोचनात्मक यथार्थवाद भनिएको छ । इसाको उन्नाइसौँ शताब्दीमा अमेरिकाबाट आलोचनात्मक यथार्थवादको थालनी भएको मानिन्छ (शर्मा र लुइटेल, २०६७ : पृ. ३०१) । यसले यथास्थितिको विरोध तीव्रतम रूपमा गर्दछ तर त्यसबाट उन्मुक्तिको दिशानिर्देश गर्दैन । आलोचनात्मक यथार्थवाद यथार्थवादकै एउटा भेद भए तापनि यसमा सर्जक तटस्थ द्रष्टा नभई आलोचनात्मक द्रष्टाका रूपमा सक्रिय हुन्छ ।

समाजवादी यथार्थवाद मुख्यतः मार्क्सेली द्वन्द्वात्मक भौतिकवादमा आधारित मानिन्छ । रसियाका समाजवादी यथार्थवादका प्रवर्तनकर्ता अनातोली लुनाचार्स्कीका अनुसार समाजवादी यथार्थवाद पनि सर्वप्रथम यथार्थवाद नै हो, तर यो द्वन्द्वात्मक र गतिशील हुन्छ । यथार्थवादको यस भेदले श्रमजीवीहरूको यथार्थलाई प्रकट गरेको हुन्छ । यसले सर्वहारावर्गको पक्षपोषण गर्दै सामाजिक क्रन्तिकारी परिवर्तनको पक्षधरता देखाउँछ (शर्मा र लुइटेल, २०६७ : पृ. ३०२) । समाजवादी यथार्थवादको प्रयोग चरित्र तथा घटनाहरूद्वारा समाजका आर्थिक वर्गहरूमा सङ्घर्ष गराएर समाजमा परिवर्तन अवश्य हुन्छ भन्ने धारणा प्रतिबिम्बित गर्ने उपन्यासका लागि गरिन्छ । आदर्शोन्मुख यथार्थवाद, ऐतिहासिक यथार्थवाद, जादूगरीय यथार्थवाद, प्रदूषणपरक यथार्थवाद, अन्धकारमूलक यथार्थवाद आदि पनि उल्लेख गरिएको पाइन्छ ।

## २.६ यथार्थवादी समालोचनाका शक्ति र सीमा

हरेक सिद्धान्तहरूका आ-आफ्नै प्रकारका फाइदा र सीमाक्षेत्रहरू रहेका हुन्छन् । त्यस्तै यथार्थवादका पनि आफ्नै प्रकारका शक्ति तथा सीमाहरू रहेका छन् । तिनै शक्ति र सीमालाई निम्नानुसार उल्लेख गरिएको छ :

यथार्थवादले वैज्ञानिक दृष्टिकोणलाई अँगाली सामाजिक यथार्थको वस्तुगत चित्रण गरेको हुन्छ । समसामयिक जीवन भोगाइ र स्थानीय परिदृश्यको इमान्दारीपूर्ण अभिव्यक्ति गर्नु यसको शक्तिपक्ष रहेको छ । मध्यम र निम्नवर्गीय पात्रलाई महत्त्व दिई तिनको सूक्ष्मातिसूक्ष्म चित्रण गरिनुले निम्नवर्गको उत्थानमा टेवा पुग्ने भएकाले यसलाई पनि शक्तिका रूपमा लिइन्छ । विश्वसनीय तथा

सहज ढङ्गले विषयवस्तु प्रस्तुत गर्नु पनि यसको शक्तिपक्ष रहेको छ । विद्रोह, परिवर्तन र सुधारका निम्ति आवश्यक आधार तथा कुञ्जी प्रदान गर्नु तथा कृत्रिम, आलङ्कारिक तथा आडम्बरपूर्ण भाषाको परित्याग गरी पात्रानुकूल बोलचालको भाषालाई साहित्यिक मान्यता प्रदान गर्नु पनि यसका शक्तिहरू रहका छन् । विज्ञान र व्यवसाय आदि क्षेत्रका विशिष्ट तथा पारिभाषिक शब्दावलीको प्रयोजनपूर्ण प्रयोग गर्नु यस वादको शक्तिका रूपमा देखिन्छ । सामाजिक सत्यको  फोटोग्राफिक वर्णन गर्नुका साथै अभिलेख, चिट्ठी आदिको प्रयोग गरी कृतिमा स्वाभाविकता तथा विश्वसनीयता पैदा गर्नु यस वादको महत्त्वपूर्ण पक्ष रहेको छ ।

यस वाद प्रयोगका धेरै फाइदाहरू हुँदाहुँदै पनि यस वादमा समेटिन नसकिएका केही पक्षहरू पनि रहेका छन् । यसले समाज र जीवन यस्तो हुनुपर्छ भन्ने उल्लेख नगरी केवल समाज यस्तो छ भनेर चित्रण मात्र गर्नु यसको दुर्बल पक्ष रहेको छ । यसले निम्नवर्गीय पात्रहरूको चयन गर्ने हुनाले उच्चवर्गीय पात्रहरूको उपेक्षा गर्दछ । यस्तो गर्नु यसको सीमापक्ष हो । यसले घटना तथा चरित्रहरूको सूक्ष्मातिसूक्ष्म वर्णन गर्ने हुनाले कृति पट्यारलाग्दो हुन सक्छ । यसले यथार्थलाई फोटोग्राफिक ढङ्गले प्रस्तुत गर्ने हुँदा कलात्मक पक्षको उपेक्षा गर्दछ । यसले बोलचालको भाषा प्रयोग गर्ने भएका कारण विशिष्ट, उच्चकोटिको तथा आलङ्कारिक भाषिक प्रयोगको उपेक्षा गर्दछ । यसले मानवीय यथार्थको कठोर, क्रूर र वीभत्स पक्षको चित्रणतर्फ अग्रसरता देखाउने हुँदा जीवनको महत्त्वपूर्ण पक्ष कोमल, मधुर तथा सुन्दर पक्ष उपेक्षित हुन्छ ।

## २.७ निष्कर्ष

यथार्थवाद स्वच्छन्दतावादको विरोधमा उन्नाइसौँ शताब्दीको उत्तरार्धतिर फ्रान्स बेलायत र अमेरिकामा देखिएको साहित्यिक आन्दोलनका रूपमा सुरुवात भएको वाद हो । यस वादमा समाजमा घटेका घटनाहरूलाई हुबहु देखाउने गरिन्छ । जीवन र जगत्मा देखिएको सम्बन्धका आधारमा मान्छेका जीवनमा देखिने वास्तविकतालाई जस्ताको त्यस्तै कृतिमा चित्रण गरिन्छ । वस्तुजगत्का देखा पर्ने घटना, समाजको वास्तविक स्थितिको सक्कल चित्रण गर्ने साहित्यकारलाई यथार्थवादी भनिन्छ । यथार्थवादी कृति भन्नाले सामाजिक, आर्थिक दृष्टिले निम्नवर्गीय चरित्रहरूलाई अँगालेर उनीहरूले बोल्ने भाषा तथा शैलीको र घटनाहरूको प्रयोग गरेर लेखिएको कृति भन्ने बुझिन्छ । विद्यमान भौतिक जगत्लाई कसैले बिगार्न, बनाउन वा परिवर्तन गर्न सक्दैन भन्ने मान्यता यसमा पाइन्छ । सामान्यतया सामाजिक, मनोवैज्ञानिक, आलोचनात्मक र समाजवादी यथार्थ गरी यसका मुख्य चार भेदलाई विशेष जोड दिइन्छ । यसमा केवल वस्तुयथार्थलाई जोड

दिइने भएकाले नैतिकता, आदर्शवादिता, औपदेशिकता, आलङ्कारिकता, उच्च तथा उदात्त पक्षको चित्रण आदि पक्ष लुप्त रहनु यस वादका सीमाहरू रहेका छन् ।

यथार्थवाद प्रयोगका धेरै फाइदाहरू हुँदाहुँदै पनि यस वादमा समेटिन नसकिएका केही पक्षहरू पनि रहेका छन् । यसले समाज र जीवन यस्तो हुनुपर्छ भन्ने उल्लेख नगरी केवल समाज यस्तो छ भनेर चित्रण मात्र गर्नु यसको दुर्बल पक्ष रहेको छ । यसले निम्नवर्गीय पात्रहरूको चयन गर्ने हुनाले उच्चवर्गीय पात्रहरूको उपेक्षा गर्दछ ।

परिच्छेद : तीन

# *ऐलानी* उपन्यासमा यथार्थवादको प्रयोग

## ३.१ विषयप्रवेश

कुनै पनि स्रष्टाले आफ्नो वरिपरिको समय र समाजमा घटित घटनाहरूलाई जस्ताको तस्तै प्रस्तुत गरी साहित्य सिर्जना गरेका हुन्छन् । यसैले साधारण अर्थमा समाजको वास्तविक चरित्र पस्किनु नै यथार्थवाद भन्न सकिन्छ । 'यथार्थ' र 'वाद' गरी दुई शब्दको संयोजनबाट बनेको 'यथार्थवाद' शब्दले जस्तो छ त्यस्तै भन्ने अर्थ बुझाउँछ । अझ भनौँ संसारमा जुन वस्तु जस्तो छ ठीक त्यस्तै चित्रण भनेर बुझिने वाद नै यथार्थवाद हो । साहित्यमा प्रयोग हुने वादहरूमध्ये एक महत्त्वपूर्ण वाद यथार्थवाद हो । विवेक ओझाद्वारा लिखित *ऐलानी* उपन्यास पनि नितान्त यथार्थवादी उपन्यास हो । यथार्थवादका पनि विभिन्न शाखाहरू रहेका छन् । ती सामाजिक, मनोवैज्ञानिक, आलोचनात्मक आदि हुन् । यी विभिन्न यथार्थवादका भेदहरूको छुट्टाछुट्टै विवेचना गरिएको छ ।

प्रस्तुत *ऐलानी* उपन्यासमा बहुल रूपमा यथार्थवादको प्रयोग गरिएको छ । नेपालको मध्यपश्चिम दाङ क्षेत्रमा बस्ने वादी समुदायलाई आधार बनाएर त्यहाँका मानिसले भोग्नुपरेका दुःख-सुखरूपी यथार्थलाई उपन्यासको आदिदेखि अन्तिमसम्म चित्रण गरिएको छ । *ऐलानी* उपन्यासको यथार्थवादलाई प्रस्ट पार्न यथार्थवादका भेदहरूको विस्तृत अध्ययन गरिएको छ ।

## ३.२ सामाजिक यथार्थवाद

समाजमा रहेका घटनाको सत्य वर्णन गरी समाजमा रहेका विकृति, विसंगित, कुरीति, अन्धविश्वास आदिको विरोध गर्नु सामाजिक यथार्थवादी प्रवृत्तिअन्तर्गत पर्दछ । नेपालको मध्यपश्चिम क्षेत्रमा रहेको वादी समुदायको जनजीवन, उनीहरूप्रति गरिने शोषण, ठूला वर्गले उनीहरूप्रति राख्ने दृष्टिकोण आदि विषयलाई लिएर उक्त समाजको यथार्थचित्रण गरिएको हुनाले प्रयुक्त उपन्यास सामाजिक यथार्थवाादी उपन्यास मानिन्छ ।

"वादीहरूबारे पढेको/सुनेको भए पनि कसैलाई भेटेको थिइनँ । वादी जाति मेरो उत्सुकताकै विषय थियो । उनीहरू हिजोआज पनि यौनधन्दा गर्छन् भन्ने कुरा सुनेको थिएँ । लख काटेँ- यो पनि यही धन्दा गर्छे होली ।" (पृ. ९)

प्रस्तुत अंश उपन्यासको म पात्र र उसँग भेटिएकी वादी समुदायकी बसन्तीबिचको वार्तालापका क्रममा आएको हो । वादी समुदायमा रहेका मानिसहरू केवल यौनधन्दा गर्छन् । उनीहरूको जीविकोपार्जन गर्ने पेसा नै शतप्रतिशत यौनधन्दा हो । यौवनावस्थाका युवा-युवती पनि केवल आफ्नो शरीर बेचेर जीवन चलाउँदछन् । उनीहरू शिक्षित हुँदैनन् भन्ने धारणा शतप्रतिशत रूपमा नभए तापनि कहीँकतै वादी समुदायभित्रै शिक्षित वर्ग होलान् भन्ने सोच्न नसक्ने समाजको यथार्थचित्रण प्रस्तुत अंशमा रहेको छ ।

> "मैले थुपै प्रेमकहानी सुनेकी छु । समाज देखेकी छु । प्रेम वसन्त बनी उदाउँछ अनि शिशिर बनी उजाड पारेर जान्छ ।" (पृ. ११)

वादी समुदायका नारीले कहिल्यै जीवन्त प्रेमको स्वाद चाख्न पाउँदैनन् । केवल आफ्नो यौनप्यास मेटाउन अनेक आशा देखाई व्यक्तिहरू आउँदछन् र आफ्नो इच्छा पूर्ति भएपछि जिस्किएर जान्छन् । केवल अर्काले दिएको आशा र पीडा खेप्दै बस्नुपर्ने वादी नारीहरू कसैसँग साँचो प्रेम गर्न नपाएको यथार्थ उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> "भित्र पस्नासाथ आँखाहरू कोठाभरि फैलिए । लगभग रित्तो कोठाको बीच भागमा दुईवटा कुर्सी थिए । एउटामा बुढी आइमाई बसेकी थिइन् । नजिकैको अर्को कुर्सी भने रित्तो थियो । सामानको नाममा कोठाको एक किनारमा भित्तासँगै जोडिएको काठको टेबल मात्र । टेबलमाथि टिभी । टिभीको छेउमा एक निलो रङको प्लास्टिकको जग । ... माटोले लिपिएको भुइँमा दुई-तीन वटा चकटी छरिएका थिए । त्यो कोठा दुई कोठाको बीचमा पर्दोरहेछ । त्यही कोठा हुँदै दायाँ-बायाँका कोठामा जानुपर्थ्यो ।" (पृ. १४)

प्रस्तुत अंशमा नेपाली ग्रामीण समुदायमा हुने घर र त्यहाँको अवस्थाको चित्रण गरिएको छ । ढुङ्गा र माटोको घरमा माटोले बनाइएको खपटाको छाना र सानो घरभित्र पनि स-साना कोठा मिलाएर बनाइएको चित्रण गरिएको छ । पहाडी क्षेत्रमा साना घरभित्र पनि ठूलो परिवार मिलेर बस्दछन् । माटोले लिप्ने, घरमा एउटा टिभी राख्ने टेबल, दुई-चारओटा चकटी, गुन्द्री आदिको मात्र सामग्रीको भरमा जिविका चलाईरहेका ग्रमीण समाजको निम्नवर्गीय परिवारको अवस्था र भोगाइको चित्रण गरिएको छ ।

> "कतिपटक त झुक्किएर छिरेकी थिएँ, अनि देखिसकेकी थिएँ - आमैको नाङ्गो शरीर, आमैमाथि नाङ्गै उफ्रिरहेको लाग्नेमान्छे ।" (पृ. १६)

बाहिरबाट यौनप्यास मेटाउन आउने लोग्नेमान्छेसँग वादी महिलाहरू आफ्नो लाजलाई बिर्सिएर समर्पित हुने यथार्थ प्रस्तुत गरिएको छ । आफ्नो छोराछोरी घरमै हुँदाहुँदै पनि यौनव्यवहार गर्नुपर्ने बाध्यात्मक यथार्थ देखाइएको छ भने अर्कातिर किशोरावस्थामा रहेका छोराछोरीले आफ्नी आमाको शरीरमाथि पुरुषहरू उफ्रिएको छर्लङ्गै देखे पनि नदेखेझैँ गर्नुपर्ने यथार्थ प्रस्तुत गरिएको छ ।

> 'पछि अबेर राति बा रक्सीले रेलिएर आयो । आमैले उसको कपाल दुवै हातले भुत्ल्याएर घरबाहिर घचेटिदिइन् । बा फेरि लरबराउँदै भित्र पस्यो आमैले धकेलेर भुइँमा पछारिन् । बाले आमैलाई पिट्न त सकेन तर खुबै मुख छोडी गाली गऱ्यो । त्यो दिन ऊ गाली गर्दागर्दै भुइँमै सुत्यो ।' (पृ. १७)

पश्चिमी नेपाली ग्रामीण समाजमा रहेका निम्नवर्गीय परिवारका व्यक्तिले दैनिक भोग्नुपरेको पारिवारिक दुःखको यथार्थ यस अंशमा प्रस्तुत गरिएको छ । स्वास्नीले यौनधन्दा गरेर धेरै-थोरै आम्दानी गर्ने लोग्ने चाहिँ त्यही आम्दानी गरेको मोहोर पैसा पनि चोरेर रक्सी खान जाने गरेको कुरा जनाइएको छ । त्यही कुरामा लोग्ने र स्वास्नीबिच सधैँ झगडा हुने त्यही झगडाले गर्दा छोराछोरीको मनस्थिति बिग्रने पारिवारिक यथार्थको चित्रण गरिएको छ ।

> "हामी मुखियाको घरमा पुग्यौँ । सुनसान थियो । घरवरिपरि रुखहरू मात्र थिए । घरको दायाँतिर त आँपैआँपका थुप्रै रुख थिए । त्यो सुनसानमा चराको चिरबिरबाहेक केही सुनिएन । घर पनि ठूलो दरबारजत्रो थियो । सेतो कमेरोले अझ चम्किलो देखिन्थ्यो । (पृ. १९-२०)

प्रस्तुत अंशमा पञ्चायतकालीन नेपाली समाजमा हुने सामाजिक घरहरूको स्थिति देखाइएको छ । त्यो समयमा नेपाली ग्रामीण समाजमा मुखियाहरूले गाउँमा आधिपत्य जमाउने र अन्य गाउँका मानिसहरू मुखियाकै हुकुमअनुसार चल्नुपर्ने बाध्यात्मक परिस्थितिको चित्रण गरिएको छ । गाउँका अन्य व्यक्तिहरूको घर सामान्य ढुङ्गमाटाले बनेकाले स-साना हुने तर मुखियाको चाहिँ घरवरिपरि आँप तथा विभिन्न नयाँ-नयाँ वनस्पतिको रहरलाग्दो बगैँचा, दरबारजस्तो घर हुने स्थिति देखाइएको छ । दुःखीले गास-बास-कपास पनि आवश्यकता अनुसार नपाई दुःख पाइरहने तर उनैमाथि शोषण गर्नुहरूको भने उच्च व्यवस्थित दरबारजस्तो घर हुने सामन्तवादी समाजको यथार्थचित्रण गरिएको छ । यसप्रकार यस अंशमा सामाजिक यथार्थवाद प्रस्ट भएको छ ।

> "खै साहेब ? यो जन्मदा जून बाटुलो-उज्यालो थ्यो । साल क्या थ्यो, मु बिर्सिगयाँ ।" (पृ. २१)

उक्त अंश मुखियासँग फूलमायाकी आमोईले आफ्नी छोरीको उमेर बताउन खोज्दा आएको हो । वादी समुदायमा छोराभन्दा छोरी जन्मिदा खुसी मान्ने प्रचलन रहेको कुरा उल्लेख गरिएको छ । वादी समुदायका महिलाले कतिबेला गर्भधारण भयो र कहिले सन्तान जन्मियो भन्ने समयको यकिन गर्न नसक्ने बेथितिमय व्यवहारको कटु यथार्थ यस अंशबाट प्रस्ट पारिएको छ ।

> "एकछिन अगाडि चामलले भरिएको पोल्टो कालो कोदोले भरिएको थियो । भाग्यमा सायद सेतो चामल थिएन, कालो कोदो थियो ।" (पृ. २४)

प्रस्तुत अंशमा वादी समुदायका निम्नवर्गका मानिसले अर्काले दिएका भरमा खाएर बाँच्नुपर्ने बाध्यात्मक परिस्थिति देखाइएको छ । मुखियाले दिएको चामलको पोको पनि फुलमायाकी आमा ओरालो बाटोमा चिप्लिएर लड्दा पोखिएको छ । खुसीको केन्द्रविन्दु चामल पोखिएपछि बेलुका के खाने भन्ने प्रश्न खडा भएको छ । जब भाग्यमा नै राम्रो जीवनयापन गर्न नलेखेपछि पाएको राम्रो चीज पनि फुस्केर जाँदोरहेछ भन्ने निम्नवर्गीय व्यक्तिको मनस्थिति केलाइएको छ । यसरी बिहान-बेलुका छाक टार्न के खाने भन्ने कुराले छटपटाउनुपर्ने निम्नवर्गीय मानिस अर्काको भरमा परेर कसैले दया गरेर दिएको चिज पनि उपभोग गर्न नपाउने र पछुताउनुपर्ने यथार्थचित्रण प्रस्तुत गरिएको छ ।

> "डर नमान् । मु आफै पन चौधकी छँदा कमाउन थाल्याकी थियाँ । तेरा जसो पक्क पर्‍याको ज्यानसमेत थिएन मेरो । मुलाई था छ, डर लाग्छ तर नमान् । क्यै हुँदैन । क्यै भया मु छु ।" (पृ. २८)

प्रस्तुत अंशमा फूलमाया र उसकी आमाबिचको संवादमा आमाले छोरीसँग भनेको कुरा आएको छ । वादी समुदायमा छोरीको शारीरिक अङ्ग थोरै मात्रामा विकसित भएपछि यौनधन्दा गर्नका लागि आफ्नै आमाले नै फकाई-फकाई प्रोत्साहन गर्ने गर्दछन् भन्ने यथार्थ प्रस्तुत गरिएको छ । सामान्यतया किशोरावस्थामा व्यक्तिलाई शैक्षिक कुराको चाख लाग्ने हुन्छ । यौनसम्बन्धी कुरा आफ्नो परिवारसँग व्यक्त गर्न नसक्ने हुन्छन् । यति हुँदाहुँदै पनि वादी समुदायमा बौद्धिक विकास हुँदै गएका साना किशोरीको पनि मानसिकता साँघुरो बनाई आफ्नै अभिभावकद्वारा यौन क्रियाकलापमा अग्रसर हुन आग्रह गर्ने कटु यथार्थ प्रस्तुत गरिएको छ ।

> उसले थोरै अँध्यारो अनुहार बनाई । टाउको हल्लाउँदै बोली, "हो छापा मार्छ । पुलिसको के काम छ र देशमा करोडौँको सम्पत्ति चुस्नेहरूलाई सलाम गर्छ । बलात्कारीलाई छाडिदिन्छ । फुटपाथको व्यापारीको सामान खोस्छ । पुलिस हामीजस्ता गरिबहरूका लागि मात्रै हो । नियम कानुन पनि हाम्रा लागि मात्र हुन् ।" (पृ. ५०)

प्रस्तुत अंशमा वसन्तीले म पात्रलाई नेपालको प्रशासनिक कानुनको यथार्थ पस्किएको प्रसङ्ग रहेको छ । देशको कानुन संविधान सबैका लागि बने पनि उक्त कानुनका दायरामा सामान्य जनता मात्र रहनुपर्ने नेपालको राजनीतिक यथार्थ रहेको छ । जनताबाटै करोडौं रूपैयाँ लुटेर रमाउनेहरूसँग प्रहरी प्रशासन पनि डराउने तर निर्दोष सामान्य समुदायका जनतालाई दोषी बनाउने यथार्थ देखाइएको छ । कानुन र नियम केवल गरिब र निमुखा जनताका लागि मात्र हो नेता र ठूला पहुँचवाला अर्काको रगत र पसिना चुसेर जीवन चलाउनेहरूलाई कुनै कारबाही नहुने नेपालको वर्तमान अव्यवस्थित राजनैतिक स्थितिको यथार्थ प्रस्तुत गरिएको छ ।

> त्यस्तै डेढ वर्षकी थिएँ । मेरो भागेको बाउ फेरि फर्किएर आयो । सुरुमा त ऊ दाइ र मलाई देखेर मुस्कुरायो - "ओहो ! छोराछोरी जन्माइसकिछै ! एउटा त मेरै हो क्यारे !" (पृ. ५५)

आफ्नी पत्नीले छोराछोरी जन्माएको समेत थाहा नपाउने, आफूबाट जन्मिएका सन्तान कुनचाहिँ हो भनेर छुट्याउन गाह्रो पर्ने पुरुषको प्रवृत्ति यस अंशमा देखिएको छ । वसन्तीकी साथी लक्ष्मीका बाले घरबाट भागेर केही वर्षपछि आउँदा लक्ष्मी अर्कै पुरुषबाट जन्मेर डेढ वर्ष भइसकेको दृश्य देखेका छन् । यसरी महिला र पुरुषबिचको सम्बन्धमा, सन्तान जन्माउने सम्बन्धमा समाजका रहेको बेथिति र कुसंस्कार रहेको यथार्थ चित्रण गरिएको छ ।

> भदौ मैनाको पहिलो दिन हाम्रा लागि छुट्टै हुन्थ्यो । त्यो दिनलाई भाँड्या सङ्क्रान्ति भन्थ्यौं । त्यो हाम्रो सबैभन्दा विशेष चाड हुन्थ्यो । पहाडमा त आजभोलि पनि त्यो चाड धुमधामसँग मनाउँछन् तर यो तराईमा मनाउन छाडिसके । (पृ. ५७)

प्रस्तुत अंश वसन्तीकी हजुरआमा फूलमायाले आफ्ना विगतका कुरा म पात्रलाई सुनाउँदै गर्दा भदौ महिनाको पहिलो दिनको महत्त्व बताउने क्रममा आएको छ । सुदूरपश्चिम नेपालको पहाडी क्षेत्रमा भदौको पहिलो दिनलाई भाँड्या सङ्क्रान्ति भनिने र खुब रमाइलोसँग मनाउने प्रचलन रहेको बताइएको छ । त्यो दिनका घटना अविस्मरणीय रहिरहने हुनाले बुढेसकालमा पनि पहाडी क्षेत्रमा रहेर भाँड्या सङ्क्रान्ति मनाउँदाको क्षण सम्झेर फूलमाया आनन्दित बनेकी छिन् । पहाडी क्षेत्रमा मनाइने उक्त प्रचलन तराईतिर भने मनाउन छाडेको वर्तमानको यथार्थ चित्रण गरिएको छ ।

> तुरुन्तै अर्को लोटामा जाँड सारी, "आजै हो बाबै आमाको आँखा छली जाँड खुवाउन मिल्न्या ।" लोटाभरिको जाँड मलाई दिई । अनि म पनि चिसो जाँड तनतनी पिउन थालें । (पृ. ५८)

वादी समुदायका महिलाले किशोरावस्थादेखि नै जाँड खुलेर पिउने कुराको यथार्थ चित्रण माथिको साक्ष्यमा गरिएको छ । फूलमायाले आफ्नी साथी बेलालाई भेट्न जाँदा लोटाभरि जाँड पिउँदै गरेको अवस्थामा भेटेकी छे । बेलाको आग्रहमा फूलमायाले एकलोटा चिसो जाँड मस्त पिएकी छ । वादी समुदायका महिलाहरू आफ्ना चिन्ता भुल्न होस् या आफ्नो दुःखी मनलाई एकैछिन बेसुरमा रमाउन, जसरी पनि दुःख भुल्न जाँड पिउने गर्दछन् । उक्त समाजका वादी महिलाहरू मानसिक चिन्ता भुलाउन गर्ने व्यवहारको यथार्थ यस अंशमा देखिएको छ ।

> चाड त्यत्तिकै सकिँदैनथ्यो । त्यो रात वर्षभरिकै रमाइलो रात हुन्थ्यो हाम्रा लागि । सुँगुर काट्यौँ । सबैका लागि एक चुल्हो बनायौँ । मिलिजुली जाँडरक्सी खायौँ । नाच्यौँ । गायौँ । लगभग बिहानसम्मै त्यो सिलसिला चलिरह्यो । (पृ. ६१)

सुदूरपश्चिमी पहाडी क्षेत्रमा रहेको वादी समुदायमा भदौ महिनाको पहिलो दिन उल्लासमय रहन्छ । त्यो समयमा वादी महिलाहरू जाँड खाएर मस्त भई नग्न अवस्थामा शरीरभरि कमेरो घसी बाजाको तालमा अनेक मानिसको भीडमा नाच देखाउने प्रचलन रहेको छ । त्यो दिन नर्तकी युवतीहरूले ज्युँदो सुँगुरलाई टोक्दै यातना दिँदै काट्ने र त्यसको मासु सबै मिलिजुली खाने परम्परा रहेको छ । फूलमाया र उसकी साथी बेला दुई किशोरीहरू पनि त्यस दिनको प्रमुख आकर्षक बनी सुँगुर काटी जाँड र मासु खाँदै उक्त पर्व मनाएका छन् । यसप्रकार ग्रामीण क्षेत्रमा चाडपर्व के-कसरी मनाइन्छ भन्ने यथार्थ प्रस्तुत अंशमा चित्रण गरिएको छ ।

> मेरो साथी डबल्याकी जोइ छैन त्यै साथ बिह्या गर्नेई त ? ऊ नाइँ भन्दैन । मान्छ्या पनि खुबै जाती छ । दारू पन कम खान्छ । सधैँ माछा मार्छ । उसका जसा सुल्पा कोई बनाउन सक्दैन । कमाइ पन निकै छ । (पृ. ६४)

प्रस्तुत अंशमा फूलमायालाई उसका बाबुले बिहे गर्न केटा देखाएको र त्यही केटासँग बिहे गरेदेखि राम्रो हुने कुरा गरेको छ । तत्कालीन समयमा विवाह नगरेको, रक्सी कम खाने, सुल्पा बुन्ने, माछा मार्ने आदि काम गर्ने केटो भए अभिभावकले आफ्नी छोरीको विवाह गरिदिन तयार हुने गर्दथे । केवल बिहान र बेलुका छाक टार्न सक्ने केटालाई राम्रो मान्ने समाजले किशोर-किशोरीहरूले शैक्षिक स्तरको पनि वृद्धि गर्नुपर्छ भन्ने सोँच राख्न नसक्ने अभिभावकको चित्रण गरिएको छ । यस्तो सामान्य सोच र गाउँले जीवनयापन शैलीको सामाजिक प्रवृत्तिको यथार्थ यस अंशमा देखिएको छ ।

> उनको कम्मरमा गाग्री थियो । उनी पऽऽऽर जङ्गलको कुवातर्फ जाँदै थिइन् । गाउँदेखि पश्चिमतर्फको उक्त कुवा टाढा थियो । पूर्वतर्फको कुवा नजिकै भए पनि त्यहाँबाट

> हामी अछुत जातले पानी भर्न पाउँथेनौं । हाम्रो गाउँभन्दा थोरै पर बाहुन-क्षेत्रीहरू बस्थे उनीहरूमात्र त्यो कुवामा पानी भर्थे । (पृ. ६७)

सुदूरपश्चिमी ग्रामीण समुदायमा जातीय विभेदको प्रचलन अत्याधिक रहेको देखिन्छ । बाहुन क्षेत्री लगायत धेरै जातका मानिसहरू बसोबास गर्ने क्षेत्रमा एकले अर्कालाई अछुतको दृष्टिले हेर्ने प्रचलन रहेको छ । पानीको कुवा पनि गाउँबाट टाढा हुने, उक्त कुवामा बाहुन र क्षेत्रीले बाहेक अन्य जातीले पानी भर्न नपाउने कुरा फूलमायाका माध्यमबाट बुझिएको छ । पानीको स्रोत, मठ, मन्दिर वरिपरि बाहुन-क्षेत्रीबाहेक अन्य जातीलाई घर पनि बनाउन नदिने अन्धविश्वासी परम्परा यस अंशबाट देखाइएको छ । उक्त अंशमा नेपाली समाजमा हुने अन्धविश्वास परम्पराको यथार्थ छर्लङ्ग देखिएको छ ।

> म बेलाको घर पुग्दा ऊ नयाँ मादलमा खरी लाउने मेसो गर्दै थिई । उसका वरिपरि केही छालाका टुक्राटाक्री थिए एक थालमा किटको धुलो थियो । एक थालमा भात । भातको छेउमा बाबियोको मुठो । (पृ. ७७)

प्रस्तुत अंशमा वादी समुदायका महिलाले जीवनयापन गर्नका लागि अपनाउने कार्यहरू जनाइएको छ । मादलमा खरी लगाउने, छालाबाट मादलको तान बनाउने, बाबियोबाट कुचोलगायत अन्य सामग्री बनाउने आदि घरेलु उद्योगमा निर्माण हुने विभिन्न सामग्री तयार गरेर बेची जीविकोपार्जन गर्ने गरेको देखाइएको छ । महिलाहरू यौनकार्यमा मात्र सीमित नभई अन्य सीपमूलक कार्य गरी आफू मजबुत बन्न सक्दछन् भन्ने यथार्थ प्रस्तुत अंशबाट प्रस्ट परिएको छ ।

> त्यो मानिसले बहुतै मीठो आवाजमा अनुरोध गऱ्यो, “पालिस्योस् हजुर !” त्यस्तो उच्च आदर मेरो कल्पनाभित्र थिएन । आफै बोल्दिनथेँ त्यस्तो भाषा आमोईले धेरै पटक सिकाउँदासमेत मलाई त्यसबारे चासै लागेन । जे होस्, सुन्दा बेग्लै मजा आयो । (पृ. ८०)

पञ्चायतकालीन राज्यव्यवस्था भएको नेपाली समाजमा मुखियाको आदेशअनुसार अन्य ग्रामीण समुदायका मानिसहरू बस्ने गर्दथे । मुखिया र समाजका अन्य व्यक्तिबिचको जीवनयापनमा आकास-पाताल समान फरक पर्दथ्यो । मुखियाहरूको जीवन भौतिक, आर्थिक, भाषिक आदि तवरबाट उच्चस्तरको हुने तर अन्य समाजका व्यक्तिहरू कनिकुथी निम्न स्तरको जीवन चलाउनुपर्ने बाध्यतामा रूमलिएका हुन्थे । मुखियालाई नेपाली भाषाअन्तर्गतको उच्च आदरभाषाको प्रयोग गरेर सम्बोधन गर्ने प्रचलन थियो । मुखियाको घरमा अतिथि हुन गएका सामान्य व्यक्तिलाई

पनि उच्चआदर भाषाको प्रयोग गरी सम्बोधन गर्ने कुरा उक्त अंशमा चित्रण गरिएको छ । समाजकै नीच जात मानिएको वादी जातकी फूलमाया मुखियाको घरमा पुग्नेबित्तिकै त्यहाँका सहयोगीहरूले उच्च आदरभाषाको प्रयोग गरी सम्बोधन गरेका छन् । तत्कालीन समाजमा हुने एउटै समाजभित्र पनि स्तरअनुसार देखिने भाषिक भिन्नताको यथार्थ प्रस्तुत अंशमा प्रस्ट देखिएको छ ।

> भित्री कोठाको एक कुनामा खाट थियो, गुलाबी तन्नाले सजिएको । नजिकैको टेबलमा अम्खोरा थियो । मैले बुझेँ - यही हो सुत्न्या कोठा । (पृ. ८१)

ग्रामीण समाजमा बसोबास गर्ने निम्न वर्ग र उच्चवर्गबिच धेरै भिन्नता हुन्छ भन्ने यथार्थ प्रस्तुत अंशमा देखिएको छ । सामान्य गुन्द्री र थाङ्नामा सुतेर जीवन बिताइरहेकी फूलमाया मुखियाको रातो घर, कोठाभित्र राम्रो खाट, गुलाबी तन्नाले सजाएको बिस्तारा देख्दा अचम्म मानेकी छ । समाजका अन्य व्यक्तिहरूले गाँस, बास, कपास आदि आधारभूत आवश्यकता प्राप्त गर्न नपाएका अवस्थामा पनि मुखियाहरूका राम्रा घरहरू, त्यसभित्र हुने उच्चस्तरीय व्यवस्थाको चित्रण गर्दै नितान्त वर्गीय विभेद रहेको तत्कालीन समाजको चित्रण गरिएको छ ।

> उसले जीवनको भिख दिन मानेन । मुखियाको छाती जोत्याउँदै तरबार घुसाउनै लागेको थियो त्यही समय मैले मुखियालाई धकेलीदिएँ । तरबार मेरो पेटको किनारमा गड्यो । म खम्बा ढलेर भुइँमा पछारिएिझैँ पछारिएँ । त्यो बेला मुखिया जोरले चिच्याए - “फूलमायाऽऽऽ !” (पृ. ८९)

प्रस्तुत अंशमा मुखियालाई गुन्डाले हानेको तरबारको चोट फूलमायाले आफ्नो शरीर थापिदिएर गरेको समर्पण भाव देखाइएको छ । मुखियालाई मार्न भनी आएका गुन्डाहरू देखेर नै फूलमाया थरथरी काँपेकी थिई । जब आफूले प्रेम गरेको व्यक्तिलाई कसैले मार्न खोज्दै छ भने त्यसमा आफूले बलिदान गर्न सक्नुपर्दछ भन्ने भाव देखिएको छ । समाजमा रहेका व्यक्तिबिच एउटा व्यक्तिको रिसको आरोप अर्कालाई लाग्ने, एकले गरेको नराम्रो कर्मको प्रतिफल अर्कैले भाग्नुपर्ने यथार्थ देखाइएको छ । समाजमा भई-परी आउने विभिन्न परिस्थितिअनुसार व्यक्तिले भोग्नुपर्ने बाध्यात्मक अवस्था देखाउनुले यस अंशमा सामाजिक यथार्थ रहेको प्रस्ट भएको छ ।

> पातलो स्वर : “नियम बल्ल्यो भैसक्यो रेन्त अब । काठमान्डूका राजाले गल्ती गर्न्या सबैलाई दण्ड दिन्या अरे ।” (पृ. ९५)

तत्कालीन नेपाली समाजमा दण्ड र सजायँ सबैलाई बराबर हुँदैनथ्यो । पञ्चायती व्यवस्था रहेको नेपाली समाजमा मुखियाहरूको बोली मात्र लाग्ने तर अन्य जनताको कुनै बोलीको औचित्य नहुने प्रचलन रहेको थियो । जनतालाई समान व्यवहार गर्नु भन्ने राजाको आदेश भए तापनि मुखियाहरूले आफ्ना क्षेत्रमा आफ्नै हैकम जमाउने गर्दथे । तिनै मुखियाहरूको शासन व्यवस्थाको पालना गर्नुपर्ने जनताको बाध्यता रहेको थियो । ठूलाबडाले गल्ती गरेको नदेख्ने सानावर्गका मानिसले सानो गल्ती गरे पनि ठूलो आरोप लगाउने निरङ्कुश प्रवृत्ति रहेको समाजमा थोरै नीति परिवर्तन भएको कुराको चित्रण गरिएको छ । काठमाडौंबाट राजाले गल्ती गर्ने सबैलाई सजायँ दिने भन्ने कुरामा आम जनता खुसी भएको तत्कालीन अवस्थाको यथार्थ प्रस्तुत गरिएको छ ।

> अनेक लहनाले रातभर बहुतै पीडा दियो । बच्चालाई कल्पेर धेरै पछि बौलाहीजस्ती भएँ । त्यो रात यस्तो लाग्यो कि मुखियाको प्रेम तुहियो । त्यो बच्चा मेरा लागि मुखियासँग हक गर्न मिल्ने डोरी थियो । उनले मलाई प्रेम गर्नुपर्ने बाध्यताको एक कडी थियो । अब हकको डोरी चुँडियो प्रेमको कडी टुट्यो । (पृ. १०२)

प्रस्तुत अंशमा फूलमायाको पेटमा हुर्कंदै गभएको मुखियाको गर्भ तुहिएपछि फूलमायाले एकालाप गरेको प्रसङ्ग रहेको छ । तत्कालीन वादी समुलायका महिलाले कसको गर्भ बोकेकी छु भन्ने ठम्याइ नहुने कुरा त छँदै छ । यति हुँदाहुँदै पनि अन्य व्यक्तिसँग यौनसम्बन्ध नराखी केवल मुखियासँग मात्र सम्बन्ध राखेकी फूलमायाले गर्भमा रहेको मुखियाको सन्तान हुर्काउन पाएकी छैन । मुखियालाई प्रहार गरेको खुकुरीको चोट फूलमायाले खेप्नुपरेको छ । उक्त समुदायका महिलाहरूले हरेक परिस्थितिमा कतिसम्म दुःख खप्न र सहन बाध्य हुनुपर्छ भन्ने कुरा देखाइएको छ । बच्चा तुहिएपछि मुखियाले आफूलाई छोड्ने हो कि, एक्लै छटपटिँदै जीवन बिताउनुपर्ने हो कि, समाजको बेइज्जती खेप्नुपर्ने हो कि भन्नेजस्ता तर्क-वितर्क फूलमायाले गरेकी छ । एकातर्फ महिलाको व्यथा, अर्कातर्फ भोग गर्नका लागि आफ्नो बनाएका महिलाहरूलाई खुसी दिनका लागि पुरुषले भोगिरहनुपरेको दुःख देखाइएको छ । यसप्रकार तत्कालीन समाजमा रहेका महिला र पुरुषहरूको दैनिक जीवनमा आइपर्ने परिस्थिति अनुसारका दुःख र पीडाहरूको यथार्थ चित्रण गरिएको छ ।

> उसैले थपी, “तेरा कारणले उहाँ दुब्लाएर सिन्को भैसक्स्यो । गोरो छाला कालो हुँदै छ । उहाँको शरीर धेरै कमजोर भइसक्यो । सानो वजनसमेत उठाउन सक्सिन्न । आजभोलि पहिलाको भन्दा बढी बिरामी भइसिन्छ । (पृ. १०८)

तत्कालीन नेपाली समाजमा मुखियाहरू अन्य जनताभन्दा उच्चस्तरीय जीवनयापन गर्ने गर्दथे । सम्पूर्ण गाउँको जिम्मा लिने र विभिन्न कार्यका लागि तत्तत् आदेश दिने गर्दथे । साधारण जनताले मुखियाको जीवनस्तरको बयान गर्ने भए तापनि मुखियाहरूको जीवनमा पनि थुप्रै चिन्ताका लहराहरू हुन्छन् भन्ने कुरा बुझ्न सक्दैनन् । मुखियाहरूसँग जो नजिक पर्दछ त्यसले मात्र उनीहरूभित्रको पीडा बुझ्न सक्दछ । तत्कालीन समाजमा मुखियाका अगाडि कुनै पनि व्यक्ति निर्भीक र निडर भएर प्रस्तुत हुन सक्दैनथे त्यसकारण नै मुखियाको सुखसयलबाहेक अन्य जीवनमा आइपर्ने पीडाहरू बुझ्न सक्दैनथे । सुखी जीवन जिएका समाजका उच्च वर्गका व्यक्तिहरू पनि आफ्नै पीडामा रुमल्लिएका हुन्छन् भन्ने वर्गीय व्यक्तिहरूको भित्री यथार्थ प्रस्तुत अंशमा प्रस्ट पारिएको छ ।

> उसो त त्यो घरभित्र पस्नु मेरा लागि ठूलो चुनौती थियो । किनकि म अछूत थिएँ । म त्यहाँ पसेको मुखियालाई पनि राम्रो नलाग्न सक्थ्यो । त्यति मात्र होइन, उनले 'नजा' भनेर रोक्न खोजेनन् भने पनि मनले आफैलाई गुमाउन सक्थ्यो । म बौलाही बन्न सक्थेँ त्यसैले मैले जोडेका लगभग सत्ताइस पाइला घटाउँदै लगेँ । फेरि आँसु गाला हुँदै स्वतः बग्न थाले । मैले आँसु पुछ्नै छाडिदिएँ । (पृ. ११०)

प्रस्तुत अंशमा समाजमा हुने छुवाछुत परम्पराको चित्रण गरिएको छ । वादी समुदायका व्यक्तिहरू अन्य जातका घरमा पस्ने कुनै अनुमति हुँदैन । अझ मुखियाका घरमा जानु त वादीहरूका लागि ठूलो कुरा नै हुन्छ । यस्तो अवस्थामा रहेको समाजमा पनि मुखियाले वादी समुदायकी फूलमायालाई आफ्नो घरमा ल्याएको थियो । फूलमाया मुखियाले वास्ता नगरेको अनुभव गरेपछि आफ्नो घर फर्केर जाने कुरा मनमनै खेलाएकी छे । मुखियाको घरमा पस्ने ठूलो चुनौती हुँदाहुँदै पनि फूलमाया प्रवेश गरेकाले मुखियालाई विभिन्न पीडा उत्पन्न भएको हो कि भनेर सोच्न बाध्य भएकी छे । सानो जात मानिएका समाजका व्यक्तिले ठूलावर्गका व्यक्तिसँग तादात्म्य गर्न धेरै गाह्रो हुने समाजको जातीय विभेदको यथार्थ, विभेदले ल्याएको असरको यथार्थ प्रस्तुत गरिएको छ ।

> एकाएक दिसा लागेको अनुभूति भयो । मुन्तिरको झाडीमा पसेँ । त्यहीँका पात बटुलेर चाक पुछेँ । फर्किएर केही फन्का आँगनमा घुमेँ । र, पिँढीको डिलमा बसेँ । (पृ. ११५)

प्रस्तुत अंशमा ग्रामीण नेपाली समुदायमा हुने गरेको अव्यवस्थित जनजीवनको चित्रण गरिएको छ । दिसा गर्न झाडीमा जानुपर्ने र पानीको प्रयोग गर्न पनि कठिन हुने समाजको चित्रण गरिएको छ । स्वस्थ जीवनका लागि कम्तिमा पनि खानेपानी र चर्पीको उचित व्यवस्थापन हुनुपर्दछ । तर पनि

तत्कालीन ग्रामीण समाजमा बाध्यताबस स्वास्थ्यलाई ख्याल नगरी फोहोरी जीवनयापन गर्नुपर्दथ्यो । सानो घर, घरको पिँढी, आँगनको डिल र घरवरिपरि झाडीहरू हुने गाउँले घरको स्थिति देखाइएको छ । यसकारण प्रस्तत अंशमा तत्कालीन गाउँले परिवेशको यथार्थचित्रण गरिएको छ ।

> उनको मुख चलिरह्यो, 'तेरी साथी बेला वादी समाती हिँडिसकी । तेरी अर्की साथी झुम्कीको अस्ति खोलामा लास भेटियो । कोई भन्दाछन् बगी । कोई पारी दय डाँडाका केटाहरूले मारेर बगाइदिया भन्दाछन् । क्या भनूँ ? झुम्कीलाई सबैजना मिली जबरजस्ती गऱ्या अरे । कति जनालाई सकोऊ त्यो बिचरी ! सक्दिनँ भन्दाभन्दै पन छोड्यानन् अरे । खुस्किछे विचरी ।'' फेरि डराएको भावमा साउती गरिन्, "कसैलाई नभनेई । सुन्याको हल्ला मात्रै हो । यसा कुरा धेरै गर्नुहुँदैन ।" (पृ. ११७)

प्रस्तुत अंशमा आफ्नो चिन्तित मनलाई भुलाउन डुलिरहेकी फूलमायालाई गाउँकी जल्लु दिदीले गरेको गाउँले कुरा रहेको छ । गाउँका महिलाहरूले आपसमा गर्ने गाउँले कुरा जस्तै जल्लु दिदीले पनि फूलमायाकी साथी बेला वादीसँग हिँडेको, अर्की साथी झुम्कीको खोलामा लास मात्र भेटिएको बताएकी छ । वादी समुदाय यति निरीहस्तरको छ कि मानौँ संवेदनशील अङ्गमा नचाहँदा-नचाहँदै कसैले बलात्कार गरिरहेको छ । कतिबेला कुन महिलाको बलात्कार हुने हो, कतिबेला कुन महिलालाई कसले मार्ने हो भन्ने कुराको ठेगान नभएको यथार्थ उक्त घटनाद्वारा प्रस्ट देखिएको छ । कतिपय महिलाहरू आफ्नो जातको केटा खोजेर हिँड्छन्, कतिपय खुलस्त रूपमा यौनधन्दा गर्दछन्, कतिपय नचाहेर पनि जीवनभर अरूलाई सन्तुष्ट पार्नुपर्छ भने कतिपय महिलाहरू अर्काकै कुरा काटेर जीवन व्यतीत गर्छन् यसप्रकार महिलाहरूको विभिन्न स्थिति रहेको वादी समुदायको यथार्थ प्रस्तुत अंशमा प्रस्ट देखिएको छ ।

> कम्मानले हपल्लो कुवाको पानी खायो ! चोखा जातिले रूखमा बाँध्याका छन् । (पृ. १२०)

तत्कालीन ग्रामीण समाजमा जातीय भेदभाव पर्याप्त मात्रामा थियो ठूला जाति मानिने मानिसले साना जाति मानिने मानिसलाई कुनै पनि दृष्टिकोणबाट आफूसमानको जीवनका आधारभूत आवश्यकता पूरा गर्न नदिने प्रचलन पनि थियो । उक्त वादी समुदायमा पनि वादी जातलाई सबैभन्दा तल्लो जात मान्ने र कुनै कार्यमा पनि अग्रसर हुन नदिने प्रचलन देखिएको छ । एकजना वादी पुरुषले कुवाको पानी खाएको आरोपमा गाउँभरिका अन्य जातका मानिसले रुखमा बाँधेर ढुङ्गाले हानेर मारेका छन् । सबै प्राणीका लागि प्राण धान्नु प्रकृतिले दिएको वस्तुमा पनि मानिसले

जातीयताका आधारमा तेरो र मेरो अधिकारको वस्तु भनी व्यवहार गर्दछन् । यसप्रकार पानी निस्किइरहने चोखो भइरहने सबैभन्दा शुद्ध मानिने पानीको स्रोत कुवामा पनि वादी जातका मानिसलाई प्रवेश गर्न नदिने नीच सोच भएका उक्त समाजका मानिसको चित्रण गरिएको छ । जातीयताको कुरालाई लिएर प्रकृतिक स्रोत र साधनलाई पनि आफ्नो स्वामित्व बनाउन खोज्ने पशुवत् व्यवहार भएका समाजका व्यक्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । व्यक्तिहरू मानिस-मानिसमा हुने आपसी छुवाछुत मात्र नभएर प्रकृतिक स्रोतहरूमा पनि छुवाछुतको प्रचलन चलाउने नीच समुदायको यथार्थ यस अंशमा प्रस्तुत गरिएको छ ।

> आमोईले मतर्फ हेरिन् । उनमा आँखा मबाट उठेर पाँचौं बातर्फ गए । उनले चामलको थाली छेउमा राखिन् । जुरुक्क उठेर बाछेउ गइन् । आफ्नै लोग्नेको गालामा जोरले हिर्काइन्, “मेरई कमाइ खाईकन मेरी छोरीलाई आँखा लाउँछै रन्डा ! ह्याबाटि निक्लिहाल्, जाँठा !” (पृ. १२४)

वादी समुदायका परिवार बेठेगान र अस्तव्यस्त हुन्छन् । छोराछोरीका बाबु कुनचाहिँ हो भनेर ठम्याउन आमाहरूलाई गाह्रो पर्छ । आफ्नै रगतको छोराछोरी हो कि होइन भनेर ठम्याउन बाहरूलाई गाह्रो पर्छ । आफ्ना छोरी ठूला भइसकेपछि बाबु नै यौनप्यासका शिकारी बन्न पुग्छन् भन्ने यथार्थ यस अंशमा आएको छ । फूलमायालाई आफ्नै बाले विभिन्न अङ्गहरूमा समात्दै “छोरी ठूली भइछे” (पृ. १२४) भनेको प्रसङ्गले प्रस्ट हुन आउँछ । आफ्नै छोरीमाथि यौनव्यवहार गर्न आँटेको देखेर फूलमायाकी आमाले बाको गालामा चड्कन लगाएकी छ । लोग्ने स्वास्नीको बिचमा हुने झगडा बाबुले छोरीप्रति राख्ने दृष्टिकोण, स्वास्नीले लोग्नेप्रति गर्ने असम्मानपूर्ण व्यवहारको यथार्थ प्रस्तुत अंशमा देखिएको छ ।

> उनले मेरो अनुहारतर्फ हेरिन् । मेरो गाला मुसारिन्, “छोरी ! जति धनी भया पन वदिनीको काम यै हो । धर्म पन यै हो । जति धनी भया पन बाहुनले पूजापाठ गर्छ । गरिब भया पन राजाले नै शासन चलाउँछ । यस्ता कुरा नगर कति नै चल्छ तैँले ल्यायाको धन ?” (पृ. १२५-१२६)

प्रस्तुत अंशमा फूलमाया र उसकी आमाबिचको संवाद रहेको छ । बाहुनले पूजापाठ गर्ने, गरिब भए तापनि राजाले नै शासन चलाउने गरेजस्तै यौनिक कार्यमा अरूलाई सन्तुष्ट पार्ने काम वदिनीको हो भन्दै आमोईले फूलमायालाई सम्झाएकी छ । वादी समाजका महिलाहरू केवल अरूलाई रिझाउनु पर्दछ भन्ने कुरामा मात्र ध्यान केन्द्रित छन् । आफूले प्रगतिशील कार्य नगरे तापनि युगअनुकूल

परिवर्तित हुनुपर्छ नभनी छोराछोरीलाई समेत आफ्नोजस्तै साँघुरो सोचको घेराबन्दीमा परेका छन् । यसप्रकार समयअनुकूल परिवर्तित नभई केवल यौन कार्यबाट अरूलाई सन्तुष्ट बनाई जीवनयापन गर्नुपर्दछ भन्ने तत्कालीन वादी महिलाहरूमा रहेको सोचको यथार्थ प्रस्तुत गरिएको छ ।

> पहिलोपटक रेल चढ्दा, प्लेन चढ्दा, पानीजहाज चढ्दाको भन्दा कयौँ गुना बिछट्टै मजा आयो । यति मजा त युद्धको भूमिमा दुस्मनको छातीमा गोली दाग्दा पनि आएन । बन्दुकको नालको डरले रूँदै सुतेकी दश-बाह्र वर्षकी कलिला केटीसँगको सम्भोगमा पनि आएन । माँ कसम ! तँ गज्जबकी चिज रैछेस् । (पृ. १३१)

वादी समुदायका महिलाप्रति पुरुषको नीचदृष्टि रहेको हुन्छ । केवल उनीहरूलाई भोग्याका रूपमा मात्रै लिने गर्दछन् । वादी महिलाहरू केवल अर्काको यौनप्यास मेटाउन जन्मेका हुन् भन्ने अन्य ग्राहक पुरुषहरूको सोच हुन्छ । आफ्नो यौनप्यास मेटाउने क्रममा वदिनीहरूलाई सामान्य रूपमा पनि सम्मान गर्दैनन् । जस्तोसुकै अश्लील शब्दहरूको प्रयोग गर्दछन् । लाहुरेले रेल चढ्दा, प्लेन चढ्दा, पानीजहाज चढ्दा, कलिला केटीहरूसँग सम्भोग गर्दाभन्दा ऊसँगको सम्भोगमा छुट्टै मजा आएको भनी फूलमायालाई भारततर्फ लैजानका लागि फकाएको छ । यसरी निर्लज्ज भई अश्लील शब्दहरू प्रयोग गरी वादी महिलाहरूलाई सम्भोग गर्ने पुरुषको यथार्थ चित्रण यस अंशमा गरिएको छ ।

> त्यही दिनबाट मैले होटल छाडिदिएँ । फेरिएको थियो मेरो काम । त्योभन्दा अगाडि पनि मैले जङ्गलबाट दाउरा ल्याई यही बजारमा बेच्ने कोसिस गरेँ । तर व्यापारीहरू दाउरासँग मेरो मोलतोल गर्न पछि परेनन् । त्यही क्रममा नै म त्यो होटलमा काम गर्न थालेकी थिएँ । (पृ. १४७)

प्रस्तुत अंशमा फूलमायाकी नातिनी वसन्तीले म पात्रलाई आफ्ना दुःखहरू बताएको प्रसङ्ग रहेको छ । वादी समुदायका कतिपय महिलाहरू सकेसम्म आफै सङ्घर्ष गरेर जीवन चलाउनु पर्दछ भन्ने मान्यता राख्ने हुन्छन् । आफूले सङ्घर्ष गरेर जीवन चलाइरहँदा पनि अन्य परपुरुषको कुदृष्टिबाट कहित्यै बच्न नसकेको वसन्तीले बताएकी छ । होटलमा काम गर्दा र दाउरा बेच्दा पनि अन्य कुराको भन्दा शरीरकै मोलतोल गर्न अग्रसर हुने गरेका पुरुषको बयान गरेकी छ । यसप्रकार यौनधन्दाभन्दा अन्य सङ्घर्षका कार्य गरेर जीविकोपार्जन गर्न चाहने वादी महिलाहरूलाई ज्यान जोगाउन धेरै दुःख पर्ने कुरा जनाइएको छ । कुनै काममा पनि महिलाले आत्मसम्मानको अनुभूति गर्न नपाउने बाध्यात्मक स्थितिको यथार्थ प्रस्तुत अंशमा गरिएको छ ।

> वसन्तीले भनी, “बजारको होटलमा फोन नम्बर छाडेर आउँदा भइहाल्थ्यो त ? जँड्याहाहरू पाइहाल्थी ।” (पृ. १५०)

सुन्दर रूप भएका वादी महिलालाई ग्राहक घरघरमा खोजीखोजी आउने तर कुरूप र सफाइ नहुने वादी महिलालाई ग्राहक पाउन गाह्रो भएको प्रसङ्गमा वसन्तीले दिएको जवाफ प्रस्तुत अंशमा आएको छ । वादी पेशेवर महिलाहरू घरमा ग्राहक नआएदेखि बजारको होटलमा आफ्नो फोन नम्बर छोड्ने गर्दा जाँड खाने जँड्याहाहरू भए पनि ग्राहक बनेर आउने तरिका प्रस्तुत गरिएको छ । जसरी भए पनि आफ्नो यौनधन्दाको पेसा चलाउने वादी महिलाहरूको यथार्थ यस अंशमा व्यक्त गरिएको छ ।

> उसले असाधारण किसिमको कुरा गऱ्यो, “आमाको पोइ हुनु, म सत्य बोल्दैछु । कसम पत्याउनुहोस् । आफ्नी छोरीको बारे मलाई हरेक कुरा थाहा छ । उसँग दुई-चार जनाभन्दा बढी सुत्या छैनन् । बरू सस्तोमा मिलाइदिन्छु ।” (पृ. १५५)

प्रस्तुत अंशमा वसन्तीको घरमा एक्लै बसिरहेको म पात्रसम्म बाहिर जाँड खाएको व्यक्तिले बोलेको कुरा आएको छ । उसले म पात्रलाई दुई-चार जना भन्दा बढीसँग नसुतेकी केटीसँग यौनसम्बन्ध राख्न आग्रह गरेको छ । उसको भनाइअनुसार आफ्नी छोरीका लागि आफूले ग्राहक खोज्दै हिँडेको कुरा म पात्रले बुझेको छ । किशोरावस्थामा रहेका छोरीहरूलाई शिक्षादीक्षा दिनका लागि शिक्षक र विद्यालय खोज्दै हिँड्नुपर्नेमा आफ्ना छोरीहरूसँग सुत्ने ग्राहक खोज्दै हिँड्ने वादी समुदायका पुरुषहरूको यथार्थता झल्काइएको छ ।

> एक मनलाई लागिरह्यो - मुखियानी भाग्नु र म मुखियासँग लाग्नुबीच एउटा गहिरो कारण हुनुपर्छ । पक्कै त्यो कारण मिल्दोजुल्दो छ । घोडा स्याहार्ने नोकर र मुखियानीबीच पनि कुनै न कुनै कुराको मिलनविन्दु छ । (पृ. १६६)

प्रस्तुत अंश मुखियाकी श्रीमती मुखियानी पोइला गइसकेपछि फूलमायाले मनमा खेलाएको मनोवाद रहेको छ । वास्तवमा तत्कालीन समुदायमा साना वर्गका वादी महिला मात्र यौनधन्दामा लागेर ठूला वर्गका महिला पनि भित्रभित्रै यौन व्यवहारमा तल्लीन रहेको यथार्थ पत्ता लागेको छ । वादी जातिलाई सानो जात भने पनि ठूला जाति मानिएका पुरुषहरू पनि वादी महिलाहरूसँगै सम्भोग गर्न आउने यथार्थ रहेको छ । ठूला र साना वर्गका समाजका मानिसहरूबिच अन्य कुराहरू नमिले तापनि उनीहरूबिच यौनको व्यवहार भने समान हुने कुरा फूलमायाद्वारा व्यक्त भएको छ । किनभने वादी समुदायकी फूलमायालाई मुखियाले आफ्नो घरमा ल्याउनु र सुखसयलमा बसेकी मुखियानी

नोकरसँग पोइला जाने व्यवहारबाट व्यक्तिको यौनिक सम्बन्धले जातीयतालाई पनि एकनास पार्ने यथार्थ प्रस्ट पारिएको छ । यसप्रकार समाजमा हुने साना जाति वा वर्गदेखि ठुला जाति वा वर्गका व्यक्तिहरूको समाजले प्रत्यक्ष देखिने र नदेखिने व्यवहार जस्ताको तस्तै पस्किएको हुनाले यस अंशमा सामाजिक यथार्थवाद प्रस्ट हुन आएको छ ।

> आमोइको काँप्दै गरेको स्वर कानमा गुञ्जियो, जै दिनदेखि वदिनीको शरीर बिक्न छोड्छ त्यै दिनदेखि ऊ बुढी हुन्छे । (पृ. १६७)

प्रस्तुत अंश आफ्नी आमाले भनेको कुरा सम्झिँदै गरेकी फूलमायाको मनोवादका रूपमा आएको छ । वादी समुदायका महिला यौनप्यास मेटाउन आउने ग्राहक पुरुषलाई सन्तुष्ट पार्नमै जीवन बिताउँदछन् । उनीहरूको जीवनका विभिन्न उमेरावस्था अङ्कित उमेरले छुटिँदैन जुन दिनदेखि ग्राहकका रूपमा आएका पुरूष सम्भोग गर्नका लागि आकर्षित हुँदैनन् त्यही दिनदेखि वादी महिलाहरू बुढी हुने कुराको यथार्थता प्रस्तुत गरिएको छ ।

> भनी, "हामी ह्याँ आयाको वर्ष दिन मात्रै भयो हामी आउनुभन्दा धेरे वर्ष अगाडि उसलाई मुखियाले घोडामा राखी लग्याका थिया अरे । राजकुमारले राजकुमारीलाई लग्याजसरी । यो सब मुइले सुन्याको राजकुमारको कथाजस्तै लाग्दो छ ।" (पृ. १७१)

सुदूरपश्चिमी ग्रामीण समुदायमा वादी जातिका व्यक्ति सबैभन्दा तल्ला स्तरका मानिन्छन् । सम्पत्ति भएका ठूलाबडाले यौवन अवस्थाकी केटी रोजी रोजी पाउने तर वादी महिलाहरूलाई त्यस्ता ठूला जातका र वर्गका व्यक्तिसँग सम्बन्ध राख्न असम्भव हुन्थ्यो । यदि कुनै ठूला जात र वर्गका व्यक्ति वादी महिलासँग सम्पर्क राख्यो भने निकै ठूलो कुरा सम्झने र ती महिलाहरू आफूलाई भाग्यमानी ठान्दछन् । एक सुन्दरी किशोरीले वादी जातकी फूलमायालाई मुखियाले घोडामा चढाएर आफ्नो घर लगेकोमा राजकुमारले राजकुमारीलाई घोडसवार गरेर लगेको उपमा दिएकी छ । फूलमाया र मुखियाको कहानीलाई उसले सुन्ने गरेको राजकुमारको कथासँग दाँजेकी छ । यसप्रकार मानिसमा रहेको भेदभावले व्यक्तिलाई साँघुरो सोच बनाउन बाध्य बनाउँछ । त्यस्तै वादी जातिका महिलाहरू अन्य जातका पुरुषसँग समागम गर्न पाउँदा भाग्यमानी ठान्ने यथार्थ प्रस्तुत अंशमा प्रस्ट भएको छ ।

> ऊ मुस्कुराई, "था छ, ठूला जातका आइमाई बच्चालाई दूध चुसाउँदा छाती छोप्छन्, टाउको छोप्छन् । हाम्रामा बच्चाले दूध चुस्दै गर्दा कोही लोग्नेमान्छे उक्ल्याको हुन सक्छ," उसले अचम्मको कुरा गरी, सबै जात बराबरी भइसक्यो अरे । मुलाई एक

बम्मैबाट पढेर आयाको मान्छ्याले सुनायाको थियो तर ह्याँ यस्तो छैन । (पृ. १७२-१७३)

उपन्यासकारले प्रस्तुत गरेको उक्त वादी समाजमा बाहुन-क्षेत्री महिलाहरू बच्चालाई दुध चुसाउँदा छाती र टाउको छोपेर आफ्नो लज्जारूपी अस्मितालाई बचाउँदछन् । वादी जातका महिलाहरू बच्चाले दुध चुस्दै गर्दा पनि कुनै लोग्ने मानिसले सम्भोग गरिरहेको हुन सक्ने निर्लज्जपनलाई देखाइएको छ । उक्त समाजमा बाहुन, क्षेत्रीबाहेक वादी जातिलाई घृणित जातिका रूपमा व्यवहार गरिएको प्रस्ट भएको छ । आफ्नो व्यवहारले होस् या अर्काले राख्ने दृष्टिकोणले जे भए तापनि वादी महिलाहरूको अस्मिता र अस्तित्व नभएको देखाउँदै समाजले मूल्याङ्कन गरेको यथार्थ प्रस्तुत अंशमा स्पष्ट हुन आएको छ ।

सिंहदरबारको गेट अगाडि कपडा खोलेर सबै वादीहरू नाङ्गा भयौँ । त्यो बेला म पनि नाङ्गी भएकी थिएँ आन्दोलनका खातिर, आफ्नो हकका लागि । तर सरकारले हाम्रो नाङ्गो शरीर हेर्दै र्‍याल काढ्यो । सुरक्षाकर्मीले हामीमाथि डन्डा बर्सायो । (पृ. १९४)

आफ्नो अस्मितालाई कायम गरी सामान्यस्तरको जीवन जिउन पाउँ भनी वादीहरूले तत्कालीन समयमा गरेको आन्दोलनको वर्णन गरिएको छ । सरकारविरूद्ध मुर्दावादको नारा लगाउने ढुङ्गा-मुढा गर्ने, सिंहदरबारका अगाडि कपडा खोलेर नाङ्गै हुनेजस्ता क्रियाकलाप गरेर आन्दोलन गरेका थिए । आफूले पाउनुपर्ने सामान्य अधिकारको माग गर्दै आन्दोलन गरे तापनि सरकारले उनीहरूको नाङ्गो शरीर हेरेर र्‍याल काढेको तर माग पूरा नगरेको राजनीतिक यथार्थ प्रस्तुत भएको छ । नेपालको कानुन नेताले जानून् भनेजस्तै सत्तामा बस्ने तर जनताका सामान्य दुःख पीडालाई नबुझ्ने प्रवृत्तिको चित्रण गरिएको छ ।

खै साहेब थाहा छैन । भनिन्छ, हामी परीहरूका सन्तान हौँ । इन्द्रले परीहरूलाई नचाए, उनीहरूलाई भोगे । सायद त्यही मिथकदेखि सुरू भयो । कसैले शिवको श्रापको कारण, कसैले हामी ब्राह्मण थियौँ भन्छन् । यस्ता अनेकौं किंबदन्ती मात्र छन् । तर कहिलेदेखि कसरी भयो, कसैलाई एकिन छैन । हामीहरू यहाँ खास त भारतबाट आएको हौँ यहाँका दरबारमा नाचगान गर्थ्यौँ रे । हामी दरबारको इसारामा नाङ्गिन्थ्यौँ पनि । हामीलाई पाल्ने जिम्मा दरबारकै हुन्थ्यो रे । तर बाइसी-चौबीसी राज्य हराएसँगै हाम्रो स्तर घट्दै गयो । हामी सबैका लागि खुला र साझा हुँदै गयौँ । (पृ. १९५)

प्रस्तुत अंश वादी जातिको उत्पत्ति कसरी भयो भन्ने प्रश्नको जवाफमा आएको छ । वादी जातिको उत्पत्ति र उनीहरूको पेसा कहाँबाट र कसरी सुरू भयो भन्ने कुनै पनि तथ्यको यकिङ नभएको बताइएको छ । परीहरूको सन्तानमाथि इन्द्रको भोगविलासबाट सुरू भएको भन्ने छ भने कतै ब्राह्मणलाई शिवको श्राप परेको भन्दछन् । खासमा भारतबाट आएका महिलाहरू दरबारमा नाचगान गर्ने, दरबारकै इसारामा नाङ्गिने गर्दथे । दरवारको सङ्गतले वादी महिलाहरू आफूले गरेको परिश्रम भन्दा दोब्बर कमाउने भएका थिए । बाइसे-चौबिसे राज्य हराएसँगै उनीहरूको स्तर घट्दै गएको वसन्तीले बताएकी छ । यसरी हरेक किंबदन्तीअनसुार वादी जाति नाचगान र भोगविलासी परम्पराबाट आएको देखिएको छ । वादी जातिको उत्पत्ति र पेसाको थालनीको खोजी गर्नु यस अंशमा यथार्थका रूपमा आएको छ ।

विवेक ओझाद्वारा लिखित *ऐलानी* शीर्षकको उपन्यासले नेपालको पश्चिमी भेगका वादी समुदायभित्रको कथा, व्यथा र अवस्थाको बारेमा यथार्थलाई उजागर गरेको छ । वादीहरू आफूलाई स्वर्गका राजा इन्द्रका दरबारमा नाच्ने-गाउने अप्सराका सन्तान ठान्छन् । यिनीहरू जब नेपालमा बाइसी-चौबिसी राज्य थियो त्यस समयमा यिनीहरू दरबारहरूमा नाच्ने-गाउने काम गर्थे । यौनकर्म गरेर जीविका चलाउनुलाई आफ्नो नियति सम्झने यिनीहरू परपुरुषलाई शरीर सुम्पनु नै मुख्य रूपमा आयआर्जनको कार्य ठान्छन् । यो उपन्यासको प्रमुख पात्रहरूमा हजुरआमा (फूलमाया), नातिनी (वसन्ती), मुखिया, मुखिनी र म पात्र रहेका छन् । यिनीहरूकै सेरोफेरोमा उपन्यासको कथानक घुमेको छ ।

यौनधन्धा नगर्ने प्रण गरेकी बसन्तीले होटलमा काम गरेकी छ, तर काम गरेको ज्याला लिन जाँदा होटेल मालिकसँग सुत्नु परेपछि उनी पनि यसै पेसामै प्रवेश गरेकी छ । देशमा विभिन्न प्रकारका आन्दोलनहरू भयो तर वादी समुदायको दिन फेरिएन । उनीहरूले शरीर बिक्री गर्नुपर्ने विवशता हटेन । समाजका तथाकथित ठूलाबडा भनाउँदाहरूले यो समुदायलाई हेयका दृष्टिले हेर्ने गरेको कुरा पानी छोएको निहुमा कम्मानको हत्या हुनुले पनि दर्साउँछ । यसो समुदायका महिलाहरूको शरीर बिक्रीको साधन बनाउने र उनीहरूले छोएको पानी पनि नचल्ने तर उनीहरूको शरीर चल्ने कुरा उपन्यासमा प्रस्तुत भएको छ । यो समुदायमा छोरी जन्मिदा खुसी हुने लेखकले बताएका छन् । यो समुदायमा रहेका साना बच्चाहरू पनि विद्यालय जान छोडेर यौनधन्धामा लाग्ने गरेकाले शैक्षिक चेतना एकदम न्यूनस्तरको रहेकाले यिनीहरूको जीवनस्तर पिछडिएको देखिन्छ भने सरकारी तथा गैरसरकारी संस्थाहरूले पनि यिनीहरूको नाममा आफ्नो मात्र स्थिति सपारिरहेको देखिन्छ । यसैले उपन्यासले वादी समुदायको यथार्थ चित्रण गरेको देखिन्छ ।

## ३.३ मनोवैज्ञानिक यथार्थवाद

मानव जगत्का आन्तरिक रूपमा दबिएर रहेका कुण्ठाहरूलाई सोअनुसारका पात्रहरूको चयन गरी बाहिर प्रस्फुटन गराउनु मनोवैज्ञानिक यथार्थवाद हो । यस उपन्यासमा उपन्यासकारले पात्रका मनमा झल्किएका विभिन्न मनोभावना, नारीभित्र दबिएर रहेका भावना, जीवनसम्बन्धी मानवीय मनोभावना, नारीभित्रको अव्यक्त उत्पीडन आदि विषयवस्तु प्रस्तुत गरेका छन् । यसरी विभिन्न पात्रहरूका माध्यमबाट विभिन्नस्तरका पात्रहरूको प्रयोग गरी उनीहरूभित्र रहेको भावना, उनीहरूले गर्ने व्यवहार, उनीहरूभित्र रहेका मनका पीडा, पश्चात्तापका भावना आदि भित्री मनबाट उत्पन्न विषयहरूको उत्थान गरेको हुँदा प्रस्तुत *ऐलानी* उपन्यास मनोवैज्ञानिक यथार्थवादी उपन्यासका रूपमा रहेको छ । उपन्यासभित्र रहेका मनोवैज्ञानिक यथार्थवाद झल्काउने विभिन्न अंशहरू निम्न रूपमा रहेका छन् :

> बिहानको न्यानो सूर्यले दिउँसो पोल्छ । आफ्नो कोमलता छोडेर त्यही सूर्य विरक्तिँदै साँझमा पहाडपछाडि डुब्छ । ठीक माया पनि त्यही हो । न्यानो छोडेर पोल्दै, विरक्तिँदै डुब्छ एकदिन । (पृ. ११)

प्रस्तुत अंशमा मायासँग सूर्यलाई दाँजिएको छ । जसरी सूर्य बिहान कोमल रूपमा आई दिउँसो पोल्दछ र विरक्त भावमा साँझमा पहाडपछि डुबेर जान्छ त्यसरी नै मानव जीवन पनि आशापछि निराशातर्फ उन्मुख हुँदै सकिन्छ । वादी समुदायका नारी यौवन अवस्थामा आफ्नो शरीरलाई यौनधन्दामा बेच्दै गर्दा विभिन्न व्यक्तिहरूले आफ्नो यौनप्यास मेटाउन ठूलाठूला आशा देखाउने र आफ्नो प्यास मेटिएपछि निरास बनाउँदै छाडेर जाने व्यवहारबाट पीडित बनेका हुन्छन् । यस्तो व्यवहारबाट नारीप्रति हुने मानसिक तनाव र निरीह जीवनप्रतिको निराशापना कहिल्यै सकिएर जाँदैन । माया र प्रेमको वास्तविक स्वाद चाख्न नपाउने, केवल आशा र निराशामा नै जीवन व्यतीत गर्नुपर्ने बाध्यताले उक्त समाजका नारीहरूको मनस्थिति खलबल हुँदै कमजोर हुन्छ । यसप्रकार वसन्तीको भनाइबाट आएको उक्त अंशमा नारीको मनमा उपन्न हुने आशा र निराशा भाव देखिएको छ । यसरी उक्त अंशमा मनोवैज्ञानिक यथार्थ प्रस्तुत भएको छ ।

> उनका लत्रिएका निरस ओठहरू तन्किए, तनक्क । अनि सोधिन्, बिल्कुलै अलग प्रसङ्गको प्रश्न, बिँडी छ ? बिँडी छ भने सुनाउँछु । (पृ. १४)

प्रस्तुत अंशमा वसन्तीकी हजुरआमाले म पात्रसँग आफ्नो जीवनवृत्तान्त बताउन बिँडी सल्काउन आग्रह गरेको प्रसङ्ग रहेको छ । आफ्ना मनका कथा-व्यथा सुनाउन पनि चुरोट-बिँडी सल्काउनुपर्ने

लत लागेको यथार्थ प्रस्तुत अंशमा बताइएको छ । वादी समुदायका महिलाहरू यति सहनशील बन्नुपर्छ कि जसले जस्तो चाहे पनि, जस्तो व्यवहार गर्न खोजे पनि उस्तै प्रकारले सहमत हुनुपर्छ । आफ्ना मनका चिन्ताहरूलाई भुलाउनका लागि चुरोट, बिँडीजस्ता सुर्तीजन्य पदार्थ आदिको सेवन गरेर जीवनका सुख-दुःखका कुरा गरी दिन काट्ने गर्दछन् । त्यही बानीले गर्दा कसैका कुरा सुन्न वा आफ्ना कुरा अरूलाई सुनाउन पऱ्यो भने पनि चुरोट, बिँडी सल्काउनुपर्ने अनिवार्यता हुन्छ । फूलमाया पनि बुढेसकालमा आफ्ना दुःखहरू भुल्नका लागि बिँडी म पात्रलाई पिउन लगाएकी छ । लोग्नेमान्छेले बिँडी हातमा च्यापेको तथा मुखमा लगाएको देख्दा फूलमायालाई मुखियाको झल्को लाग्ने भएकाले यादको पुनर्ताजगीका लागि बिँडी सल्काएर तान्न लगाएकी छ । यसप्रकार बुढी फूलमायाको मनोविज्ञान प्रस्तुत गरिएकाले यस अंशमा मनोवैज्ञानिक यथार्थ प्रस्ट देखिएको छ ।

> कतिपटक त झुक्किएर छिरेकी थिएँ अनि देखिसकेकी थिएँ- आमोईको नाङ्गो शरीर, आमोईमाथि नाङ्गै उफ्रिरहेको लोग्ने मान्छे । सायद मेरो पाँचौं बालाई पनि सो कुरा थाहा थियो । त्यसैल ऊ घरदेखि दूर जान्थ्यो । अझ भनौं ऊ कतै दारु खान पस्थ्यो । (पृ. १६)

आफ्नो श्रीमान्  र श्रीमतीको नै यकिन नहुने वादी समुदायमा पत्नीहरूका अस्थायी पतिहरू दैनिक परिवर्तन भइरहँदा घरको लोग्नेमान्छेलाई परेको पीडा यस अंशमा देखिएको छ । आफ्नो अधिकारभित्र रहनुपर्ने जीवनसाथी अरूकै यौनप्यास मेटाउन तल्लीन भइरहँदा श्रीमान्ले आफ्नो मनको पीडा लुकाउन दारु खान घरबाट निस्केर टाढा जानुपर्ने अवस्थाको चित्रण गरिएको छ । आफ्नै श्रीमती ग्राहक पुरुषसँग यौनक्रीडा गरिरहेको दृश्यलाई देखे पनि नदेखेझैँ यथार्थलाई लुकाएर आफ्नो मनलाई पिल्साउँदै घरबाट निस्किदिनुपर्ने बाध्यताबाट पुरुषमा परेको मनोवैज्ञानिक असर देखिएकोले प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ रहेको छ ।

> हामी त नाचगानका लागि जन्म्याका जात हौं । मालिकको सेवा गऱ्या धर्म हुन्छ । खेतीपाती गर्न र वस्तुभाउ पाल्न हाम्रो जातमा लेख्याको छैन । (पृ. १८)

प्रस्तुत अंशमा सामाजिक रीतिरिवाजले प्रगतिशील उमेरमा रहेका किशोर-किशोरीको मनोविज्ञानमा परेको असर व्यक्त गरिएको छ । "हामीले किन खेतीपाती लगायत अन्य काम गर्न पाउँदैनौं ?" भनेर छोरीले गरेको प्रश्नमा "यदि हामीले अन्य कर्म गऱ्यौं भने पाप लाग्छ, हाम्रो भाग्यमा लेखेको छैन..." (पृ. ...) भन्दै आमाले उत्तर दिएकी छन् । बालबालिका वा किशोरावस्थाका व्यक्ति भनेका भविष्यका कर्णाधार हुन्, काँचो माटो हुन्, संसार हाँक्ने योद्धा हुन्, जीवनको यात्रा गर्ने यात्री हुन्,

जबसम्म अभिभावक तथा अग्रजहरूले सकारात्मक कुराले ती बालबालिकाको मस्तिष्क भरिदिएका हुन्छन् । तर वादी समुदायका अभिभावकले आफ्ना छोराछोरीलाई बाल्यकालदेखि नै हामी असक्षम छौँ, अन्य कार्य गर्ने अधिकार छैन, गऱ्यो भने पाप लाग्छ भन्ने आदि कुराले बाल मस्तिष्कमा ठूलो असर परेको देखिन्छ । यसरी केही गर्छु भन्ने उमेरकी जीवनवृत्तान्तप्रति जिज्ञासा राख्ने किशोरी फूलमायाको मनोविज्ञानमा ठूलो प्रभाव पारेको छ । यसरी प्रस्तुत अंशमा वादी समुदायमा रहेका भविष्यका कर्णाधार मानिने किशोरीहरूको मानस्पटलमा परेको असर देखिएको हुँदा मनोवैज्ञानिक यथार्थ प्रस्ट भएको छ ।

> पारिपट्टिको उकालो चढ्दा मैले आमोइलाई सिकाएँ, "आमोई मस्तै चामल माग्नु है ।"
>
> (पृ. १९)

भर्खरै किशोरावस्थामा प्रवेश गरेकी वादी समाजकी किशोरी पनि मुखियाहरूसँग चामल माग्न बानी परेको यथार्थ प्रस्तुत गरिएको छ । किशोरावस्थाका नारी पनि अन्य शैक्षिक, बौद्धिक, सामाजिक स्तरोन्नति नगरेर केवल बिहान-बेलुका खाने चामलका लागि आफ्नो शरीर परपुरूषसँग पस्किने व्यवहारमा मात्रै केन्द्रित रही आफ्नो मनस्थिति साँगुरो भएको कुरा जनाइएको छ । आफ्नो यौवन परपुरुषलाई सुम्पिएवापत बिहान-बेलुका छाक टार्ने चामल प्रप्तिबाट नै खुसी मान्नुपरेको बाध्यात्मक अवस्थाको मनोविज्ञान केलाइएको हुँदा यहाँ मनोवैज्ञानिक यथार्थ रहेको छ ।

> उनले गरेका गन्थन पूरा बुझिनँ । केहीकेही छेउटुप्पो बुझेको झैँ लाग्यो । मनले तुरुन्तै अनौठो कुरा सोच्न भ्यायो - 'मेरो नाक र छालाको सुकिलो तमीसँग मिल्छ सायद । कतै मु तम्रै रगत त हैन ...?' (पृ. ३०)

प्रस्तुत अंश मुखियाले फूलमायाका अङ्गहरू खेलाउँदै आनन्द लिइरहेका अवस्थामा फूलमायाले एकल मनोवाद गरेको प्रसङ्ग हो । वादी समुदायका महिलाहरूसँग प्रत्येक दिन फरक-फरक परपुरुषहरू आएर यौनप्यास मेटाएर जाने गर्दछन् । यद्यपि घरमा श्रीमान् भए तापनि वादी महिलाबाट जन्मने सन्तानको बाबु को हो भनेर ठम्याउन गाह्रो हुन्छ । त्यस्तै यहाँ फूलमायाले पनि धेरै वर्ष पहिलेदेखि मुखिया आफ्नी आमासँग यौनव्यवहार गर्न आइरहने हुनाले आफू पनि मुखियाकै रगतको सन्तान हो कि भन्ने शङ्का गरेकी छ । यसरी वादी समुदायका बालबालिकाले आफ्नो बाबुको ठेगान नहुँदा पनि चित्त बुझाई जीवनयापन गर्नुपर्ने बाध्यात्मक स्थितिको मनोवैज्ञानिक यथार्थ प्रस्तुत गरिएको छ ।

> मुखियाले आफ्नो तृष्णा मेटे । म वस्तु थिएँ क्यार । मलाई आमोईले भनेजस्तो मजा लागेन । त्यस्तो अपार आनन्दको अपेक्षा पनि बिल्कुलै थिएन । थाहा थियो - पहिलोपटक बहुतै पीडा हुन्छ । वादीबाडामा धेरैका पहिलो अनुभव सुनेकी थिएँ । (पृ. ३२)

किशोरावस्थामा शारीरिक अङ्गहरूको विकास हुँदै जाँदा यौनेच्छा पनि बढ्दै जान्छ । प्रथमपटक यौनसम्बन्ध राख्दा छुट्टै आनन्दको अनुभूति हुन्छ । प्रस्तुत अंशमा फूलमायाको जिन्दगीमा पहिलोपटक मुखियासँग यौनसम्बन्ध भए तापनि आनन्दको अनुभूति नभएको कुरा व्यक्त गरेकी छ । बालकैदेखि अन्य महिलाद्वारा यौनसम्पर्कका अनुभवहरू सुनिरहेकी फूलमायाले पहिलाचोटिको यौन आनन्द अपेक्षाकृत रूपमा पाएकी छैन । आफ्नो इच्छाअनुसार यौनसम्पर्क नहुनु, बाध्यतामै गर्नुपरे तापनि आनन्दको अनुभूति नभएकाले उसको मानसिकतामा खलबल भएको छ । यसरी किशोरीको पहिलोचोटि यौनसम्पर्क गर्दा मनमा उत्पन्न भएका कुराहरूको वर्णन गरिनुले मनोवैज्ञानिक यथार्थ रहेको प्रस्ट हुन्छ ।

> उनले मेरा आँखामा प्रेमपूर्वक आँखा राखिन् । हतारिँदै बोलिन् । अमिल्दो र असुहाइलो प्रसङ्ग झिकिन्, “छोरी, क्यै मैनासम्म तँलाई भातमात्रै पकाउँछु है ! तँलाई मकैदेखि दिक्क लागिसक्या होला । भाल्याको मासु नखाको पन मस्तै दिन भयाका थिया । तेरो बा आयापछि आज भाल्या काट्ला ।” (पृ. ३८)

प्रस्तुत अंशमा फूलमायासँग उसकी आमाले मुखियाद्वारा केही पैसा र धान प्राप्त भएपछि व्यक्त गरेको खुसी देखाइएको छ । केही महिनासम्म भातमात्र पकाउने भालेको मासु पकाउने कुरा व्यक्त गरेकी छ । पञ्चायती व्यवस्था रहेको समयमा मुखियाहरूले आफ्नो शासन चलाउने गाउँमा रहेका गरिखाने व्यक्तिहरूबाट काम शोषण गरी केही वस्तुमात्रै दिएर खुसी बनाउने प्रचलन रहेको थियो तत्कालीन ग्रामीण समाजका मान्छेले खानका लागि धानमात्र भए पनि पुग्ने तर आफूप्रति शोषण गरेको कुरा बुझ्न नसकेको कमजोर मनस्थिति देखिइएको छ । आफ्नै छोरी मुखियासँग यौन क्रियाकलाप गरी केही वस्तु आर्जन गरेकाले आमाचाहिँ खुसी भएर चामलको भात पकाउँछु, भालेको मासु पकाउँछु भनी अझै प्रोत्साहन गरेकी छ । यसरी आफ्नी छोरीले यौनधन्दा गर्न थालेपछि प्रोत्साहनस्वरूप खुसी दिलाउन आमाले गरेको व्यवहारको चित्रण गर्दै आमा र छोरी दुवैमा पर्ने फरक मनस्थितिलाई समेत केलाईएको छ । यसकारण प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ रहेको प्रस्ट भएको छ ।

> ऊ अन्कनाई । थोरै गम्भीर देखिई, "सातमा, अँ... पढ्न छोडिदिएँ । यै बस्तीका मेरा साथीहरू अहिले बाह्रमा पढ्छन्" । (पृ. ४३)

प्रस्तुत अंश म पात्रले वसन्तीलाई पढाइका बारेमा सोध्दा उनले दिएको उत्तरका रूपमा आएको छ । वादीवस्तीका महिलाले आफ्नो बौद्धिक क्षमता तीव्र भए तापनि बाध्यात्मक परिस्थितिले पढ्न नपाएको यथार्थ देखाइएको छ । पढ्ने उमेरका किशोरीहरू यौनधन्दाका कारण पढ्न हिचकिचाउने गर्दछन् । आफ्नै साथीहरू शैक्षिक क्षेत्रमा अगाडि बढ्दै गए तापनि वादी समुदायका किशोरीहरू केवल घरमै बसी परपुरुषलाई सन्तुष्ट बनाउने कार्यमा तल्लीन भएकाले पढ्न, लेख्न समय नपाएको देखिएको छ । चाहेर पनि पढ्ने वातावरण नभएकाले उनीहरूको मानसिकता साँघुरो बन्दै गएको छ र हीनताबोध उत्पन्न भएको छ । निम्नवर्गीय वादी समुदायका महिलाहरू बाध्यात्मक परिस्थितिका कारण पढ्न नपाउँदा सँघुरो घेराभित्र निरीह जीवन व्यतीत गर्नुपर्दा उनीहरूको मनस्थितिमा परेको असर देखिएको छ । यसप्रकार उक्त अंशमा मनोवैज्ञानिक यथार्थ प्रस्ट हुन आएको छ ।

> ऊ भर्खर फक्रेको रातो गुलाबझैँ लागी । त्यो मुस्कानले मलाई भमराझैँ बनाइदियो । उसलाई अँगाल्न मन लाग्यो । चाहनाहरू एकाएक उठे - जे पर्ला ओठहरू चुमिदिऊँ । (पृ. ४३)

प्रस्तुत अंशमा म पात्रले वसन्तीको रूपसौन्दर्यलाई हेर्दा आफूलाई छोडेर गएकी श्रीमती सावित्रीको झल्को मेटाएको छ । वसन्तीलाई सावित्रीझैँ लागेर म पात्रको मनभित्र कामवासना उत्पन्न भएको छ । आफ्नै पत्नीजस्तो अनुभव गरेर यौनप्यास मेटाउने कल्पना गरेको छ । आफूलाई छोडेर गएकी श्रीमतीबाट अलग्गिएपछि उसलाई भूल्न धेरै प्रयास गरेको म पात्र फेरि उसैको झल्कोमा रुमलिएको छ । यसप्रकार आफ्नो जीवनमा सम्बन्ध गाँसिएका व्यक्तिहरूको झल्को कहिल्यै मेटिँदैन यदि भौतिक उपस्थितिमा टाढा भए तापनि मनमा ती व्यक्तिको छवि सदा सर्वदा रहिरहन्छ भन्ने मनोवैज्ञानिक यथार्थ म पात्रको मनोविज्ञान केलाउँदै प्रस्ट पारिएको छ ।

> सोचेँ- एकछिनको मोहमा फसेर हुन्न । म सुत्दिनँ योसँग ! यसको के भरोसा ! बिहे गरेर भित्र्याएकी स्वास्नीले त बलात्कारको मुद्दा हाल्छु भनेर धम्क्याएकी थिई । (पृ. ४९)

प्रस्तुत अंशमा वसन्तीलाई देखेर आफ्नी पूर्वपत्नी सावित्रीको कल्पना गरेको म पात्र उही वसन्तीप्रति मोहित बनेर मानसिक रूपमा यौनेच्छा गरेको प्रसङ्ग रहेको छ । जति भुल्छु भने तापनि विगतलाई कसैगरी पनि भुल्न नसकिने मनमा छाप बनेर बसिरहने कुरा यस अंशमा व्यक्त गरिएको छ । म

पात्रले विगतमा आफ्नी स्वास्नीले बलात्कारको मुद्दा हाल्छु भनेर धम्क्याएको कुरा सम्झेको छ । विगतले वर्तमानसम्म पनि व्यक्तिको मनस्थितिमा धेरै असर पार्दछ । मेटाउँछु भनेर पनि विगतलाई आफ्नो मनबाट मेटाउन सकिँदैन । स्थिर बनेर बसेका वितगका घटना कसैगरी पनि मनबाट विचलित हुँदैनन् । व्यक्तिको मनस्थितिमा विगतले पार्ने असर देखाउँदै वर्तमानसँग तुलना गरी व्यक्तिको मानसिक विचलन बुझ्न खोजिएको हुँदा प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ प्रस्ट भएको छ ।

> आफ्नै मुखमा रक्सीको गन्ध बाँकी रहेको महसुस गरेँ । मातसमेत थोरबहुत बाँकी थियो । केही बोल्न खोजेँ । बोल्नुअगावै उनको थप्पड बायाँ गालामा पऱ्यो, "रन्डी, हिजो मस्तै रक्सी क्यान खाई ? तँलाई क्यान कमेरो घस्नुपऱ्यो ?" (पृ. ६१)

भाद्र महिनाको पहिलो दिनको मेलामा नग्न भई कमेरो घसी नाच्दै सुँगुर काटेर जाँड र मासु खाएर उक्त चाड मनाइसकेपछि थकाइ मेट्न घरमा सुतेकी फूलमायालाई बिहानै मुखियाले गालामा थप्पड हान्दै गाली गरेको छ । फूलमाया आफूले हिजोका दिनमा गरेको गल्तीको महसुस गर्दै मनमा धेरै कुरा खेलाएकी छ । एकातर्फ रक्सी खाएर मात्तिँदै नाचेको पछुतो छ भने अर्कातर्फ मुखियाको आग्रहबिना ती क्रियाकलाप गरेकोमा पछुतो मानेकी छ । यी व्यवहारले गर्दा फूलमायाको मनमा मनोवैज्ञानिक असर परेको छ । किशोरावस्थामा व्यक्तिलाई नियन्त्रण गर्ने असल अभिभावक भएनन् भने आफूलाई मन लागेका चाहनाहरू बेहोसीमै पूरा गर्दछन् र पछि पछुताउँछन् । यसप्रकार उक्त क्रियाकलापले व्यक्तिमा पर्ने मनोविज्ञानप्रति उतारचढाव देखाएकाले मनोवैज्ञानिक यथार्थ प्रस्ट भएको छ ।

> उसै गरी घोप्टिएर बसेकी थिएँ । आमाको प्रश्नमा मैले कुनै शब्दहरू ओकल्न सकिनँ । तर, टाउको हल्लाएर छुई हुने दिन बितिसकेको जानकारी गराएँ । त्यसपछि यी कानले डरलाग्दो खबर सुन्नुपऱ्यो भुँडी बोकिछै ! बिमार-सिमार केही हैन यो । त्यो खबरले मुटु चिसो भयो । नरमाइलो लाग्यो । पेट गह्रुँगो भएको अनुभूति भयो । आखिर त्यो भन्दा ठूलो बिमार के नै हुन सक्थ्यो र मेरा लागि ? (पृ. ६२)

प्रस्तुत अंशमा फूलमाया गर्भवती भएको सङ्केत उसकी आमाद्वारा गरिएको छ । फूलमाया सोही छोरीकै उमेरमा गर्भवती भएको सङ्केत थाहा पाउँदा धेरै चिन्ता मानेकी छ । वादी समुदायमा रहेका किशोरीहरू नचाहेर पनि अर्काको भुँडी बोक्नुपर्ने बाध्यात्मक परिस्थिति र ती किशोरीभित्र आइपर्ने विभिन्न पीडा कसैले पनि नबुझिदिने अवस्था रहेको छ । प्रस्तुत अंशमा फूलमायाको मनको

पीडा खोतल्ने प्रयास गरिएको छ । मुखिया आदिजस्ता गाउँका ठूला मान्छेले गाउँका सबै मान्छेहरूलाई आदेश दिने भए तापनि उनीहरूको जीवनमा पनि लुकेको चिन्ता र व्यथाका कथाहरू प्रशस्त रूपमा रहेका हुन्छन् । मुखियाका लागि समाजका दृष्टिले सामान्य रूपमा रहेकी फूलमाया केही खास लागेकी छ । सामान्य अवस्थाकी तल्लो जात मानिने फूलमायालाई मुखियाले पलपलमा वास्ता गरिरहेको छ । आफू भर्खरै किशोरावस्थामा रहेको हुँदा आफ्नो पेटमा बसेको मुखियाको गर्भ छ भन्ने थाहा पाउँदा फूलमाया चिन्तित बनेकी छ । किशोर अवस्थाका महिलालाई हुने सबैभन्दा ठूलो पीडा भनेको गर्भवती हुनु हो । एकातर्फ समाजमा देखिन लाज, अर्कातर्फ यौनसम्बन्ध राखेको व्यक्तिलाई लोग्नेका रूपमा प्राप्त गर्न अप्ठ्यारो हुने गर्दछ । ठीक त्यस्तै समस्या फूलमायाले भोग्नुपरेको छ । फूलमायाले उक्त पीडालाई जीवनकै ठूलो बिमारको संज्ञा दिएकी छ । आफूले गरेको व्यवहारप्रति पश्चात्तापको महसुस गरेकी छ । यसप्रकार महिलामा हुने विभिन्न मनस्थितिको चित्रण गर्दै उनीहरूको मनमा भएको विचलन देखाएकाले प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ रहेको प्रस्ट भएको छ ।

> बरू आमोईको कुरा पत्याइनँ । मुखिया मलाई मन पराउँछन् भन्नेमा विश्वास थियो । उनीसँगको सङ्गतपश्चात् हाम्रो घरमा कुनै कुराको अभाव भएन । मसँग सधैँ मायाले बोलिरहे उनी । (पृ. ६३)

फूलमाया विगत दुई वर्षदेखि मुखियासँगको सङ्गतले गर्दा हरेक पल मुखियालाई नै आफ्नो मानसपटलमा राखेकी हुन्छे । मुखियाले सर्वश्व छाडेर भए पनि आफूलाई नै माया गर्ने कल्पना गरेकी छ । मुखियासँगको सङ्गतपछि आफ्नो घरमा कुनै पनि कुराको अभाव नभएको, उनको अनुपस्थितिमा पनि आफूलाई माया गरिरहेको अनुभूति गरेकी छ । मुखियालाई आफूप्रति भन्दा पनि बढी विश्वास गरेकी छ । यसरी जीवनको दुःखित अवस्थामा पनि मुखियाप्रतिको सकारात्मक भावनाप्रति कमी-कमजोरी हुन दिएकी छैन । यसप्रकार दुःखित अवस्थामा पनि अरूप्रति सकारात्मक भाव राख्दै आफूमा सकारात्मक ऊर्जा थपेको र आफू बलियो भएको महसुस गरेकाले फूलमायाभित्र मानसिक विचलन आएको देखिएको छ । यसप्रकार दुःखित अवस्थामा खुसी हुन प्रयास गर्नु, आफूले गरेको क्रियाकलापबाट हानी हुन्छ कि भनी दःखित हुनु आदि फूलमायाको उक्त अवस्थाको चित्रण गर्नुले मनोवैज्ञानिक यथार्थ प्रस्ट भएको छ ।

> मैले एकदिन आमोईलाई जोडेर चुक्ली लगाइदिएकी थिएँ मुखियासँग, "साहेब, मेरी आमोईले अरूसँग सुत्न कर गऱ्याकी थिन् । तर मु सुत्यान । मु सधैँ तमीसँग मात्र सुत्छु है ! (पृ. ७२)

फूलमाया मुखियासँग लगातार सङ्गत गर्न थालेपछि बिस्तारै मुखियालाई भित्री मनबाट आफ्नो बनाउन चाहेकी छ । वादी समुदायका महिलासँग जो सुत्न आयो उसैसँग सुत्नुपर्ने बाध्यता हुन्छ तापनि फूलमाया मुखियासँग मात्र सुत्ने वाचा गरेकी छ । मुखियाले कुनै पनि कुराको अभाव हुन नदिएकोबाट आफू उसप्रति नै मोहित भएकी छ । यसप्रकार फूलमाया सानो उमेरकी भए तापनि जीवनको उत्तरार्धमा पुगेको मुखियालाई आफ्नो पति वरण गर्न राजी हुने मानसिकता बनाएको हुँदा यसमा मनोवैज्ञानिक यथार्थवाद देखिएको छ ।

> ताँतीरवाको ओरालो सुरु भएपछि मुखिया घोडाबाट ओर्लिए । र बिस्तारै घोडा डोऱ्याउन थाले म भने घोडालाई जोडले अँठ्याएर बसिराखेँ । जुनको उज्यालोले पारिपट्टिको पाखोसमेत हल्का किसिमले देख्न सकिन्थ्यो । अरूबेला सामान्य देखिने भीरपाखा बहुतै सुन्दर लाग्यो । (पृ. ७९)

प्रस्तुत अंशमा व्यक्तिको जीवनका कतिपय समयमा आइपर्ने विभिन्न परिस्थिति हुने हुनाले व्यक्तिम उत्पन्न हुने मानसिक विचलन देखाइएको छ । मुखिया बाक्लो रूपमा आफ्नो यौनप्यास मेटाउन आइराख्ने क्रममा फूलमायालाई माया गर्न थालेको छ । अर्कोतर्फ फूलमाया आफूलाई मुखियाले मात्र भोग गरेको र कतिपय जीवनमा आइपर्ने मनका इच्छाहरू परिपूर्ति अभिभावकले जसरी गरिदिएको हुँदा भित्री मनदेखि प्रेम गर्न थालेकी छ । मुखियाले सुन्दर रूपकी धनी किशोरी फूलमायालाई अरू व्यक्तिले नै भोग गर्दछ कि भन्ने चिन्ता लागेर आफ्नै घरमा लैजान लागेको छ । आफूसँगै घोडामा चढाएर फूलमायालाई लैजाँदै गरेको छ । फूलमाया आफूले प्रेम गर्ने मुखियासँग सम्मानपूर्वक जान पाउँदा खुसी व्यक्त गरेकी छ । साँझपखमा अरूबेला सामान्य लाग्ने पाखा-पखेराहरू पनि विशेष सुन्दर लागेको महसुस गरेकी छ । यसप्रकार मानिसमा पलपलमा आइपर्ने घटनाअनुसार सुखी-दुःखी भावना उत्पन्न भइरहन्छन् भन्दै मनोवैज्ञानिक यथार्थ देखाइएको छ ।

> "साहेब, आमोई भन्छिन् मु उनीभन्दा दोब्बर राम्री छुँ । मु उनीभन्दा दोब्बर कमाउन सक्छु रे । तर, मुलाई सबै बेठीक र बेतुक लाग्छ । मु तम्री मात्र भइकन जीवन काट्न चाहन्छु । मुलाई खुट्टाको मयल सम्झिए पन सम्झेओ । बरू तमीले पाल्याकी कुकुर्नी ठान । तर मुलाई तमीसँग बस्न देओ । मु तम्रै छायामा रैकन पूरै जिन्दगी बिताउन तयार छु । मुलाई आफैसाथ राख । तम्री रखेल बनाओ ।" (पृ. ८३)

प्रस्तुत अंश मुखियाको घरमा गएर बसेकी फूलमाया मुखियाको प्रेममा चुर्लुम्म डुबेर मुखियालाई नै सर्वस्व ठान्दै आफूलाई पूर्णतया समर्पण गरेको प्रसङ्ग रहेको छ । प्रेम नहुँदाको खडेरी र भएपछि

सर्वस्व हो भन्ने कुरा उक्त फूलमायाको प्रसङ्गबाट प्रस्ट भएको छ । महिला पनि पुरुषभन्दा कमी हुँदैनन्, वादी समुदायमा जन्मिएका मान्छेहरू अन्य समाजका व्यक्तिहरूभन्दा कमजोर हुँदैनन् । आफ्नो कर्मद्वारा अस्मितालाई जोगाई स्वाभिमानी बन्नुपर्दछ, वादी महिलाहरू सधैं निरीह बनेर बस्नु हुँदैन, अरूको मोहपासमा फस्नु हुँदैन भन्ने प्रगतिशील सोच राख्ने फूलमाया मुखियाको प्रेममा परेर आफूलाई सङ्कुचित घेराभित्र रहन मन परेको कुरा व्यक्त गरेकी छ । आफ्नो रूप, सौन्दर्य र जवानीअनुसार थुप्रै कमाइ गर्न सक्ने भए तापनि त्यो कर्म नगरी मुखियासँग मात्र समर्पित हुने बताएकी छ । यदि मुखियासँगसँगै बस्न पाए घरमा पालेकी कुकुर्नीसरह भएर बस्ने, उसको रखेल बनेर बस्ने जस्तो साँघुरो मनस्थिति व्यक्त गरेकी छ । कमजोर मनस्थितिको चित्रण र पूर्ण समर्पित भाव व्यक्त गरिएको प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ प्रस्ट देखिएको छ ।

> त्यसैले वास्ता गरिरहेको मनलाई समेत बेवास्ता गरिदिएँ- 'मुलाई मुखियाको मायासँग मात्र वास्ता छ । उनले मुलाई गर्न्या मायाभन्दा मुइले उनलाई गर्न्या मायासँग मात्र बढ्ता वास्ता छ । (पृ. ९५)

प्रस्तुत अंशमा फूलमायाले केवल मुखियालाई मात्र सर्वस्व ठानेर हरपल उसकै चिन्ता गरेको एकोहोरो मनस्थिति दखाइएको छ । आफ्नो जीवनमा आइपर्ने विभिन्न परिस्थितिअनुसार सोच बदल्नुपर्ने फूलमायाले केवल मुखियाकै चिन्तन गरेर आफूलाई पागलजस्तो बनाएकी छ । मुखियले घरमा आफ्नी पत्नी हुँदाहुँदै पनि आफ्नो यौनप्यास मेटाउन फूलमायालाई रखेल बनाएको छ । आफू वास्तविक श्रीमती होइन, रखेलका रूपमा रहेकी हुँ भन्ने जान्दाजान्दै केवल यौनसम्बन्धका बेलामा मुखियाले गरेको प्रेम र उसले देखाएको आशाहरूमा विश्वास गरी मुखियाकी पतिव्रता पत्नी बन्न खोजेकी छ । यसप्रकार कसैको प्रेमले गर्दा आफ्नो धरातल र वास्तविक कुरालाई ख्याल नगरी अस्थायी वस्तुमा रमाउने प्रवृत्तिले व्यक्तिका मनमा उत्पन्न हुने खलबल कस्तो हुन्छ भनेर यस अंशबाट प्रस्ट बुझिएको छ । त्यसैले उक्त अंशमा मनोवैज्ञानिक यथार्थवाद देखिएको छ ।

> मनका धेरै कुरा परिणामपछि मात्र देखिँदा रहेछन् । धेरै कुराको यथार्थता मनभरि झाँगिएको भए तापनि थाहा हुँदो रहेनछ । वा, हामी त्यसलाई बलै गरी लुकाउँदा रहेछौं । (पृ. ९६)

प्रस्तुत अंश फूलमाया आफू बिरामी शैय्यामा भइरहँदा मनभित्र खेलाएको मनोवादका रूपमा आएको छ । आफूले चिन्तित अवस्थामा के सोचिरहेको छु भन्ने थाहा नपाउने तर परिणामपछि मात्र त्यस कुराको वास्तविकता थाहा पाउने एकाग्र मनस्थितिको उपज हो । वास्तविक यथार्थ मनभरि

भाँगिएका हुन्छन् तर व्यक्तिलाई त्यस यथार्थको बोध हुँदैन । व्यक्तिले वास्तविक यथार्थ यसरी लुकाउँदछ जुन परिणामपछि मात्र थाहा हुन्छ । मनमा अव्यक्त पीडा अनेक हुन्छन् तर कतिपय अवस्थामा मुखले व्यक्त गर्न सक्दैनन् । जब व्यक्तिले एउटा कुराको मात्र चिन्ता लिन थाल्छ उसले आफूलाई बिर्सेर वास्तविक यथार्थलाई भुल्दै जान्छ । मानिसको जीवनमा आइपर्ने यस्तो अवस्था फूलमायाको पनि भएको छ । फूलमायाका माध्यमबाट एकोहोरो मनस्थितिले व्यक्तिको मनोविज्ञानमा ठूलो असर पार्दछ भन्ने कुरा देखाएको हुनाले प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ रहेको कुरा प्रस्ट भएको छ ।

> शङ्कालु भावहरूले काँडा बनेर घोचिरहे मेरो गुब्बाराभैँ संवेदनशील हृदय । सोचैं- 'क्या मु साँच्चि कुरूप भइसक्याँ ? सायद मुबाटि उडी गइसक्या यौवनका रङ्ग ! सायद उडी बाई गयो मोबाटि बास्ना । बैँसालु देखिन्या धागा । सब उडी गैगया ।' (पृ. १०४)

प्रस्तुत अंशमा मुखियाको आफूप्रति रहेको आकर्षण घटेको थाहा पाउँदा उसले गरेको मनोवाद रहेको छ । मुखिया एकातर्फ आफ्नो बुढेसकाल लागेकोमा चिन्ता मानेका छन् । अर्कोतर्फ फूलमायासँगको सम्बन्धले अनेकौं गुन्डाहरूको घेराउमा फसेको छ । मुखिया चिन्तित अवस्थामा रहेको हुँदा फूलमायासँग यौनिक मनोरञ्जनमा रमाउन सकेको छैन । फूलमायाले बच्चाको आशा व्यक्त गर्दा मुखिया फूलमायासँग टाँसिएकै अवस्थाबाट अचानक छुट्टिएर रहेका छन् । यी घटनाहरूले फूलमायाले आफूलाई नकारात्मक तवरले विश्लेषण गरेकी छ । आफू कुरूप हुँदै गएको, अरूका लागि अनाकर्षित बनेको, मुखियाको हुन लायक नभएको आदि शङ्का गर्दै मनमा अनेक कुरा खेलाएकी छ । आफूले विश्वास गरेको व्यक्ति आफूबाट टाढा हुन खोजेको थाहा पाउँदा व्यक्तिमा मानसिक चिन्ता अत्यन्तै बढ्दै जान्छ । आश्रय लिएको व्यक्ति आफूप्रति अनाकर्षित भइदिँदा दैनिक गर्ने क्रियाकलापमा सरिक नभइदिँदा मनोवैज्ञानिक असर पर्दछ । यहाँ फूलमायाको बलियो आत्मबल पनि कमजोर हुँदै गएको छ र अनेक चिन्ताका लहरहरू फस्टाएका छन् । यसप्रकार प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ देखिएको छ ।

> सोचहरू रूप बदल्दै आइरहे - अछुतको माया अछुत हुन्छ कि ? कतै वदिनीको प्रेम 'वदिनी प्रेम' हुन्छ कि ? तर, चोखो थियो मेरो प्रेम । हो जातले वादी हुँ तर त्यतिन्जेल वेश्या भइसकेकी थिइनँ । मात्र मुखियाकी थिएँ । (पृ. १०५)

जब यौनक्रीडामा रमाइरहेका मुखिया आफ्नो साथबाट छुटेर बाहिर गए तब फूलमायाले मुखिया निस्केर जानुको तात्पर्यका विषयमा तर्क-वितर्क गरेकी छ । मुखियासँगै हुँदा खुसी हुने फूलमाया

मुखिया एकछिन चिन्तित भएर बाहिर निस्कँदा मात्रै पनि दुःखी बनेकी छ । अछुतको माया अछुत हुन्छ कि, वदिनीको प्रेम 'वदिनी प्रेम' हुन्छ कि, मलाई पेशेवर वेश्या ठानेका हुन् कि भन्नेजस्ता तर्कहरू मनमा खेलाएकी छ । आफूले स्पर्श गरेको व्यक्ति आफूसँग टाढा हुन खोजेको थाहा पाएपछि व्यक्तिमा मानसिक चिन्ता अत्यन्तै बढ्दै जान्छ । आश्रय लिएको व्यक्ति आफूप्रति अनाकर्षित भइदिँदा व्यक्तिमा मनोवैज्ञानिक असर पर्छ । केवल मुखियाको मात्र हुन चाहने, मुखियाको चिनोको रूपमा सन्तान जन्माउन चाहने फूलमायाको मनोवैज्ञानिक असर देखापरेको छ । वादी समुदायका महिलाहरू यौनपेसा गर्ने वेश्या हुन् भन्ने सोचले युवावर्गका महिलामा पर्ने मानसिक असरको यथार्थ प्रस्तुत गरिएको हुँदा मनोवैज्ञानिक यथार्थ प्रस्ट भएको छ ।

> बिदा गऱ्याको होइनन् आमोई आफै निस्कियाकी हुँ । लखेटियाकी हुँ । एक्कासि भित्रियाकी थियाँ, एक्कासि निस्कियाँ । भन्न मन लागेको थियो । तर, त्यति आँट आएन । म मौन भइरहेँ अनि रोइरहेँ । (पृ. ११३)

प्रस्तुत अंश मुखियाका घरबाट फर्किएर आफ्नो घरमा गएकी फूलमायाले आफ्नी आमालाई उत्तर दिएको प्रसङ्गमा आएको छ । सामान्य परिवारका व्यक्तिलाई हुनेखाने व्यक्तिको आड पाउँदा खुसी नै लाग्छ । यदि उक्त हुनेखानेहरूले वास्ता गर्न छाडे भने आश्रय लिएको व्यक्ति एक्लो भएको महसुस गर्दछ । वादी समुदायमा पनि महिलाहरू अर्काले दिएको आश्वासनमा बाँच्ने र पछि एक्लै जीवन बिताउने गर्दछन् । फूलमायाले आफ्नी आमालाई मुखियाको घरबाट अर्काले ननिकालेको र आफ्नै स्वेच्छाले निस्केको बताएकी छ । धेरै आशा बोकेकी फूलमाया मुखियाको घरबाट निस्किँदा उसका हरेक मनका रहर र सपनाहरू अधुरा भएका छन् । धेरै सपना भरिएको मन रित्तो भएको छ । यसप्रकार सुखी जीवनको कल्पना गरेकी फूलमायाको सोच विपरीतको जीवन भएपछि मनमा धेरै पीडाहरू उत्पन्न भएका छन् बलियो मनस्थिति पनि कमजोर बनेको छ । यसप्रकार यस अंशम फूलमायाको मनको कुरा प्रस्तुत गर्दै ग्रामीण समाजका महिलाहरूको पीडित अवस्थाको मन बुझ्न खोजिएको छ ।

> त्यो ढुङ्गो कम्मानको छातीमा बजारियो । कम्मान "मऱ्याँऽऽऽ" भन्दै जोरजोरले चिच्यायो । एकाएक सबैले जमिनबाट ढुङ्गामुढा बर्साउन थाले । बाँधिएको कम्मानको शरीर अस्तव्यस्त छटपटाउन थाल्यो । तातो बगरको बालुवामा जिउँदो माछो उफ्रिए कस्तो देखिएला ? ऊ छटपटाएको ठीक त्यस्तै देखिन्थ्यो । त्यो देखेर हामी वादीहरू सबै रून थाल्यौँ । (पृ. १२१)

कुवाबाट पानी झिकेर खाएको आरोपमा वादी समुदायको कम्मानलाई अन्य जातिका मानिसले रूखमा बाँधी ढुङ्गाले हानेर मारेका छन् । उक्त दृश्य त्यो समाजमा रहेका हरेक जातिका मानिसले देखेका छन् । त्यो समयमा बालकदेखि बुढासम्मका मानिसहरू उपस्थित भएका थिए । मानिस सबै एकै हो । सबैले कर्म गरेर खाने हो तर प्रकृतिले दिएको पानीको स्रोतमा गएर पानी खाँदैमा गाउँलेद्वारा मारिनुपर्ने प्रचलनले वादी समुदायका मानिसलाई आफू वादी भएर जन्मिएकोमा नै ग्लानी लाग्दछ । समाजको नीच जाति भएर बस्नुपर्ने कहीँ कतै पनि मन लागेको गर्न नपाउने, आवश्यकता परिपूर्ति गर्न हम्यहम्य पर्ने आदि वादी समुदायका व्यक्तिहरूमा पर्न गएको असर हो । उक्त विषयले तद् व्यक्तिहरूलाई मनोवैज्ञानिक असर पुऱ्याएको देखिएको छ । समाजका हरेक क्रियाकलापद्वारा वादी समुदायका बच्चादेखि बुढा उमेरसम्मका व्यक्तिहरूमा पर्न गएको मनोवैज्ञानिक असर देखाएकाले प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ प्रस्ट भएको छ ।

> उसको छुवाइ शरीरभरि डुल्दै गयो । हल्का काउकुती, हल्का आनन्द, हल्का तृष्णाले सेकिँदै गएँ । मनले दुःख मान्दै भन्यो - 'आजबाटि मु मुखियाकी मात्र रहिनँ' । (पृ.१३०)

प्रस्तुत अंश फूलमाया मुखियाबाहेक अर्को ग्राहकसँग यौनसम्पर्क गरिरहेका बेला मनमा खेलाएको कुराबाट आएको छ । मुखियासँग मात्रै सम्पर्क गरेकी फूलमाया अर्को ग्राहकसँग पनि शरीर सुम्पिन बाध्य भएकी छ । उक्त व्यक्तिको यौनक्रीडामा शरीरले आनन्द माने तापनि मनमा भने मुखियालाई नै सम्झिराखेकी छ । आजका दिनबाट आफूलाई मुखियाकी मात्र नभएको महसुस गरेकी छ । केवल मुखियाकी मात्र बन्ने सपना चकनाचुर भएबाट उनको मनोविज्ञान खस्किएको देखिन्छ । यसप्रकार एक पुरुषकी मात्र बन्न चाहने वादी महिलालाई अन्य पुरुषसँग पनि यौनसम्बन्धमा रहनुपर्ने बाध्यताले महिलाहरूमा परेको मनोवैज्ञानिक असर देखापरेको छ ।

> हामी दौडिएर थाकेजस्ता भयौँ । आफ्नो तृष्णा मेटायौँ फेरि पनि एक अर्काको अँगालो छोडेनौँ । (पृ. १५७)

प्रस्तुत अंशमा दोस्रोपल्ट मुखियाको घर गएकी फूलमाया मुखियासँग खुलेर सम्भोग गरेको प्रसङ्ग रहेको छ । यस समयभन्दा अगाडि मुखियाले नै कपडा खोलिदिनुपर्ने, धेरै लाज मान्ने फूलमाया यसपटक आफैले मुखियाको कपडा खोलिदिएकी छ । अघिल्लोपटक चिन्तित अवस्थामा रहेर सम्भोगका लागि अस्वीकार गरेको मुखिया यसपटक निकै खुलेर सम्भोग गरेको छ । यसप्रकार मुखिया र फूलमाया सबै कुरा बिर्सिएर केवल यौनवासना तृप्त गर्न एक-आपसमा तृष्णा मेटाएका छन् । यदि महिलालाई आफ्नोपनको आभास गराई न्यानो माया दिने हो भने उनीहरू पनि अन्य

कार्य सँगसँगै पुरुषसँग खुलेर सम्भोग गर्न पनि तयार हुन्छन् । उक्त दुईप्रकारका मानसिक विचलन देखाउँदै मनका क्रिया-प्रतिक्रिया देखाउनुले प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ रहेको प्रस्ट भएको छ ।

> बिहानपख ब्युँझदा मुखिया मेरो अँगालोमा थिए, निर्वस्त्र । त्यति अवेरसम्म उनी मसँग सुतेको त्यो पहिलोपटक थियो । धेरै खुसी लाग्यो । फेरि निद्रा थप्न मन लाग्यो । फेरि उनलाई राम्ररी कसेर सुतेँ । (पृ. १५९)

उक्त अंशमा रातभरि सम्भोग गरेर बिहानपख ब्युँझेकी फूलमाया फेरि पनि निदाएको मुखियासँग अँगालोमा बेरिँदै सुतेको प्रसङ्ग आएको छ । यदि प्रेम सम्बन्धमा एकले अर्कालाई हरेक कुरामा पूर्णतया अधिकार दियो भने दुवैको मन प्रफुल्लित हुन्छ र प्रेम सम्बन्ध अझै बलियो हुन्छ भन्ने विशेष उदाहरण प्रस्तुत अंशमा आएको छ । पहिलोपटक मुखिया रातभरि फूलमायासँगै सुतेको छ । फूलमाया पनि उक्त मुखियाद्वारा तृप्त हुँदै झन् अँगालोमा बेरिएकी छ । प्रेम र यौन दुवै पक्षबाट महिलाको मनमा हुने आनन्दको अनुभूति पात्रद्वारा प्रस्तुत अंशमा रहेकाले यौन मनोविज्ञान प्रस्ट हुन आएको छ ।

> ऊ मेरो नजिकै आई, “ओहो कपाल बिग्र्याको रैछ । मु कोरिदिन्छु । तुरुन्तै मेरा केशहरू सम्याउन थाली । उसले मेरा केशहरू सम्याइरहँदा आमोईले केश सम्याएको याद आयो । आँखा थोरै रसाउन खोजे । (पृ. १६०)

मानव मन अति चञ्चल रहेको छ । त्यसमा पनि महिलाहरूको मन कोमल हुने हुँदा क्षणभरमै परिवर्तन भइरहन्छ । एक वस्तुको आनन्दले मात्र महिलाहरू सधैँभर सुखी हुँदैनन् उनीहरूलाई विभिन्न पक्षको आवश्यकता पर्दछ । आधारभूत आवश्यकतादेखि लिएर यौनसम्बन्धमा रहने व्यक्ति आदि सबै पक्षको आवश्यकता पर्दछ । यहाँ फूलमाया दैनिक रातभरि मुखियासँग मात्रै हुने भए तापनि दिउँसोभरि एक्लै बस्नुपर्दा छट्पटी भएको छ । मुखियाले फूलमायाको रेखदेख गर्न पठाएको ठूली कामीसँग दिन बिताउँदा मात्र फूलमायाले आफ्नो मन आनन्दसँग भुलाएकी छ । यसप्रकार महिलाहरूको मनभित्र उत्पन्न हुने विभिन्न परिस्थितिअनुसारका अवस्थाहरूको भित्री मनबाटै केलाइने हुनाले यहाँ मनोविज्ञान रहेको कुरा प्रस्ट देखिएको छ ।

> तर आमाहरू फर्किएनन्, कतै देखिएनन् । दुवैले त्यही नदीमा आफ्ना आमा गुमाए । त्यसपछि रूँदै तराईतर्फ हिँडेछन् । उनले नै मेरी टुहुरी आमालाई पालिन् । आफ्नै छोरी

> बनाइन् । उनले मसँग समेत कहिल्यै रूखो बोलेकी छैनन् । चित्त दुखाएकी छैनन् ... । (पृ. १९३)

प्रस्तुत अंशमा म पात्र अमरलाई वसन्तीले आफ्नी हजुरआमा फूलमाया पहाडबाट तराईमा बसाइ-सराई गरेर आउँदाको घटना बताएकी छ । फूलमाया र वसन्तीकी आमा नदी तर्दै गर्दा दुवैले आफ्नी आमाहरू गुमाएको र आफूहरू तराईतिर आएको बताएकी छ । सानो उमेरकी वसन्तीकी आमालाई फूलमायाले आफ्नी छोरी बनाएर पालेको, सधैँ माया गरेर हुर्काएको र वसन्तीलाई एक वचन पनि नलगाएको बताएकी छ । सानै उमेरदेखि फूलमायालाई वसन्तीले हजुरआमा भन्दै आएकी छ । पहाडी क्षेत्रबाट तराई क्षेत्रमा बसाइसराइ गरी आउने क्रममा ज्यान जोखिममा राखेर यात्रा गर्नुपर्ने भौगोलिक अवस्था र व्यक्तिले भोग्नुपर्ने बाध्यात्मक परिस्थितिको यथार्थ चित्रण गरिएको छ । साथै यात्रा गर्ने क्रममा आफूलाई जन्म दिने आमालाई गुमाउनुपर्दा हुने पीडा हुँदाहुँदै पनि फूलमाया र वसन्तीले सङ्घर्षमय जीवन बिताएका छन् । आफूलाई जन्म दिने आमा नहुँदा पनि कुनै नारीले आमाको भूमिका निभाउँदा ती सन्तानलाई आमाको अभाव कहिल्यै हुँदैन । उनीहरूले आफ्नो अभिभावक नभएको महसुस गर्न पाउँदैनन् र ती बालबालिकाको मनस्थिति सहज र सकारात्मक बन्दछ । फूलमायाले पनि कलिलो उमेरकी वसन्तीलाई आमाले जस्तै हुर्काएकी हुँदा वसन्तीले आफ्नी आमा नभएको अवस्थामा मातृवात्सल्यको अभावको महसुस गरेकी छैन । अभिभावक हुँदा कठिन परिस्थितिमा पनि बालबालिका खुसी हुन्छन् र उनीहरूको मनोबल उच्च हुने गर्दछ । यसप्रकारको मनस्थितिको चित्रण गरेकले उक्त अंशमा मनोवैज्ञानिक यथार्थ प्रस्ट भएको छ ।

> मेरा आँखाहरू एकाएक रसाए । थोरै बियरको नसा बाँकी नै थियो । नासामा झन् बढी भावुक हुने मान्छे, उसको तर्क र आग्रहले मु पग्लिएँ, पानी पानी भएँ । (पृ. २०२)

जीवनका सुख-दुःखका घटना, वादी समुदायको पीडा र आफ्नो वास्तविक कहानी सुनाउँदै म पात्रलाई प्रेमी ठानेकी वसन्तीको कुराप्रति म पात्र भावुक बनेको प्रसङ्गमा यस अंश आएको छ । एक नारीले प्रेममा हरेक परिभाषासहित सुख-दुःखरूपी जीवनका घटना सुनाउँदै प्रेमप्रस्ताव राख्दा पुरुषका मनमा कति प्रभाव पर्दछ भनेर पुरुषको मनस्थिति बुझ्न खोजिएको छ । म पात्र अमर पनि वसन्तीको उक्त कुराले गर्दा मन पग्लिएको, धेरै नै भावुक भएको बताएको छ । यसरी पुरुषको मनोविज्ञान बुझ्न खोजिएकाले प्रस्तुत अंशमा मनोवैज्ञानिक यथार्थ प्रस्तुत भएको छ ।

> जति बाँचे शानसँग बाचेँ । दुःख भोग्नलाई मात्र किन बाँच्नु ? कीरा कमिलाजसरी बाँच्न सक्दिनँ भनेर गुनासो गर्थिन् । (पृ. २०८)

प्रस्तुत अंशमा वादी महिलाहरूभित्रको दर्दनाक मानसिक स्थितिलाई निचोडका रूपमा चित्रण गरिएको छ । वादी महिलाहरू यौवनावस्थामा शानसँग बाँच्ने, आफ्नो जवानीलाई शानसँग पस्कने गर्दछन् तर जवानी सकिइसकेपछि उक्त जीवन काम नलाग्ने हुनाले कहालीलाग्दो अभावमय जिन्दगी बाँचेका हुन्छन् । ग्राहकले मन पराउन छाडेपछि वादी महिलाहरूमा नैरास्यता पलाउँछ । आफूलाई कीरा-कमिलाजस्तो अस्तित्वहीन ठान्दै आत्महत्या सम्मको निर्णय गर्न विवश हुन्छन् । यसप्रकार वादी महिलाको जीवनमा आइपर्ने विभिन्न अवस्था र घटनाहरूका कारण उनीहरूको मनमा पर्ने असर देखाउनुले यहाँ मनोवैज्ञानिक यथार्थवाद रहेको प्रस्ट बुझिएको छ ।

> उसको कुराले मन बुझेन । बरू आफैदेखि रिस उठ्यो । आफ्नो जातदेखि रिस उठ्यो । सोचैँ - मु कस्ती नीच रैछु । बिरामी पऱ्याका प्यारालाई भेट्न नपाउन्या । माया पन खुलेर गर्न नपाउन्या जातकी रैछु । मू ठीक मूर्तिझैँ रैछु । हल्लिन पनि अरूले घचघच्याउनु पर्ऱ्या । (पृ. २२०)

प्रस्तुत अंश मुखिया बिरामी हुँदा फूलमाया भेट्न जान नपाएपछि एक्लै मनमा तर्क-वितर्क गरेको प्रसङ्गमा आएको छ । आफ्नो सम्पूर्ण घर-परिवार छोडेर आएपछि आफूले सर्वस्व मानेको मुखिया बिरामी पर्दा भेट्न नपाएकी फूलमाया चिन्तित बनेकी छ । आफ्नो जातप्रति घृणाभाव देखाएकी छ । आफू नीच भएको, खुलेर माया गर्न नपाउने जात भएको, अचल मूर्तिझैँ भएको ठानेकी छ । आफू सम्पूर्णतया समर्पण हुँदा पनि आफ्ना लागि केही हदसम्म अधिकार प्रप्त हुँदैन भने व्यक्तिको मनोविज्ञानमा ठूलो असर पर्दछ भन्ने मनोवैज्ञानिक यथार्थ प्रस्ट पारिएको छ ।

> धेरै बेरसम्म उनले मलाई चुप लगाउन खोजिरहे । जतिसुकै बलियो पुरुष होस्, आइमाइका आँसुअगाडि ऊ टुक्राटुक्रामा परिणत हुन्छ । (पृ. २३६)

प्रस्तुत अंश फूलमायाले आफूले गरेको गल्ती ढाकछोप गर्नका लागि मुखियासँग रूँदै गरेको प्रसङ्गबाट आएको छ । फूलमाया आफू दोषी भए तापनि निर्दोषीझैँ रोइरहेकी छ । मुखियाले आफ्नो भाइसँग यौनव्यवहार गरेकोप्रति दोष लगाउन भन्दा रोइरहेकी फूलमायालाई फकाउन प्रयत्न गरेको छ । जब महिलाले पीडाका आँसु पुरुषका अगाडि बगाउन थाल्दछन् तब जति नै बलियो पुरुष भए पनि यसको मनमा करुणाभाव जागृत हुन्छ । यसरी प्रस्तुत अंशबाट पुरुष मनोविज्ञानको यथार्थ प्रस्तुत गरिएको छ ।

> “आजभोलि मु माग्न गैन भन्या मेरा यी अर्ध फूल्याका कपाल समात्छ । यी कपाल तान्दै मुलाई लछार्दै बाहिर ल्याउँछ । लात्तीले हानी आँगनभन्दा पर हुत्याउँछ । अन्न

ल्याएर आइनै भन्या घर नआउनु भन्छ । अन्न नल्याएको कति दिन मुइले बाहिरै रात गुजाऱ्याकी छु । बुढ्यौलीमा मालिकहरू पन अन्न दिन खासै मन पराउँदाइनन् । अलिअलि जम्मा पाऱ्याको अन्न पन घरमा राख्दैन । रक्सी खान्या ठाउँ लिई बाईजान्छ । अब ऊ मुभन्दा मस्तै बलियो भइसक्यो । मु कमजोर भइसक्याँ ऊभन्दा" (पृ. २४१)

प्रस्तुत अंशमा बुढी भएकी आमोइले फूलमायालाई आफ्नो व्यथा सुनाएको प्रसङ्ग आएको छ । फूलमायाको पाँचौं बाले बुढी भएकी आमोईलाई अनेक किसिमको यातना दिएको छ । फूलमायाकी आमा जवान हुँदा आफ्नो लोग्नेलाई कुटपिट गर्थिन् भने बुढेसकालमा लोग्नेको कुटाइ खाएर बस्नुपरेको बताएकी छन् । जवान छँदा स्वास्नीकै कमाइ खाएर हिँड्ने वादी समुदायको लोग्नेमानिस आफ्नो स्वानीको बुढेसकाल लागेपछि अनेक यातना दिने गर्छन् । आफूले शरीर बेचेर जीवनभर लोग्नेलाई पाले पनि बुढेसकालमा त्यही लोग्नेको अपहेलना सहेर बस्नुपर्दा हुने महिलाभित्रको मनोविज्ञानको असर प्रस्तुत अंशमा देखापरेको छ । उक्त कुरा वादी समुदायका महिलाभित्र रहेको मनोवैज्ञानिक यथार्थ हो ।

उनी सुरुमा थोरै मुस्कुराए । मेरो अनुहारतर्फ हेरे सुस्तरी । लड्बडाउँदै बोले, "रोग लाग्यापछि मान्छ्या बुढो हुन समय लाग्दो रहेनछ । काठमा धमिरा लाग्याजसो रोगले मान्छ्यालाई खोक्रो बनाउँदो रैछ ।" (पृ. २५४)

प्रस्तुत अंशमा रोगी भएका मुखियाले फूलमायासँग आफ्नो कमजोर मनस्थिति पोखेका छन् । मानिस धन दौलतले जति नै धेरैमाथि भए पनि, जति नै अरूलाई दास बनाए पनि एक दिन पछुताउने अवस्था अवश्य आउँछ । एकदिन रोगी हुने पालो सबैको आउँदछ । जसरी काठमा धमिराले बिस्तारै खोक्रो बनाउँछ रोगले पनि मान्छेलाई त्यसरी नै खोक्रो बनाउँछ भन्दै मुखियाले फूलमाया समक्ष व्यक्त गरेका छन् । यसप्रकार आफू कमजोर भइसकेपछि भात्र जीवनको वास्तविकता बुझ्ने व्यक्तिको मनोविज्ञानको यथार्थ प्रस्तुत अंशमा रहेको छ ।

मानव जगत्का आन्तरिक रूपमा दबिएर रहेका कुण्ठाहरूलाई सोअनुसारका पात्रहरूको चयन गरी बाहिर प्रस्फुटन गराउनु मनोवैज्ञानिक यथार्थवाद हो । यस उपन्यासमा उपन्यासकारले पात्रका मनमा झल्किएका विभिन्न मनोभावना, नारीभित्र दबिएर रहेका भावना, जीवनसम्बन्धी मानवीय मनोभावना, नारीभित्रको अव्यक्त उत्पीडन आदि विषयवस्तु प्रस्तुत गरेका छन् ।

वादी समुदायका नारीयौवन अवस्थामा आफ्नो शरीरलाई यौनधन्दामा बेच्दै गर्दा विभिन्न व्यक्तिहरूले आफ्नो यौनप्यास मेटाउन ठूलाठूला आशा देखाउने र आफ्नो प्यास मेटिएपछि निरास बनाउँदै छाडेर

जाने व्यवहारबाट पीडित बनेका हुन्छन् । यस्तो व्यवहारबाट नारीप्रति हुने मानसिक तनाव र निरीह जीवनप्रतिको निराशापना कहिल्यै सकिएर जाँदैन । माया र प्रेमको वास्तविक स्वाद चाख्न नपाउने, केवल आशा र निराशामा नै जीवन व्यतीत गर्नुपर्ने बाध्यताले उक्त समाजका नारीहरूको मनस्थिति खलबल हुँदै कमजोर हुन्छ । वादी समुदायका महिलाहरू यति सहनशील बन्नुपर्छ कि जसले जस्तो चाहे पनि, जस्तो व्यवहार गर्न खोजे पनि उस्तै प्रकारले सहमत हुनुपर्छ । आफ्ना मनका चिन्ताहरूलाई भुलाउनका लागि चुरोट, बिँडीजस्ता सुर्तीजन्य पदार्थ आदिको सेवन गरेर जीवनका सुख-दुःखका कुरा गरी दिन काट्ने गर्छन् । आफ्नो श्रीमान् र श्रीमतीको नै यकिन नहुने वादी समुदायमा पत्नीहरूका अस्थायी पतिहरू दैनिक परिवर्तन भइरहँदा घरको लोग्नेमान्छेलाई परेको पीडा लुकाउन दारु खान घरबाट निस्केर जानुपर्ने अवस्थाको यथार्थ चित्रण प्रस्तुत गरिएको छ । यस समुदायका बालबालिकाले आफ्नो बाबुको ठेगान नहुँदा पनि चित्त बुझाई जीवनयापन गर्नुपर्ने बाध्यात्मक स्थितिको मनोवैज्ञानिक यथार्थ प्रस्तुत गरिएको छ । उपन्यासकारले उपन्यासमा वादी समुदायका अभिभावकले आफ्ना छोराछोरीलाई बाल्यकालदेखि नै हामी असक्षम छौँ, अन्य कार्य गर्ने अधिकार छैन, गऱ्यो भने पाप लाग्छ भन्ने आदि कुराले बाल मस्तिष्कमा ठूलो असर परेको देखिन्छ । वादी समुदायका किशोरावस्थाका नारीहरू शैक्षिक, बौद्धिक, सामाजिक स्तरोन्नति नगरेर केवल बिहान-बेलुका खाने चामलका लागि आफ्नो शरीर परपुरूषसँग पस्किने व्यवहारमा मात्रै केन्द्रित रही आफ्नो मनस्थिति साँगुरो भएको कुरा जनाइएको छ ।

वादी समुदायमा रहेका किशोरीहरू नचाहेर पनि अर्काको भुँडी बोक्नुपर्ने बाध्यात्मक परिस्थिति र ती किशोरीभित्र आइपर्ने विभिन्न पीडा कसैले पनि नबुझिदिने अवस्था रहेको छ । महिलाहरू पनि पुरुषभन्दा कमी हुँदैनन्, वादी समुदायमा जन्मिएका मान्छेहरू अन्य समाजका व्यक्तिहरूभन्दा कमजोर हुँदैनन् । आफ्नो कर्मद्वारा अस्मितालाई जोगाई स्वाभिमानी बन्नुपर्दछ, वादी महिलाहरू सधैँ निरीह बनेर बस्नु हुँदैन, अरूको मोहपासमा फस्नु हुँदैन भन्ने प्रगतिशील सोच उपन्यासकारले प्रस्तुत गरेका छन् । वादी महिलाहरू आफू कुरूप हुँदै गएको, अरूका लागि अनाकर्षित बनेको, मुखियाको हुन लायक नभएको आदि शङ्का गर्दै मनमा अनेक कुरा खेलाएकी छ । आफूले विश्वास गरेको व्यक्ति आफूबाट टाढा हुन खोजेको थाहा पाउँदा व्यक्तिमा मानसिक चिन्ता अत्यन्तै बढ्दै जाने कुरासमेत उपन्यासकारले यथार्थ रूपमा प्रस्तुत गरेका छन् । यसका साथै वादी समुदायका महिलाहरू यौनपेसा गर्ने वेश्या हुन् भन्ने सोचले युवावर्गका महिलामा पर्ने मानसिक असरको यथार्थ प्रस्तुत गरिएको हुँदा मनोवैज्ञानिक यथार्थ प्रस्ट भएको छ । वादी महिलाहरू यौवनावस्थामा शानसँग बाँच्ने, आफ्नो जवानीलाई शानसँग पस्कने गर्दछन् तर जवानी सकिइसकेपछि उक्त जीवन काम

नलाग्ने हुनाले कहालीलाग्दो अभावमय जिन्दगी बाँचेका हुँदा उनीहरूको समुदायको मनोवैज्ञानिक यथार्थ रहेको प्रस्ट बुझिन्छ । मानिस धन दौलतले जति नै धेरैमाथि भए पनि, जति नै अरूलाई दास बनाए पनि एक दिन पछुताउने अवस्था अवश्य आउँछ । एकदिन रोगी हुने पालो सबैको आउँछ भन्दै उपन्यासकारले आफू कमजोर भइसकेपछि मात्र जीवनको वास्तविकता बुझ्ने व्यक्तिको मनोविज्ञानको यथार्थ प्रस्तुत गरेका छन् ।

### ३.४ आलोचनात्मक यथार्थवाद

समाजको विद्यमान स्थितिलाई आलोचनात्मक रूपले नियाल्ने प्रवृत्ति भएको साहित्यिक मान्यता नै आलोचनात्मक यथार्थवाद हो । समाजमा विद्यमान विकृति-विसंगित, शोषण दमन, अन्याय-अत्याचार आदिप्रति तीव्र व्यङ्ग्य र आलोचना गरेर साहित्यमा आलोचनात्मक अथार्थवाद स्थापित हुन पुगेको हो । भेदभाव पुँजीवादी शोषण, दमन, हेपाहा प्रवृत्ति तथा अमानवीयता आदिको कटु आलोचना गर्ने मान्यता भएको यथार्थवादलाई आलोचनात्मक यथार्थवाद भनिन्छ । प्रस्तुत *ऐलानी* उपन्यासमा सुदूरपश्चिमी नेपालको वादी समुदायमा भएको यथार्थ प्रस्तुत गर्दै त्यहाँ रहेका रहनसहन, अन्याय, अत्याचार, शोषण प्रवृत्ति आदिप्रति आलोचना गरिएको छ । *ऐलानी* उपन्यासमा रहेका आलोचनात्मक यथार्थवाद झल्काउने अंशहरू निम्न रहेका छन् ।

> व्यङ्ग्यात्मक तवरले मुस्कुराई । भनी, "साहेब, काँ रहरले छाडेकी हुँ र ? रहर गरेर पुग्ने भए दुनियाँ देवताको हुन्थ्यो ! हामी अहिले स्वर्गमा हुन्थ्यौं ! भन्छन् नि भाग्यभन्दा बढी र समयभन्दा अगाडि कसैले केही कुरा पाउन सक्दैन । उसो त पढिरहेकी छु । थुप्रै किताबहरू, यो दुनियाँ एवम् स्वयंलाई । मसँग दुई बाकस त किताब छन्" । (पृ. ४३)

प्रस्तुत अंशमा वसन्तीले पढाइ छोडेको रहरले नभएर बाध्यताले हो भन्ने कुरा व्यक्त गरेकी छ । स्कुल पढ्दा-पढ्दै घरको आर्थिक अवस्था धान्न यौनधन्दा गर्न थालेकी छे । धेरै पढेका व्यक्तिहरूभन्दा बढी गहकिला कुरा गरेकी छे । आफ्नो पढ्ने रहर हुँदाहुँदै पनि पढिरहेको स्कुल चटक्कै छोडेर आय-आर्जनका लागि यौनधन्दामा पिल्सिनुपरेको वादी समुदायका महिलाको यथार्थलाई आलोचनात्मक रूपमा पस्किइएको छ । वसन्तीसँग पढ्ने पुस्तकहरू धेरै रहेका छन् । *महाभारत*जस्ता ठूला ग्रन्थहरू निरन्तर पढ्ने गर्छे औपचारिक रूपमा भने विद्यालयमा गएर पढ्न पाएकी छैन । एकातर्फ सुखी जीवन जिउने भाग्यमा नभएको अर्कातर्फ रहर गरेर पनि विद्यालय जान नपाएको हुनाले वसन्तीले रहर गरेर सबैथोक पाउने भए यो दुनियाँ देवताको नै हुन्थ्यो भन्दै

आफ्नो स्थितिप्रति आलोचनात्मक भाव प्रकट गरेकी छ । यसप्रकार यथार्थसँगै आलोचनात्मक भाव प्रस्तुत गरेको हुँदा उक्त अंशमा आलोचनात्मक यथार्थवाद रहेको प्रस्ट भएको छ ।

> भन्छन् । धेरैले भन्छन् । मसँग सुत्ने प्रायः ग्राहकले बिहे गर्छु भन्छन् । तर, मलाई थाहा भइसक्यो उनीहरू मसँग झुटो बोल्छन् । उनीहरूको आवश्यकता केवल मेरो शरीर हो । म त्यस्ता कुरा पत्याउँदिनँ । मैले कोही आफ्नै जातको खोज्नुपर्छ, जसले मलाई स्वीकार्न सकोस् । (पृ. ४४)

वादी समुदायमा यौनप्यास मेटाउन आउने पुरुषहरूले वादी महिलाहरूलाई राम्रा-राम्रा गहना दिने, विवाह गरेर सँगै लैजाने आश्वासन दिने गर्दछन् । प्रस्तुत अंशमा वसन्तीले आफूलाई पनि बिहेको आश्वासन दिनेहरू धेरै आएका बताएकी छ । म पात्रले विवाहको प्रसङ्ग गर्दा वसन्तीले विवाह त केवल यौनप्यास मेटाउनु अघिमात्र गर्छन् । जब यौन प्यास मेटिन्छ विवाहका सबै कुरा मेटिएर जान्छन् । यसप्रकारका स्वार्थी प्रवृत्तिका पुरुषको व्यवहारप्रति आलोचना गरेकी छे त्यसैले यस अंशमा आलोचनात्मक यथार्थ प्रस्तुत भएको छ ।

> ईश्वर एक फगत् वस्तुमात्र हो, जसलाई मानिसले आफ्नो उपभोगका लागि बनाएका हुन् । पहुँचवालाहरू ईश्वरलाई माध्यम बनाई समाजलाई केवल हुकुमत गर्न खोजिरहन्छन् । हुँदै नभएको वस्तु निर्माण गरे मान्छेले । सिर्फ राखिदिए नाम । थपिदिए त्यो नाममा अनेक गुणहरू अमर, अजर, अदृश्य र सर्वशक्तिशाली अगेरा-बगेरा । त्यही काल्पनिक वस्तु हो ईश्वर । (पृ. ४५-४६)

ईश्वरलाई जगत्को सर्वनियन्ता, सृष्टिकर्ता मानिएको भए तापनि यस अंशमा वसन्तीले केवल मानिसले आफ्नो उपभोगका लागि ईश्वर बनाएका हुन् भन्ने मनसाय व्यक्त गरेकी छ । ईश्वर एक फगत् वस्तु मात्र हो । उक्त वस्तुलाई माध्यम बनाएर व्यक्तिले आफ्ना इच्छा-आकाङ्क्षाहरू परिपूर्ति गर्ने गर्दछ । जुन वस्तु अदृश्य छ त्यसलाई झुटो साक्षात्कार गरी आफ्नो हुकुम अगाडि बढाउन नभएका वस्तुलाई अगाडि ईश्वरका रूपमा स्थापित गरेका हुन् । यसरी नदेखिने ईश्वरलाई माध्यम बनाएर मानिसले आफ्नो उपभोगका लागि आस्तिक र नास्तिक प्रचलन ल्याएको भन्दै ईश्वरसम्बन्धी धारणा, समाजमा हुने व्यवहारप्रति आलोचनात्मक धारणा प्रस्तुत अंशमा प्रस्तुत अंशमा पाइन्छ ।

> समाजलाई चिच्याउँदै भनिदिऊँ लाग्छ - ऊ छँदै छैन ! रजस्वला हुँदा चुहिएको रगतले प्रत्येक मन्दिर, मस्जिद र चर्चका भित्ताहरूमा लेखिदिऊँ लाग्छ - ईश्वर हराएको सूचना ! भेट्टाउने पुरुषले मसँग गुजार्न पाउनेछ एक रात ! (पृ. ४६)

प्रस्तुत अंशमा वसन्तीले समाजमा रहेको ईश्वरसम्बन्धी धारणा र आफूले भोग्नुपरेको बाध्यात्मक स्थितिलाई केलाउँदै तीव्र आक्रोश व्यक्त गरेकी छ । ईश्वरलाई लिएर विभिन्न नीति र नियम बनाई त्यस विषयमा महिलालाई साँघुरो घेराभित्र मानिसले नै राखेको छ । रजस्वला हुँदा महिला मन्दिर जान नहुने, पुरुषले इच्छाएको समयमा यौनप्यास महिलाले नै मेटाइदिनुपर्ने जस्ता विभिन्न अपाच्य नियमहरू महिलाले नै भोग्नुपरेको छ । ईश्वर सत्य छ । ईश्वरद्वारा यो ब्रह्माण्ड परिचालित छ तर मानिसमा लागु हुने निरङ्कुश प्रवृत्तिका नियमहरू ईश्वरद्वारा निर्मित छैनन् । जति नियमहरू छन् ती सबै ईश्वरलाई आधार बनाएर मानिसले नै बनाएका छन् । एकले अर्कालाई सङ्कुचित दृष्टिबाट हेर्न सानो र ठूलोको मतभेद गर्न, अर्कोलाई लडाएर आफूमाथि उक्सिन मानिसहरूले नै नीति र नियमहरू बनाएका छन् । कतिपय ती नियमहरू निरङ्कुश प्रवृत्तिका रहेका छन् जसले मानिसलाई साँघुरो घेराभन्दा माथि उक्सिन दिँदैन । यसरी नदेखिने ईश्वरलाई माध्यम बनाएर मानिसले आफ्नो स्वार्थका लागि विभिन्न नियमहरू बनाएका छन् । प्रगतिशील हुनुपर्नेमा नचाहिँदो विभिन्न नीति-नियमका गह्रुङ्गो भारीबाट थिचिएर मानिस यथाथस्थितिवादमै रहेको छ । समाजमा रहेका कुरीति र कुसंस्कारलाई परिवर्तन गरी सुनौलो शैक्षिक समाज निर्माण गर्ने प्रगतिशील सोच यस पङ्क्तिमा आएको छ । यस्ता विभिन्न कुराहरूद्वारा समाजका यथार्थ पस्किँदै समाजका कुरीति र कुसंस्कारप्रति आलोचनात्मक भाव प्रकट गरिएको छ । यसप्रकार प्रस्तुत अंशमा आलोचनात्मक यथार्थवाद प्रस्ट भएको छ ।

> साहेब, वासुकी नागले आफ्ना भाइहरूका रक्षाका लागि आफ्नी बहिनी जरत्कारूलाई ऋषिसामु सुम्पिए । गर्भवती हुन लगाए । कुन्तीले सन्तानका लागि देवताहरूका सन्तानहरू पाठेघरमा हुर्काउनुपऱ्यो । द्रौपदीले पाँचै भाइको गर्भ बोक्नुपऱ्यो । गान्धारीले आफ्नो अन्धो लोग्नेका लागि जिन्दगीभर अन्धी बन्नुपऱ्यो । लौ भन के यी राजसी र देवसी नारीहरूको हालत हामी वदिनीहरूभन्दा अलग छ ? अलग केही होला त सिर्फ सम्झौताको माध्यम हो । यी सबै घटनामा पुरुषका दोष र पापकर्मसँग स्त्रीहरू केवल घिस्रिएका छन् । (पृ. ४७)

प्रस्तुत अंशमा देवताको समयदेखि अहिलेका वादी समाजसम्म आउँदा स्त्रीहरूले नै पीडा खेप्नुपरेको यथार्थ पस्किएको छ । जरत्कारू, कुन्ती, द्रौपदी, गान्धारी आदि पौराणिक कालका नारीहरूले विभिन्न सङ्कटहरू झेल्नुपरेको थियो । आफ्ना लागि नभएर अरूका लागि आफै पिल्सिनुपर्ने बाध्यता थियो । देवता, राजा आदि व्यक्तिहरूले पुरुषको शासन चलाउने, स्त्रीहरूलाई केवल प्रयोगका पात्र बनाउने प्रचलन त्यसबेला पनि रहेको प्रस्तुत अंशमा बताइएको छ । वर्तमान विज्ञानका युगमा आइपुग्दा

पनि समाज उही पौराणिक कालतर्फ उन्मुख भएको व्यवहार गरिरहेको छ । पुरुषवादी समाजले स्त्रीलाई भोग्याका रूपमा मात्रै हेरेको छ । जुन वस्तुवाट सृष्टि चल्ने हो, जसबाट ती पुरुषहरूको पनि जन्म हुँदैन त्यस्ता महिमामयी स्त्रीहरूलाई केवल भोग्या पात्रका रूपमा परिभाषित गर्ने वर्तमान समाजको दृष्टिकोणप्रति कटु व्यङ्ग्य गरिएको छ । वर्तमान समयमा विशेषतः वादी समुदाय उक्त पौराणिक कालको समुदायभन्दा कत्ति फरक छैन किनभने पुरुषका दोष र गल्तीहरूमा स्त्रीहरूले नै घिस्रिनुपरेको छ । यसप्रकार पौराणिक कालदेखि वर्तमान समाजसम्म आइपुग्दा समेत स्त्रीहरूप्रति गरिने दृष्टिदोषारोपणप्रति तीखो आलोचना गरिएको छ । त्यसैले प्रस्तुत अंशमा आलोचनात्मक यथार्थवाद रहेको प्रस्ट भएको छ ।

> मलाई कहिलेकाहीँ यो देश चिहानजस्तो मात्र लाग्छ । म एकलास सिवाय अरू केही होइन, सायद । यो बस्तीका हरकोही लासजस्तै लाग्छन् । जो हामीलाई वेश्या ठान्दै भोग्न आउने उनीहरू चील र गिद्धझैँ लाग्छन् । उसो त लासहरू कुहिनुभन्दा चील र गिद्धहरू अघाएको राम्रो ! होइन र ? (पृ. ५१)

प्रस्तुत अंशमा वादी समुदायका महिलालाई लास र यौनप्यास मेटाउन आउने पुरुषलाई गिद्धको संज्ञा दिइएको छ । वास्तवमा परपुरुषले वादी समुदायका महिलाहरूलाई यी नारी पनि हामीजस्तै हुन् । यिनको पनि हाम्रोजस्तै शरीर हो, यिनीहरूका इच्छा र आकाङ्क्षा पनि हुन्छन् भन्ने सोच नराखी केवल वेश्याका रूपमा देख्छन् । वास्तवमा शिक्षा प्राप्त गर्ने अवसरबाट वञ्चित भएकाले नै वादी समुदायका महिला शिक्षित हुनबाट टाढा गएका हुन् । वादी समुदायका महिलाको चेतनास्तर उनीहरूलाई भोग्याका रूपमा देख्ने पुरुषको भन्दा पनि अगाडि रहेको छ । समाजमा रहेको परम्पराले गर्दा उक्त महिलाहरू प्रगतिशील बाटोबाट वञ्चित हुनुपरेको छ । वदिनीहरू केवल पुरुषको यौनप्यास मेटाउनका लागि प्रयोग हुनुपर्छ । पुरुषहरूचाहिँ उक्त महिलाहरूलाई आफ्ना इच्छाअनुसार भोग गरिरहनुपर्छ भन्ने समाजको नीच दृष्टिलाई सिनो र गिद्धको उपमा दिइएको छ । जसरी सिनोमा गिद्ध घुम्दछ त्यसरी नै वादी महिलाहरूमाथि पुरुषहरूले भोग गर्दछन् । यसरी भोग्याका रूपमा मात्र देख्ने पुरुषलाई गिद्ध भन्दै आलोचनात्मक भाव व्यक्त गरिएको छ ।

> ऊ आफ्नो आँखा मिच्दै बोली, "त्यो रन्डो बाउलाई काटिदिऊँ जस्तो लाग्छ । कस्सम वसन्ती ! अब त नसकिने भो । केही दिनपछि उसको घाँटीमा बन्चराले हान्छु । तँ हेरिराख्, उसलाई हजार टुक्रा पारेरै छोड्न्या हुँ । (पृ. ५२)

प्रस्तुत अंशमा वसन्तीकी साथी लक्ष्मीले आफ्नो बाबुले गरेके दुर्व्यवहारप्रति आक्रोश व्यक्त गरेकी छ । जसलाई आफूले जन्माएर, हुर्काएर ठूलो बनायो त्यस्तो बाबुले पनि किशोरावस्थामा लागेकी छोरीमाथि नै यौनाक्रमण गर्ने प्रवृत्ति वादी समाजमा हावी रहेको छ । आफ्नी छोरी, आफ्ना नाता जोसुकै भए पनि नारीप्रति केवल शारीरिक भोग-विलासको साधन ठान्ने पुरुषलाई बन्चरोले हानेर मारिदिने र उक्त कुदृष्टिलाई अन्त्य गर्ने भाव लक्ष्मीले व्यक्त गरेकी छ । त्यही समाजमा हुर्किएर समाजका नकारात्मक प्रवृत्तिलाई अन्त्य गर्नका लागि आक्रोशित हुँदै प्रस्तुत भएको हुनाले आलोचनात्मक यथार्थवाद देखिएको छ ।

> मेरो आस्तिक हृदय एकाएक नास्तिक भएको महसुस गरेँ - यहाँ भगवान् छैनन् । यदि भगवान् हुन्थ्यो त यस्तो नर्कजस्तो दुनियाँ हुन्थेन । (पृ. ५६)

प्रस्तुत अंशमा लक्ष्मीको दयनीय स्थितिको कहानी सुन्दा म पात्रले मनमा खेलाएको कुरा आएको छ । उसले आफूलाई नास्तिक बनेको महसुस गरेको छ । सुन्दर सृष्टिको रचना गर्ने भगवान्ले समाजलाई अझ सुन्दर बनाउनुपर्नेमा समाज झन् नर्कजस्तो बनेकोप्रति आक्रोशभाव पोखिएको छ । ईश्वरवादी बन्न खोज्ने तर व्यवहार चाहिँ असुरले जस्तो गर्ने समाजका व्यक्तिप्रति आलोचनात्मक भावना व्यक्त गरिएको छ ।

> ऊ ममाथि आरामसँग चढ्यो तर पनि मेरो शरीर छटपट गर्न खोजिरह्यो । हातहरू भुइँमा माउसुलीको पुच्छरजस्तै छटपटाए त्यही बेला संयोगवस दायाँ हातमा ढुङ्गा लाग्यो त्यो ढुङ्गो उठाएँ । हिर्काएँ उसको कन्चटमा । ऊ तत्कालै निस्क्रिय भएर ढल्यो ... । (पृ. ७७)

वादी समुदायका महिला आफ्नो गाउँ छोडेर कतै एकान्तमा जाँदा पनि आफ्नो ज्यान जोखिममा राख्नुपर्ने अवस्था रहेको छ । फूलमाया पनि मनका पीडा भुलाउनका लागि गाउँभन्दा तल खेतमा बसिरहेको अवस्थामा पुरुषहरू आएर जबर्जस्ती गरेका छन् । कतिबेला कुन पुरुष आफ्नो इच्छापूर्ति गर्न महिलाको इज्जत लुट्न आउने हो पत्तो हुँदैन । फूलमायाले जबर्जस्ती गरेर आफ्नो शरीरमाथि चढेको पुरुषलाई ढुङ्गा उठाएर कन्चटमा हानी बेहोस बनाएकी छ । परपुरुषले गरेको अत्याचारको विरोधमा महिलाले आफ्नो अस्मिता बचाउन हर तरहले प्रतिक्रिया दिनुपर्ने र आफ्नो जीत हासिल गर्नुपर्नेप्रति जोड दिइएको छ । विकृतिप्रति विद्रोह गरेको देखाएर आलोचनात्मक यथार्थ प्रस्तुत गरिएको छ ।

> यदि तँलाई माया नगर्न्या भया तेरा झुपडीमा पूरै दिन क्यान बिताउँथ्या, तँलाई पर्खेर ? शरीरका मात्र प्यासी भया त वादीबाडाका जुनसुकै घरमा पस्न सक्थ्या । तेरै घरमा पन तेरी आमोई थिइन् । माया नै गर्दैनन् भन्या क्यान तँलाई आफ्नो घरमा लिएर आया ? तँ धेरै सुन्दर छै फूलमाया । मुखिया सुन्दरताका तिर्खालु हुन सक्छन् । सायद तँलाई भोग्न ल्याएका थिया । (पृ. ८४-८५)

तत्कालीन वादी समुदायमा रहेको शोषणवादी सोचको आलोचना प्रस्तुत अंशमा गरिएको छ । सँगै टाँसिएर बसिरहेको मुखिया एक्कासि छुटिएर बाहिर गएपछि फूलमायाले मनभित्र गरेको मनोवादका रूपमा प्रस्तुत अंश आएको छ । शारीरिक यौनप्यास मेटाउन मात्रै वादी समुदायमा गएको हो भने मुखिया अन्य महिलाहरूसँग पनि जान्थे होला । उमेरले किशोरी तथा सौन्दर्यकी धनी भएका कारण आफूलाई विविध कारणले फकाएको हो भन्दै उसले मनोवाद गरेकी छ । आफ्नो स्वार्थपूर्तिका लागि महिलालाई प्रयोग गर्ने र तिनीहरूलाई भोग्याका रूपमा मात्र बुझ्ने पुरुषको विरोध गरेकी छ । यसप्रकार पुरुषहरूको नराम्रो व्यवहारप्रति गरिएको व्यङ्ग्यले आलोचनात्मक यथार्थवाद पुष्टि गरेको छ ।

> पानी परेको बेला उर्लने खोल्सोसँग आफैलाई दाजेँ । सबै वदिनीहरूलाई दाजेँ, जो बैँस छँदा खुबै उर्लिन्छन् । अनी, बैँस निखिएपछि सुक्खा खोल्सोजस्तै बन्छन् । (पृ. १११)

प्रस्तुत अंशमा चिन्तित फूलमायाले गरेको एकल मनोवाद रहेको छ । मुखिया आफ्ना अनेक चिन्ताले फूलमायालाई वास्ता नगरेको भए तापनि उसले त्यो यथार्थ बुझेकी छैन । केवल मुखियाले वास्ता नगरेकोमा र चिन्तित रहेकोमा आफ्नो बैँसालुपन घट्दै गएको हो कि भन्ने कुरा मनमा खेलाएकी छ । अर्कातर्फ वादी समुदायका महिलाहरू जतिबेलासम्म यौनव्यवहारमा रमाउन सक्छन् त्यतिबेलासम्म कमाउन सक्षम मानिन्छन् । शारीरिक रूपमा दुर्बल हुँदै जाने, आकर्षणमा कमी हुने महिलाहरूको अस्तित्व हुँदैन त्यसकारण पुरुषहरू वादी समुदायका महिलाहरूलाई रोजी-रोजी भोग गर्दछन् यसरी महिलाहरूलाई बैँस छँदा मात्र भोग गर्ने, बैँसको रस सकिएपछि त्यागिदिने पुरुषप्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । वादी महिलालाई बर्सात्मा उर्लने र हिउँदमा सुक्ने खहरे खोलाको उपमा दिइएको छ । जवान अवस्था र आकर्षण हीन अवस्था महिलाका लागि खहरे खोलाको जस्तै वर्षा र हिउँद हो । यस्तो प्रवृत्ति राख्ने समाजको सोँचप्रति व्यङ्ग्यात्मक स्वर व्यक्त गरिएको छ । यसकारण प्रस्तुत अंशमा आलोचनात्मक यथार्थवाद प्रस्ट देखिएको छ ।

> हामी कर्मले मात्र हुर्किन सकेनौँ । खानलाई शरीर सुम्पिनै पऱ्यो । हाँसो समाउन लगाएका कपडाहरू छोड्नुपऱ्यो । हामीले नाङ्गिन सिकेका होइनौँ । तर हामीलाई नाङ्गो बनाइयो । हामी पेशेवर बनेका होइनौँ, बनाइयो । बनाइयो वेश्या, वदिनी, पातर... । (पृ. १९९)

प्रस्तुत अंशमा वादी महिलाप्रति अन्य मानिसहरूले राख्ने दृष्टिकोण र गर्ने व्यवहारप्रति आक्रोश व्यक्त गरिएको छ । वास्तवमा वदिनीहरू स्वेच्छाले ननाङ्गिएको तर अर्काले नङ्ग्याएको, अरूद्वारा पेसेवर बनाइएको जनाइएको छ । एकातर्फ अर्काले नराम्रो दृष्टिले भोग्या बनाए पनि अर्कातिर भोग्या बन्न तयार हुने वदिनीहरूप्रति पनि वसन्तीले आक्रोश व्यक्त गरेकी छ । यदि वादी मानिसहरू लाटा नभएर अर्काको नीच दृष्टिमा नपरेर अर्काले झोसेको पीडाको आगोमा नझोसिएर कर्म गरेको भए आजको समयमा वदिनीहरूको यस्तो हालत हुने थिएन भन्दै वादी महिलाप्रति नराम्रो दृष्टिकोण राख्ने पुरुष र स्वयम् वदिनीहरूप्रति आलोचनात्मक भाव व्यक्त गरिएको छ ।

> मान्छेले यत्रो प्रगति गरेका छन् तर हामी अझै मान्छेभन्दा पर छौँ । जन्तुजस्तै भएर बाँच्न विवश छौँ । अझै हाम्रो जात सुन्दा मान्छे अनौठो गरी हेर्छन् मानौँ हामी कुनै दुर्लभ जनावर हौँ । यो देश चलाउनेहरूलाई हामी चिडियाखानामा छौँ भन्ने जानकारी होला कि नहोला ? (पृ. २१३)

प्रस्तुत अंशमा म पात्र अमर र वसन्तीबिचको संवादअन्तर्गत वसन्तीले बोलेको कुरा आएको छ । संसारमा मानिसले धेरै उन्नति गरेको समयमा पनि वादी समाजका मान्छेहरू मान्छेभन्दा पर रहेको अनुभूति वसन्तीले गरेकी छ । वादी जात सुन्दा नै मानिसहरू अनौठो गरी हेर्ने र मूल्याङ्कन गर्ने गर्दछन् । यो विश्वमा विभिन्न विकासका गति अगाडि बढेको समयमा हाम्रो देशका मानिसले सोँचको समेत विकास नगरेको जनाएकी छ । वास्तवमा देश चलाउनेहरूले आफूलाई चिडियाखानाभित्र रहेको जनावर ठान्नुपर्ने भन्दै व्यङ्ग्य गरेकी छ । यसप्रकार भौतिक जगत्को उन्नति भएको समयमा नेपालका मानिसको सोचमा थोरै पनि प्रगति नभएको र केवल पशुजस्तो बनी बाँचिरहेको भन्दै देशको वर्तमान अवस्थाप्रति कटु व्यङ्ग्य गरिएको छ । त्यसैले प्रस्तुत अंशमा आलोचनात्मक यथार्थवाद रहेको पुष्टि हुन्छ ।

निचोडमा भन्नुपर्दा समाजको विद्यमान स्थितिलाई आलोचनात्मक रूपले नियाल्ने प्रवृत्ति भएको साहित्यिक मान्यता नै आलोचनात्मक यथार्थवाद हो । समाजमा विद्यमान विकृति-विसङ्गति, शोषण, दमन, अन्याय-अत्याचार आदिप्रति तीव्र व्यङ्ग्य र आलोचना गरेर साहित्यमा आलोचनात्मक

अथार्थवाद स्थापित हुन पुगेको हो । विवेक ओझाद्वारा लिखित *ऐलानी* उपन्यासमा सुदूरपश्चिमी नेपालको वादी समुदायमा भएको यथार्थ प्रस्तुत गर्दै त्यहाँ रहेका रहनसहन, अन्याय, अत्याचार, शोषण प्रवृत्ति आदिप्रति आलोचना गरिएको छ । उपन्यासमा आफ्नो पढ्ने रहर हुँदाहुँदै पनि पढिरहेको स्कुल चटक्कै छोडेर आय-आर्जनका लागि यौनधन्दामा पिल्सिनुपरेको वादी समुदायका महिलाको यथार्थलाई आलोचनात्मक रूपमा पस्किइएको छ । वादी समुदायमा वदिनीहरूलाई बिहेको आश्वासन दिनेहरू धेरै आउने तर विवाह त केवल यौनप्यास मेटाउनु अघिमात्र गर्छन् भनी आलोचनात्मक यथार्थ प्रस्तुत भएको छ । यसैगरी अदृश्य ईश्वरलाई माध्यम बनाएर मानिसले आफ्नो उपभोगका लागि आस्तिक र नास्तिक प्रचलन ल्याएको भन्दै ईश्वरसम्बन्धी धारणा, समाजमा हुने व्यवहारप्रति आलोचनात्मक धारणासमेत उपन्यासकारले प्रस्तुत गरेका छन् । पुरुषप्रधान समाजका कारण पौराणिक कालका नारीहरूले विभिन्न सङ्कटहरू झेल्नुपरेको र आफ्ना लागि नभएर अरूका लागि आफै पिल्सिनुपर्ने बाध्यता रहेको र त्यही अवस्था अहिले पनि भएको समाजको दृष्टिकोणप्रति लेखकले कटु व्यङ्ग्य गरेका छन् । उपन्यासकारले वादी समुदायका महिलालाई लास र यौनप्यास मेटाउन आउने पुरुषलाई गिद्धको संज्ञा दिएका छन् । यसैगरी लेखकले आफ्नी छोरी, आफ्ना नाता जोसुकै भए पनि नारीप्रति केवल शारीरिक भोग-विलासको साधन ठान्ने पुरुष र समाजका नकारात्मक प्रवृत्तिलाई उदाहरणसहित प्रस्तुत गरेका छन् । वादी समुदायका महिलाहरूको जवान अवस्था र आकर्षणहीन अवस्था महिलाका लागि खहरे खोलाको जस्तै वर्षा र हिउँद हो भन्दै व्यङ्ग्य गरिएको छ । अन्त्यमा लेखकले देश चलाउनेहरूलाई चिडियाखानाभित्र रहेको जनावर भन्दै व्यङ्ग्य गर्दै उपन्यासमा आलोचनात्मक यथार्थवाद रहेको कुराको पुष्टि गरेका छन् ।

## ३.५ निष्कर्ष

'यथार्थ' र 'वाद' शब्दको संयोगबाट 'यथार्थवाद' शब्दको निर्माण भएको हो । शाब्दिक व्युत्पत्तिअनुसार यसको अर्थ 'जस्ताको तस्तै" भन्ने हुन्छ । साहित्य समालोचनाका विभिन्न धाराहरूमध्ये यथार्थताका पक्षमा रहेर गरिने समालोचना पद्धतिलाई यथार्थवादी समालोचना पद्धति भनिन्छ । विशेषगरी यथार्थवादले भौतिक जगत्को वास्तविकता वा समाजमा रहेका यथार्थ घटनाहरूलाई यथार्थताका साथ चित्रण गर्दछ । *ऐलानी* उपन्यास विशुद्ध यथार्थवादी उपन्यास हो । सुदूरपश्चिमी नेपालको वादी समाजको परिवेशलाई लिएर त्यहाँको रहनसहन रीतिरिवाजजस्ता सम्पूर्ण पक्षलाई जस्ताको तस्तै चित्रण गर्नुले प्रयुक्त उपन्यास यथार्थवादी उपन्यासका रूपमा स्पष्ट हुन आउँदछ । यथार्थवादलाई पनि सामाजिक, मनोवैज्ञानिक, आलोचनात्मक, समाजवादी आदिजस्ता

विभिन्न भेदद्वारा स्पष्ट पार्न सकिन्छ । *ऐलानी* उपन्यासमा यथार्थवादलाई प्रस्ट पार्नका लागि यथार्थवादका भेदहरू स्पष्ट रूपमा भेटिन्छन् ।

मानव जगत्मा चलेका परम्परा, संस्कृति, रहनसहन, आचरण आदिको यथार्थवर्णन सामाजिक यथार्थवादले गर्दछ । यसले समाजमा रहेका विकृति, विसंगित, कुरीति, अन्धविश्वास आदिको विरोध पनि गर्दछ । वादी समुदायमा फूलमायाले भोगेका बच्चादेखि बुढेसकालसम्मको अवधिमा समाजमा गरिने क्रियाकलाप विभेद, अन्याय-अत्याचार, रहनसहन, दुःखसुख आदि यस उपन्यासभित्र प्रस्ट रूपमा देखाइएको छ । वादी समुदायभित्र फूलमायाजस्ता राम्री, प्रगतिशील विचार भएकी महिलाले शिक्षादीक्षा, स्वअस्तित्व र अस्मिताको अधिकारबाट वञ्चित भई त्यहाँकै अन्धविश्वास परम्परामा रूमल्लिनु पर्दछ भन्ने समाजको चित्रण गरिएको छ । समाजमा हुने जातीय विभेदअन्तर्गत सानो जातले छोएको पानीसमेत ठूला जातलाई नचल्ने, ठूला जातकै हैकम चल्ने, साना जातका व्यक्ति निरीह बनेर बाँच्नुपर्ने बाध्यात्मिक स्थिति देखाइएको छ । वादी समुदायमा भदौ एक गते किशोरीहरू नाङ्गै बनी कमेरो घसी नाच देखाउँदै सबैलाई आनन्द दिएर मनाउने चाडपर्वको यथार्थ प्रस्तुत गरिएको छ । वादी महिलाहरूलाई अन्य समाजका परपुरुषसँग मात्र होइन आफ्नै घरका बाबु, काका आदिसँग पनि ज्यान जोगाउन, आफ्नो अस्मिता जोगाउन हम्मेहम्मे पर्ने दयनीय अवस्था देखाइएको छ । यसप्रकार वादी समुदायमा महिलाहरूले आफ्नो अस्मिता बेचेर अरूको यौनप्यास मेटाउन बाध्य हुनुपर्ने विकृति, अनेक प्रकारका व्यक्तिसँग सम्पर्क र साझेदारी गर्ने विसंगित, वादी समुदायमा जन्मेपछि देहव्यापार गर्ने, राडी बुन्ने, मादल बनाउने, माछा मार्ने काम मात्र गर्नुपर्छ र छुवाछुतको नियम पालना गर्नुपर्छ भन्ने अन्धविश्वासको यथार्थ चित्रण गर्दै यसप्रतिको विरोधको चाहना गरेको हुनाले प्रस्तुत *ऐलानी* सामाजिक यथार्थवादी उपन्यास हो ।

मानव जगत्का आन्तरिक रूपमा दबिएर रहेका कुण्ठालाई स्वअनुसारका पात्रको चयन गरी बाहिर प्रस्फुटन गराउने काम मनोवैज्ञानिक यथार्थवादले गर्दछ । बाह्य यथार्थको यथाथतथ्य चित्रण गर्ने प्रवृत्तिसँगै त्यसबाट उत्पन्न आन्तरिक यथार्थ अर्थात् मानव मनको विचार प्रक्रियाको यथाथतथ्य प्रतिवेदन प्रस्तुत गर्ने र प्रतिक्रियातर्फ उन्मुख हुने वाद नै मनोवैज्ञानिक यथार्थवाद हो । *ऐलानी* उपन्यास पनि मनोवैज्ञानिक यथार्थवादी उपन्यास हो । यस उपन्यासभित्र प्रयोग गरिएका पात्रहरूको मनभित्र धेरै वादविवाद खेलेको छ । एकले अर्काको मनको कुरा बुझ्न खोजेका छन् । व्यक्तिगत समस्यालाई व्यक्त नगरी मनभित्रै पिल्स्याएका छन् । फूलमाया आफू किशोरावस्थामा भर्खर प्रवेश गर्दै गर्दा आफू रूपले पनि राम्रो, पढ्न पनि सक्ने तर वादी समुदायको शरीर यौनधन्दामा समर्पित गरेर जीवन नबिताउने खालका कुराहरू मनमनै सोचेकी छे । आफ्नी आमा अन्य पुरुषसँग नाङ्गै

सम्भोग गरिरहेको देख्दा बालकमा उत्पन्न हुने बालमनोविज्ञानप्रतिको नकारात्मक असर देखाइएको छ । पढ्न नपाएर अर्कालाई यौनसन्तुष्टि दिँदै बाँचेका पीडित महिलाहरूका मनका वेदना समाजको छुवाछुतप्रथाको अन्धविश्वासी परम्पराले बालक तथा युवा वर्गमा परेको मनोवैज्ञानिक असर देखिएको छ । पूर्वप्रेमिकालाई भुल्न खोजे पनि पछि भेटिएका नारीलाई देख्दा उसैलाई सम्झिहाल्ने मनको बलियो स्मृतिपना आदि यस उपन्यासमा प्रस्ट देखिएका छन् । पात्रले पात्रको मनको भावना बुझ्नु, समाजमा बस्ने मानव मनको प्रतिक्रिया बुझ्नु र समाजका व्यवहारले मानव मनमा उत्पन्न हुने पीडा र खुसीका अनेक विषयवस्तु पस्किनु, विभिन्न खाले मनस्थिति बुझ्न खोज्नु र मनोविज्ञानको खोजतलास गरेको हुनाले प्रस्तुत उपन्यास मनोवैज्ञानिक यथार्थवादी उपन्यास हो ।

समाजमा विद्यमान विकृति-विसंगित, शोषण, दमन, अन्याय अत्याचारप्रति व्यङ्ग्य र आलोचना गर्नु साहित्यमा आलोचनात्मक यथार्थको प्रवृत्ति हो । समाजमा रहेको अमानवीय व्यवहारप्रति कटु आलोचना गर्ने यसको मान्यता हो । समाजमा जे-जस्ता घटना घटेका हुन्छन् ती सबैलाई नियालेर नराम्रा प्रवृत्तिप्रति आलोचनात्मक रूपले प्रस्तुत गर्ने साहित्यिक प्रवृत्ति नै यस आलोचनात्मक यथार्थवादको हो । फूलमायाकी आमाले यौनकार्यबाट अरूलाई सन्तुष्टि दिने काम मात्र गर्नु, मादल बनाउनु, घरेलु काम गर्नु मात्र वदिनीहरूको कर्म हो भन्ने कुरामा फूलमायाले अन्य बौद्धिक र शैक्षिक कम पनि गर्न सकिन्छ भन्ने तर्क दिँदै साँघुरो सोचप्रति आलोचनात्मक भाव देखाएकी छ । अरूले यौनशोषण गर्न आए तापनि आफू निरीह बनेर आफूलाई नसुम्पिने र बलियो बनेर कर्म गर्नुपर्दछ भन्दै फूलमायाले स्वअस्तित्वको खोजी गरेकी छ । वादी समुदायमा जन्मिएका बच्चाहरूको बाबु यकिन नहुने अति लज्जास्पद अवस्थालाई उपन्यासकार स्वयंले विभेददृष्टि राखेका छन् । म पात्रले वार्तालाप गरेको अवस्थामा वसन्तीद्वारा ईश्वरलाई अन्धविश्वासी भएर मान्ने होइन, मानवमा ईश्वर खोज्न सक्नुपर्दछ भन्ने कुरा व्यक्त गरिएको छ । पौराणिक समयदेखि वर्तमान कालको समाजसम्म स्त्रीले नै निरीह बनेर बाँच्नुपरेको प्रवृत्तिप्रति खेद प्रकट गरिएको छ । अन्धविश्वासी ईश्वर नमानेर वास्तविक मानवलाई ईश्वर सम्झी समतामूलक समाजको निर्माण गर्नुपर्छ भन्ने सोचबाट आलोचनात्मक यथार्थवाद प्रस्ट हुन आउँदछ । वादी समुदायका महिलाले पढ्न नपाउने, सम्माननीय कार्यमा सहभागी हुन नपाउने प्रवृत्तिप्रति पनि खेद प्रकट गर्दै प्रगतिशील विकासको माग गरिएको छ । व्यक्ति परनिर्भर नभई आफूभित्रको क्षमतालाई पहिचान गरी स्वाभाविक बन्न सक्नुपर्दछ । समाजको विकृति र विसंगितका पछाडि दौडिएर आफ्नो अस्तित्वलाई मास्नु हुँदैन । शरीर कर्म गर्नका लागि बनेको हो, केवल यौनप्यास मेट्नका लागि मात्र होइन । सकारात्मक सोच राखी प्रगतिशील समाजको स्थापना गर्न सक्नुपर्दछ । विकृति र विसंगितको यथार्थ

चित्रणसँगै विरोध र प्रगतिशील सोचको खोजी गरेको हुँदा प्रस्तुत *ऐलानी* उपन्यास आलोचनात्मक यथार्थवादी उपन्यास हो ।

यसप्रकार समाजमा रहेका सामाजिक, मनोवैज्ञानिक, आदर्शवादी, आलोचनात्मक विचारसँगै विभिन्न विषयवस्तु बनाएर यथार्थ प्रस्तुत गरेको हुँदा प्रस्तुत *ऐलानी* उपन्यास यथार्थवादी उपन्यास रहेको कुरा प्रस्ट हुन आउँदछ। पञ्चायतकालीन समयमा पञ्च, मुखियाहरूको शासन चल्ने र अन्य जनता निरीह बनेर बस्नुपर्ने उनीहरूकै हुकुममा चल्नुपर्ने बाध्यात्मक अवस्थाको चित्रण गरिएको छ । मध्यपश्चिमदेखि लिएर सुदूरपश्चिमसम्मका वादी समुदायमा जन्मिएका महिलाहरू केवल यौनधन्दा मात्र गर्दछन् । उक्त समाजमा छोरो जन्मिए दुःखी हुने छोरी जन्मिए खुसी हुने परम्पराको व्यङ्ग्यात्मक चित्रण गरिएको छ । वादी समुदायमा जन्मिनु भनेको अर्कालाई रिझाउन जन्मिनु हो भन्ने सङ्कुचित धारणा तत्समुदायका मानिसमा रहेको छ । अन्धविश्वास, कुरीति, कुसंस्कार, हैकमवादी परम्पराले गर्दा नेपालको ग्रमीण समुदायका व्यक्ति कुनै पनि स्थितिबाट अगाडि बढ्न सकेका छैनन् । भविष्यका कर्णधार मानिने बालबालिका र किशोरावस्थाका व्यक्तिलाई पनि साँघुरो मानसिकता बनाइदिएर प्रगतिशील मार्गमा अगाडि बढाउनबाट वञ्चित बनाउने उक्त समाजको चित्रण गरिएको छ । यदि परम्परागत सोचलाई परास्त गरी प्रगतिशील विचार र कर्मद्वारा अगाडि बढ्ने हो भने समतामूलक, शिक्षित र जागरुक समाजको निर्माण हुन्छ भन्दै समाजका प्रवृत्ति देखाएर समाधान खोज्ने प्रयास गरेको हुँदा प्रयुक्त *ऐलानी* उपन्यास यथार्थवादी उपन्यासका रूपमा रहेको छ ।

परिच्छेद : चार

# *ऐलानी* उपन्यासको योगदान

## ४.१ विषयप्रवेश

उपन्यासकार विवेक ओझाद्वारा लिखित *ऐलानी* यथार्थवादी उपन्यास हो । समाजका घटनाहरूलाई जस्ताको तस्तै टिपेर उपन्यासमा उतार्न खोजिएको छ । समाजमा भएका र हुने गरेका विभिन्न क्रियाकलाप र विभिन्न घटनाहरूलाई उपन्यासमा पात्रका माध्यमबाट रोचक तरिकाले प्रस्तुत गरिएको छ । समाजमा रहेका कुरीति, कुसंस्कार, चालचलन आदिको विषयलाई उठान गर्दै त्यहाँ भएका विकृतिप्रति व्यङ्ग्य गरिएको छ । विशेष गरेर सामाजिक पक्षलाई विशेष जोड दिई समाजकै घटनालाई प्रधान बनाएकाले प्रस्तुत उपन्यासमा सामाजिक यथार्थवाद बढी रूपमा देखापरेको छ । समाजका हरेक विषयवस्तुलाई साहित्यका माध्यमबाट चित्रण गर्दै सुधारात्मक दृष्टिले लेख लेख्नु नै समाजका लागि साहित्यको योगदान हुन्छ । त्यस्तै यस उपन्यासमा पनि समाजमा हुने गरेका विभिन्न पक्षका यथार्थलाई चित्रण गर्दै त्यहाँ भएका राम्रा पक्षको सम्मान र नराम्रा पक्षको विरोध गर्दै सुधार पक्षको माग गरिएकाले नेपाली साहित्यका क्षेत्रमा योगदान रहेको देखिन्छ । यस उपन्यासमा सामाजिक भाषिक सांस्कृतिक जस्ता विभिन्न यथार्थहरू पस्किएको हुनाले नेपाली साहित्यका जगत्मा ठूलो योगदान पुऱ्याएको छ भन्न सकिन्छ ।

नेपालको ग्रामीण समाजमा हुने विभिन्न सामाजिक पक्षलाई प्रस्तुत उपन्यासमा देखाइएको छ । ठूला वर्गले साना वर्गलाई गरेको शोषण, ठूला वर्गले साना वर्गप्रति हेर्ने दृष्टिकोण, जातजातिअनुसार संस्कार आदि विविध पक्षको चित्रणले सामाजिक पक्षलाई जोड दिएको छ । नेपालको मध्यपश्चिमदेखि पश्चिमी भेगमा रहेका मानिसले बोल्ने भाषा र भाषिकालाई उतारिएको छ । सामान्य बोलीचालीमा प्रयोग गरिने शब्दहरूको प्रयोग गरिएको छ । वर्तमान समयमा विभिन्न ठाउँका भाषिका लोप हुँदै गएको अवस्थामा प्रस्तुत उपन्यासले परम्परागत रूपमा बोलिँदै आएको भाषा र भाषिकाको रक्षा गर्ने कार्य गरेकाले भाषिक योगदान रहेको छ भन्न सकिन्छ । विभिन्न ठाउँका विभिन्न संस्कृतिहरू हुने गर्दछन् । नेपाल बहुभाषिक, बहुसांस्कृतिक रूपबाट धनी भएका कारणले यहाँ धेरै संस्कार र संस्कृतिहरू मानिन्छन् । मध्यपश्चिमी क्षेत्रमा बसोवास गर्ने मानिसले मनाउने र अपनाउने संस्कार-संस्कृतिलाई उपन्यासमा उतारिएको छ । उक्त समाजमा रहेको

संस्कार र संस्कृतिको यथार्थचित्रण गर्दै साहित्यमा उतारी जीवन्त बनाएकाले सांस्कृतिक पक्षमा योगदान रहेको देखिन्छ । पञ्चायत कालीन नेपाली समाजमा जिम्मावाल र मुखियाहरूको शासन चलेको थियो । प्रस्तुत उपन्यास त्यही समयका घटनालाई आधार बनाएर लेखिएको छ । उक्त समयमा रहेको राजनैतिक पक्षको चित्रण गरिएको छ । समाजमा रहेको राजनैतिक व्यवस्थाको चित्रण उपन्यासमा घटनाक्रमका माध्यमबाट प्रस्तुत गरेकाले राजनैतिक क्षेत्रमा पनि योगदान रहेको छ । यसप्रकार प्रस्तुत *ऐलानी* उपन्यासले नेपाली साहित्यजगत्लाई मात्र नभएर अन्य थुपै क्षेत्रमा योगदान पुऱ्याएको छ । विभिन्न क्षेत्रमा पुऱ्याएको योगदान बारे फरक-फरक शीर्षकमा निम्नानुसार उल्लेख गरिएको छ ।

## ४.२ सामाजिक योगदान

*ऐलानी* उपन्यास सामाजिक यथार्थवादी उपन्यास हो । उपन्यासभित्रका विषयवस्तुमा प्रशस्त मात्रामा सामाजिकता भेटिन्छ । समयानुकूलको समाज र उक्त समाजमा हुने विभिन्न चालचलन, रीतिरिवाज, संस्कार र संस्कृति आदिजस्ता पक्षहरूलाई उपन्यासमा उतारिएको छ । प्रस्तुत *ऐलानी* उपन्यासमा नेपालको सुदूरपश्चिम क्षेत्रमा रहेको ग्रामीण तथा तराई क्षेत्रको समाजको चित्रण गरिएको छ । उक्त क्षेत्रमा रहेका पहाडी क्षेत्रका वादी समुदाय र तराई क्षेत्रका वादी समुदायको विभिन्न परिस्थिति देखाइएको छ । ग्रामीण परिवेशलाई उपन्यासको परिवेश बनाएर त्यहाँ हुने गरेका विभिन्न घटनाहरू जस्ताको तस्तै उतारेर आदर्शवादी सन्देश छोड्नु यस उपन्यासको योगदान रहेको देखिन्छ । समाजको यथार्थलाई पस्केर त्यहाँको यथार्थभन्दा बढी आफ्नो पाण्डित्य प्रदर्शन गरी साहित्यरचना गर्ने लेखकका अगाडि कटु यथार्थलाई सहजै पस्किएर साहित्यमा नयाँ खम्बा स्थापना गर्न लेखकको ठूलो योगदान रहेको देखिन्छ । उपन्यासकारले उपन्यासका विभिन्न प्रसङ्गबाट त्यहाँको यथार्थचित्रण गर्दै समाजमा चेतनामूलक सन्देश प्रवाह गराउन खोजेको देखिन्छ । वादी समुदायकी फूलमायाको जीवनवृत्तान्तलाई लिएर उक्त कहानीद्वारा वर्तमान समयमा फूलमाया रूपी नारीहरूलाई आफ्नो स्वअस्तित्वको खोजी गर्दै आफूभित्र रहेको प्रतिभा प्रस्फुटन गरी विकृत समाजलाई पनि रूपान्तरण गर्न सक्नुपर्दछ भन्ने सन्देश दिइएको छ ।

> "त्यसपछि लामो श्वास फेर्दै मुखियाले आमोईको छातीमा हात राखे । उनको चोलीको माथिपट्टिको पहिलो टाँक खोले । आमोई मुखियालाई उसैगरी हेरिरहेकी थिइन् । फेरि दोस्रो टाँक तेस्रो टाँस सुस्तरी खुल्दै गए, त्यसपछि मैले चिहाउन छाडें ।" (पृ. १७)

प्रस्तुत अंशमा फूलमायाले आफ्नी आमा मुखियासँग कोठाभित्र यौन क्रियाकलापमा संलग्न हुँदा देखेका कुराहरू बताइएको छ । बाबुआमाले सन्तानका अगाडि आफ्ना व्यक्तिगत कुराहरू प्रस्तुत गर्नु हुँदैन । यदि व्यक्तिगत कुरा सन्तानका अघि प्रस्तुत गरियो भने उनीहरूको मस्तिष्कमा नकारात्मक असर पर्न जान्छ । तर यो कुरालाई मध्यनजर गर्दा उक्त प्रसङ्गमा विपरीत क्रियाकलाप भएको देखिन्छ । फूलमायाकी आमा आफ्नी छोरीका अगाडि पनि परपुरुषससँग खुलेर यौनक्रीडा गरिरहेकी छ । सामान्य दृष्टिले हेर्दा उक्त शैलीको उपन्यासबाट पाठकमा र समाजमा नकारात्मक सन्देश जान्छ भन्ने जस्तो देखिन्छ । प्रस्तुत उपन्यास यथार्थवादी भएकाले समाजका घटनालाई जस्ताको तस्तै उतारिएको छ । वादी समुदायमा हुने नकारात्मक व्यवहार, खराब जीवनशैलीलाई चित्रण गर्दै मानिसले त्यस्ता कुनै पनि क्रियाकलाप नगर्न भनी सन्देश दिन खोजिएको छ । उक्त व्यवहार समाजमा लागु गरेदेखि व्यक्तिमा नकारात्मक सोचको विकास भई युवावर्गका व्यक्ति पनि प्रगतिको बाटोभन्दा परै रहन्छन् । यसरी उक्त घटनाबाट समाजसुधारको चेतना प्रवाह गरिएकाले प्रयुक्त उपन्यासमा सामाजिक योगदान रहेको छ भन्ने प्रस्ट हुन्छ ।

तत्कालीन ग्रामीण समाजमा मुखियाको रवाफमा चल्ने कुरा वादी समुदायद्वारा देखाइएको छ । मुखियाले जेजस्तो कार्य गर्दा पनि समाजका अन्य व्यक्तिले सहेर बसेको देखिएको छ । फूलमायाकी आमासँग यौन क्रियाकलाप गरिरहने मुखियाले फूलमाया किशोरावस्थामा पुगिसकेपछि ऊसँग यौनकार्य गर्न थालेको छ । यसरी साना वर्गप्रति ठूला वर्गले निरन्तर गरिरहने शोषणले समाजका सम्पूर्ण व्यक्तिहरूको मनस्थिति कतिसम्म साँघुरिँदै जान्छ भन्ने कुरा जनाइएको छ । उपन्यासकारले समाजमा हुने शोषण र सामन्तीवादी प्रवृत्तिमाथि विद्रोहात्मक स्वर निकाल्दै समतामूलक समाजको चाहना गरेका छन् । उक्त प्रगतिशील विचारले साहित्यिक कृति समाज परिवर्तनको एक मुख्य हाँगो बनाएको छ । प्रस्तुत विचार समाजका लागि योगदानका रूपमा रहेको छ ।

कुनै वादी पुरुषले कुवाको पानी खाएवापत उसलाई गाउँभरिका बाहुन र क्षेत्रीहरू मिलेर रूखमा बाँधी ढुङ्गाले हानेर मारिएको छ । यो प्रसङ्गमा समाजको कटु यथार्थ पस्किँदै विद्रोहको स्वर र समतामूलक समाजको माग लेखकले प्रस्तुत गरेका छन् । एउटै समाजमा बसेर पनि व्यक्ति-व्यक्तिबिच मात्र नभई प्रकृतिका स्रोतहरूमा पनि छुवाछुतको नियम राख्ने नीच दृष्टिकोण भएका व्यक्तिप्रति आलोचना गर्न खोजिएको छ । छुवाछुत गरेर होइन मानिसले मानवीय धर्म निभाएर जिउन सिक्नुपर्दछ भन्ने सन्देश दिएको छ । उक्त समाजमा भएका विदीर्ण घटना पस्किनु र विद्रोहको स्वर प्रस्तुत गर्नु समाजका लागि योगदान सावित भएको छ । एकातर्फ आफ्नै छोरीचेली किशोरावस्थामा लागेपछि बाबुहरूले ग्राहक खोज्दै हिँड्ने अर्कातर्फ किशोरीहरूले आफै काम गर्न

खोजे पनि केवल बारम्बार यौनकै शिकार बनिरहनुपर्ने द्वन्द्वात्मक स्थितिको चित्रण गरिएको छ । आफ्ना सन्तानलाई शिक्षादीक्षा दिएर प्रगतिशील बनाउनुको सट्टा उल्टै यौनकर्मी बनाउन चाहने कथित नरपशुरूपी बाबुहरूमाथि व्यङ्ग्य प्रहार गरिएको छ । वास्तवमा मानिसले आफ्नो पुस्तामा मात्र नभएर हरेक सन्ततीपछि आउने पुस्ताहरूलाई हस्तान्तरण हुने गरी शिक्षित व्यवहार गर्नुपर्दछ । आजका छोराछोररी भोलिका विश्व हाँक्ने महान् व्यक्ति बन्न सक्छन् भन्ने भावसँगै आजको समाजलाई प्रगतिशील बन्न आग्रह गरिएको छ । तसर्थ समाजका अग्रपङ्क्तिमा रहेका शोषणवादी कथित ठूला मानिसलाई परास्त गर्दै न्यायमूलक समाजको स्थापना गर्न सक्नुपर्छ भन्ने आदर्श प्रस्तुत गर्नु यस उपन्यासको सामाजिक योगदान रहेको देखिन्छ ।

शोषणवादी र भोगवादी प्रवृत्ति रहेको समाजका अगाडि युवावर्गका व्यक्तिहरू आफ्नो हक र अधिकार प्राप्तिका लागि जुन कार्यमा पनि होमिन सक्नुपर्दछ भन्ने सन्देश उपन्यासको निम्न अंशमा देखिएको छ - "सिंहदरबारको गेट अगाडि कपडा खोलेर सबै वादीहरू नाङ्गा भयौँ । त्यो बेला म पनि नाङ्गी भएकी थिएँ आन्दोलनका खातिर ..." (पृ. १९४) । वादी समुदायका महिलाहरू आफू केवल भोग्याका रूपमा मात्र नजन्मिएको र आफूले छुट्टै अस्तित्व जमाउन सक्ने भन्दै हक र अधिकारका लागि आन्दोलनमा उत्रेका छन् । आफ्नो नाङ्गै शरीर प्रदर्शन गरेरै भए पनि अधिकारका लागि लडेका छन् । यसरी न्यायका लागि लड्न कुनै पनि परिस्थितिबाट चुक्नु हुँदैन भन्ने बलियो उदाहरण देखिएको छ । निरङ्कुशवादी सत्ताका व्यक्तिलाई घचघच्याउन तल्लोस्तरको व्यवहार पनि प्रदर्शन गर्न बाध्य भएका नेपाली जनताको चित्रण गरिएको हुनाले न्यायमूलक सन्देशका लागि उक्त प्रसङ्गलाई उपन्यासकारले प्रयोग गरेको देखिन्छ । उक्त प्रसङ्ग समाजका लागि मात्रै नभएर देशकै लागि योगदानका रूपमा रहेको छ ।

वादी समुदायका उमेर छिप्पिएका महिलाहरू झुन्डिएर मरेको प्रसङ्ग ल्याइएको छ । कतिपय उमेरकै युवतीहरू मनोरोगले पीडित बनेको प्रसङ्ग प्रयोग गरिएको छ । प्रस्तुत प्रसङ्गहरूले समाजमा रहेको नराम्रो प्रथाले व्यक्तिको शारीरिक, मानसिक, आर्थिकजस्ता विभिन्न पक्षहरूमा आधात पुऱ्याउँछ भन्ने सन्देश दिएको छ । विभिन्न उमेरका महिलाहरूलाई आत्महत्या गर्न बाध्य बनाउने कारक तत्त्व समाज नै हो । समाजमा रहेका पुरुष तथा महिलाहरूलाई समान दृष्टिले हेरेर उचित शिक्षा र रोजगारको व्यवस्था गरेदेखि कसैले आत्महत्या गर्ने अवस्था आउँदैन । सबैले आफ्नो जीविकोपार्जन कर्मनिष्ठ बनेर गर्न जान्थे । उक्त समाज त्यस्तो विकसित सोचको थिएन त्यसैले युवावर्गलाई पनि आत्महत्या गर्न बाध्य बनायो । यसकारण सबैखाले समाजका मान्छेलाई सोहीअनुसारको व्यवहार गर्नुपर्दछ । केवल भोगवादी दृष्टिकोण राखेर समाजको रूपान्तरण हुन

सक्दैन भन्ने भाव यस उपन्यासमा रहेको छ । यसप्रकारको सन्देश दिनु साहित्यमार्फत् समाजमा पुगेको योगदान मानिन्छ ।

वादी महिलाले परपुरुषका भोग्या नारीका रूपमा रहनुपर्ने, अनावश्यक गर्भ बोकेर सन्तान जन्माउनुपर्ने, आफ्नो अस्तित्वमा रहन नपाउनु आदि विभिन्न दुःखहरू प्रस्तुत उपन्यासमा व्यक्त गरिएको छ । अर्काको नराम्रो व्यवहारबाट महिलाहरूमा पर्ने मनोवैज्ञानिक असर देखाइएको छ । आफ्नै पत्नी परपुरुषसँग यौनक्रीडा गरिरहेको टुलुटुलु हेरेर बस्नुपर्ने वादी पुरुषहरूको पीडा व्यक्त गरिएको छ । छोरी जन्मदा खुसी हुने तर छोरा जन्मदा दुःखी हुने उक्त समाजमा हुर्किएका छोराको कुनै अस्तित्व नरहने स्थितिको चित्रण गरिएको छ । प्रत्येक लोग्ने मान्छे आफूभित्रका पीडा लुकाउन दैनिक जाँड-रक्सी खाँदै हिँडेको स्थितिको चित्रण गरिएको छ । यसप्रकार समाजमा रहेका महिला र पुरुष समाजकै गतिविधिका कारण विभिन्न मानसिक तनावको चपेटामा पर्नुपरेको देखाइएको छ । उक्त घटनाहरूद्वारा उपन्यासकारले सामाजिक कुप्रथा हटाई निम्न वर्गीय र मध्यम वर्गीय मानिसले पनि आफ्नो क्षमताअनुसार रोजगार गरी जीवन चलाउनुपर्छ र आफ्नो अस्तित्वमा रही जीवन जिउन सक्नुपर्दछ भन्ने चेतना फैलाएको छ । उपन्यासकार समाजका बेथितिलाई चित्रण गर्न सक्षम देखिएका छन् । उक्त बेथिति र कुसंस्कारप्रति व्यङ्ग्य गर्दै संस्कारमूलक शिक्षित समाजको निर्माण गर्न आग्रह गर्नुले प्रस्तुत उपन्यासको समाजप्रतिको योगदान प्रस्ट भएको छ ।

### ४.३ भाषिक योगदान

साहित्यिक कृतिले भाषिक क्षेत्रमा दिने देन नै भाषिक योगदान हो । साहित्यिक कृति एउटा भाषामा आबद्ध भएर लेखिन्छ । उक्त कृतिभित्र विषयवस्तु र परिवेशअनुकूल विभिन्न भाषा र भाषिकाका प्रयोग हुन सक्छन् । साहित्यका विभिन्न रचनात्मक कृतिहरूले भाषिक क्षेत्रमा योगदान पुऱ्याएका हुन्छन् । त्यसमध्ये *ऐलानी* उपन्यासले पनि नेपाली भाषा र भाषिकाका क्षेत्रमा योगदान पुऱ्याएको देखिन्छ । परिवर्तनशील हुनु भाषाको विशेषता हो । समयानुकूल परिवर्तन भएको भाषाको पृष्ठभूमि र विगतलाई जान्नका लागि साहित्यिक कृतिले ठूलो भूमिका खेल्दछ । त्यस्तै नेपालको मध्यपश्चिमदेखी सुदूरपश्चिमी क्षेत्रमा बोलिने भाषिका उक्त *ऐलानी* उपन्यासमा राखिएको छ । विशेषतः ग्रामीण क्षेत्रमा प्रयोग गरिने ठेट गाउँले भाषिका र झर्रा शब्दहरूको प्रयोग गरिएको छ । यथार्थपरक ढङ्गले वादी समुदायमा बोलिने बोलीचालीको स्थानीय भाषा प्रयोग गरिएको हुँदा कतै अश्लीलता देखिएको छ । यति हुँदाहुँदै पनि सुदूरपश्चिमी ग्रामीण समाजमा बोलिने गाउँले भाषा

आजको विकसित समाजले पनि जान्न सक्नु यस उपन्यासको भाषिक योगदान हो । त्यसैले उक्त उपन्यासले नेपाली साहित्यका क्षेत्रमा भाषिक योगदान पुऱ्याएको छ भन्न सकिन्छ ।

थुक घुटुक्क निलिन् । उसैगरी बोल्दै गइन्, “एक किनारबाटि जिन्दगी रङ्गिलो भैरह्या जसो र अर्को किनारबाटि भयाभरका रङहरू उड्दै गैरह्या जसो लाग्दैछ” (पृ. २७) । प्रस्तुत अंशमा सुदूरपश्चिमेली भाषिकाको प्रयोग गरिएको छ । ‘किनार’ शब्दलाई ‘किनारि’, ‘भइरहेको’ शब्दलाई ‘भैरह्याको’, ‘जस्तो’ शब्दलाई ‘जसो’, ‘गइरहेको’ शब्दलाई ‘गैरह्याको’ बनाइएको छ । यसप्रकार प्रस्तुत *ऐलानी* उपन्यास यथार्थवादी उपन्यास भएकाले परिवेशअनुकूल गाउँले बोलीचालीका क्रममा प्रयोग गरिने भाषिका र तदनुरूपका शब्दहरूको प्रयोग गरिएको छ । नेपाली भाषामा लेखिएको प्रस्तुत उपन्यासमा सुदूरपश्चिमी क्षेत्रमा प्रयोग गरिने भाषिकाको अत्यधिक प्रयोग गरिएको छ । ठेट नेपाली शब्द र उपन्यासमा प्रयोग गरिएको भाषिका तथा बोलीचालीका शब्दहरू प्रस्ट पार्न तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

| मानक नेपाली शब्दहरू | उपन्यासमा प्रयोग गरिएका शब्दहरू |
|---|---|
| किनारबाट | किनारबाटि |
| भइरहेको जस्तो | भैरह्या जसो |
| भएभरको | भयाभरका |
| के भयो ? | क्या भया ? |
| आमा | आमोई |
| चाहेका | चाह्या |
| हुने | हुन्या |
| म | मु |
| तिम्रै | तम्रै |
| छैनौ | छैनओ |
| देखेकी थिएँ | देख्याकी थियाँ |
| गालामा नै | गालामाई |
| थाले | थाल्या |
| तिमी | तमी |
| यस्ता | यसा |

| | |
|---|---|
| पो | प |
| आएका थिए | आथ्या |
| घेरेका | घेऱ्या |
| समातेका | समात्या |
| पुरै | पुराई |
| पर्ने छैन | पर्न्या छैनन् |
| नपराए | नपराया |
| फाले | फ्याले |
| बिहे | बिह्या |
| खाइस् ? | खाई ? |
| किन | क्यान |
| बोकिछे | बोकिछै |
| नगर्ने | नगर्न्या |
| गरेको | गऱ्याको |
| भए | भया |
| गाउँका | बडाका |
| पनि | पन |
| बुझिनँ | बुझ्यान |
| जन्मिने बित्तिकै | जन्मिन्या बित्तिकै |
| च्याप्नुभयो | च्यापिस्यो |
| सक्दैनौँ | सक्दाइनौँ |
| के थाहा | क्या था |
| मान्छे | मान्छ्या |
| भन्नुहोस् | भनिस्योस |
| भयो | भैगयो |
| दिनुभएन | दिसेन |
| नपुगेके | नपुग्या |
| छोडेनन् | छोड्यानन् |
| नभनेस् | नभनेई |
| भन्दछन् | भन्दाछन् |
| कानेखुसी | साउती |

| | |
|---|---|
| महिना | मैना |
| खुवाउनु हुन्छ | ख्वाइसिन्छ |
| सबै | सप्पै |
| ठिकै | निकै |
| छैन | छैने |
| गएको | गयाको |
| गर्दैनन् | गर्दाइनन् |
| मेरै | मेरई |
| लाउँछ | लाउँछै |
| जुन | जै |
| लागेन | लाग्यान |
| मसँगै | मुईसाथै |
| नआउ | नआओ |
| भन्ने | भन्या |
| सम्फिएर | सम्फिकन |
| पर्ने | पर्न्या |
| हुन्छौ | हुन्छओ |
| आइहालेँ | आइहाल्याँ |
| जाने | जान्या |
| रहेछ | रैछ |
| मरेको | मऱ्याको |
| मैले | मुइले |
| भाग्यमानी | भाग्गिली |
| थिएँ | थ्याँ |

यसप्रकार सुदूरपश्चिमी क्षेत्रमा बोलिने भाषिकाको अत्यधिक प्रयोग गरिएको प्रस्तुत उपन्यासमा राजपरिवारले बोल्ने उच्च आदरको भाषिका पनि कहिँकतै प्रयोग भएको छ । तत्कालीन समाजमा पञ्चायती शासन चलाउने मुखिया जिम्मावालहरूका लागि उच्च आदरार्थी शब्दहरूको प्रयोग गर्नुपर्ने चलन यस उपन्यासमार्फत देखाइएको छ । निरन्तर अगाडि बढिरहेको देश र समाजको गतिसँगै भाषिक प्रवृत्ति पनि परिवर्तित हुँदै गइरहेको हुन्छ बितेको समयमा आफ्नो देश तथा समाजमा कस्ता-कस्ता भाषा र भाषिकाको प्रयोग गरिन्थ्यो भनेर त्यसको इतिहास खोज्नुपर्दछ ।

उक्त इतिहासबाट नै किंवदन्तीहरू प्राप्त गर्न सकिन्छ । नत्र भने भूतकालका विभिन्न यथार्थहरू पत्ता लगाउन सकिँदैन । त्यस्तै विगतका समयदेखि बोलिँदै आएको आ-आफ्ना क्षेत्रका भाषा र भाषिका आजका पुस्ताले नजान्न पनि सक्दछन् । आफ्ना पुर्खाले बोल्ने र अवस्थाअनुसार प्रयोग गर्ने शब्दहरू थाहा नपाउन सक्दछन् । त्यसैले पहिलेको समाजमा बोलिने भाषा र भाषिका अबका पुस्ताहरूले पनि सहजै जान्न सक्ने माध्यम भनेको विभिन्न किम्बदन्ती, इतिहास, लेख तथा रचनाहरू हुन् । यसअन्तर्गत प्रयुक्त उपन्यास पनि एक हो । हिजोको समयमा बोलिने भाषिका आजका व्यक्तिले सहजै बुझ्न सक्ने गरि प्रस्तुत गर्नु उक्त उपन्यासको ठूलो योगदान रहेको छ । यसप्रकार समाजमा बोलिने र प्रयोग गरिने बोलीचालीको भाषा जस्ताको त्यस्तै प्रस्तुत गरी पाठक वर्गलाई तत् ठाउँमा बोलिने भाषिकाका बारेमा बुझाउनु उपन्यासको योगदान हो । नेपालका अन्य क्षेत्रका मानिसले सुदूरपश्चिमेली भाषिका बुझ्न अत्यन्तै कठिन हुन्छ त्यसैले यो उपन्याको अध्ययनद्वारा उक्त भाषिकाका बारेमा पाठकलाई ज्ञान हुन्छ । बहुभाषिक विशेषता रहेको नेपालमा बोलिने भाषिकाको जगेर्ना गर्न यस उपन्यासले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसप्रकार यी विभिन्न कुराहरूबाट नै नेपाली साहित्य जगत्‌मा *ऐलानी* उपन्यासको भाषिक योगदान रहेको देखिन्छ ।

## ४.४ सांस्कृतिक योगदान

*ऐलानी* उपन्यासमा नेपालको सुदूरपश्चिमी क्षेत्रमा रहेका विभिन्न यथार्थसँगै सांस्कृतिक पक्षको यथार्थ पनि पस्किएको छ । पहाडी तथा तराई क्षेत्रमा रहेका वादी समुदायमा मनाइने चाडपर्व, त्यहाँका रीतिरिवाज, परम्परा आदि नै यस उपन्यासमा सांस्कृतिक पक्षका रूपमा आएका छन् । बहुसांस्कृतिक पक्षले धनी देश नेपालको उक्त वादी क्षेत्रमा रहेको संस्कृतिलाई उपन्यासमा प्रस्तुत गरी जीवन्त बनाउन खोज्नु यस उपन्यासको योगदान रहेको छ । अन्य परम्पराभन्दा वादी समुदायमा मनाइने भदौ महिनाको एक गते भाँड्या सङ्क्रान्तिको ठूलो महत्त्व दिइने गरेको उपन्यासमा देखाइएको छ । उक्त दिन सबै वादी समुदायका वादी-वदिनीहरूले जाँड खाएर बाजाका तालमा नाच्ने र विशेष गरी युवतीहरू कमेरो दलेको नाङ्गो शरीर प्रदर्शन गर्ने परम्परा रहेको देखाइएको छ । उक्त नग्नावस्थामा रहेका महिलाहरूले जिउँदो सुँगुरलाई थोरैथोरै चोट दिँदै तड्पाएर मारी मासु पकाई खाने परम्परा रहेको छ । आजको समयमा उक्त परम्परा खुलस्त रूपमा नमनाइए तापनि वादी समुदायमा मनाउने उक्त चाड वर्तमान समयका व्यक्तिलाई ज्ञात गराउनु यस कृतिको योगदान रहेको छ । एकातर्फ उक्त अश्लील संस्कारलाई जस्ताको त्यस्तै उतार्नु उपन्यासमा अश्लीलता भेटिन्छ भने अर्कातर्फ यथार्थवादी उपन्यास भएकाले यथार्थ चित्रण गरी उक्त संस्कारलाई व्यवस्थित र इज्जतिलो तरिकाले मनाउन सकिन्छ भन्ने सन्देश दिन खोजिएको छ ।

समाजमा रहेका हरेक संस्कार र संस्कृतिको जगेर्ना गरी भोलिका पिँढीलाई पनि उक्त संस्कारको महत्त्व दिलाउनु पर्दछ भन्ने भाव प्रकट गर्नु नै यस उपन्यासको सांस्कृतिक क्षेत्रमा रहेको योगदान हो ।

## ४.५ राजनैतिक क्षेत्रमा योगदान

यथार्थवादी प्रवृत्तिमा आधारित *ऐलानी* उपन्यासमा राजनैतिक विषयवस्तुहरू पनि आएका छन् । नेपालमा पञ्चायती व्यवस्था भएको समयमा हुने गरेको ग्रामीण समाजको घटना यसको विषयवस्तु रहेको छ । तत्कालीन समयमा मुखिया र जिम्मावालको नियमअनुसार गाउँका व्यक्तिहरू चल्नुपर्ने थियो । प्रस्तुत उपन्यासमा पनि मुखियाले दिएको आदेशअनुसार अन्य व्यक्तिले कार्य गरेको देखिएको छ । एक व्यक्तिको रवाफद्वारा नै समाजका अन्य व्यक्ति त्रसित हुनुपर्ने बाध्यता आफ्नो अस्तित्वको पहिचान गर्न नपाई केवल अर्काकै लागि काम गर्ने पीडित समाजको चित्रण रहेको छ । आफूभित्र प्रतिभाहरू रहे तापनि मुखियाको आदेशबिना कार्य गर्न नपाउने केवल उनकै रखौटे बन्नुपर्ने बाध्यात्मक स्थितिलाई चित्रण गरिएको छ ।

हरेक व्यक्तिको आ-आफ्नै अस्तित्व र पहिचान रहेको हुन्छ । आफ्नो प्रतिभाअनुसार कार्य गरेर अगाडि बढेमा मात्र प्रगतिशील समाजको निर्माण हुन्छ । त्यसैले एकलौटी शासनमा रहेर अर्काको आदेशअनुसार दुःख गरेर जीवन धान्न पनि धौ-धौ हुनुभन्दा आफू स्वाभिमानी बनेर बाँच्नु उचित हुन्छ भन्ने सन्देश यस उपन्यासको रहेको छ । मुखियाको आदेशमा चल्ने वादी समुदाय कुनै दिन पनि प्रगतिशील मार्गमा उन्मुख हुन सकेन । यथास्थितिवादको सीमा नाघेर अगाडि बढ्नु छ भने साँघुरो राजनीतिको घेराभित्र बाँधिएर आफ्नो अस्तित्व गुमाउनुभन्दा आफ्नो कार्यकौशलबाट अगाडि बढ्दै शिर उचो पार्नु उत्तम हो भनी सामन्तवादी राजनैतिक व्यवस्थाप्रति कडा व्यङ्ग्य प्रहार गरिएको छ । वादी समुदायमा मुखियाकै हैकम चल्ने, फूलमायाकी आमासँग यौनक्रियाकलाप गरिरहेको मुखिया पछि गएर फूलमायासँग पनि उही सम्बन्ध राख्ने जस्तो परम्पराले वादी समाज कहिल्यै अगाडि बढ्न सकेन सामन्ती प्रवृत्ति रहेको प्रसङ्गले गणतन्त्रको माग गरेको देखिन्छ । वर्तमान समयमा गणतन्त्र आए तापनि सत्तासीन व्यक्तिद्वारा दमन र शोषण हुन छोडेको छैन । जनताको सेवा र सुविधाका विभिन्न आशा देखाएर पछि निराशामा परिणत गराइदिने परम्परा रहेको छ । उक्त उपन्यासको ध्येय के रहेको छ भने उक्त प्रकारको आशावादी राजनीतिको खेती नगरेर वास्तविक देशको समुन्नति र समाजवादी चिन्तन गघि बढाउनुपर्नेतर्फ सङ्केत गरेको छ । समाजमा चलेको राजनीतिलाई यथार्थ चिन्तन गरी वर्तमान समयमा आवश्यक राजनैतिक व्यवस्थाको प्रक्रियाबारे सचेतना दिनु यस उपन्यासको राजनैतिक योगदान हो ।

## ४.६ निष्कर्ष

उपन्यासकार विवेक ओझाद्वारा लिखित *ऐलानी* उपन्यास यथार्थवादी उपन्यास हो उपन्यासलेखन परम्परामा काल्पनिक विषयलाई प्रस्तुत गरी उपन्यासमा मनोरञ्जनात्मक तथा स्वच्छन्दात्मक विषयको विरोध स्वरूप यथार्थवादको सुरुवात भएको हो । यस उपन्यासमा पनि लेखकले समाजमा घटेका घटनाहरूलाई जस्ताको त्यस्तै चित्रण गरेका छन् । यस उपन्यासमा नेपाली माटो, नेपाली संस्कृति र नेपाली ग्रामीण जनजीवनमा देखिने समस्या प्रतिबिम्वित भएको छ । त्यसैले यो सामाजिक यथार्थवादी उपन्यास हो । यस उपन्यासमा पात्रहरू समाज परिवर्तन गर्ने चाहना बोकेका तर परिवर्तन गर्न नसकेका पात्रहरूको मनस्थिति प्रस्तस्तुत गरिएको छ । यस उपन्यासमा सङ्क्रमणकालीन समाजलाई दुरुस्त चित्रण गरिएको छ । साहित्यका क्षेत्रमा यस उपन्यासको यो नै प्रमुख योगदान हो ।

वर्गीय चरित्र निर्वाह गर्ने पात्रको प्रयोग गरिएको यस उपन्यासमा सामाती संस्कार बोकेका शोषक व्यक्तिको प्रतिनिधिका रूपमा उच्च वर्गका पात्रका रूपमा राखिएको छ । जातभातका समस्याले ग्रस्त भएका पात्रहरूलाई निम्नवर्गीय पात्रका रूपमा राखिएको छ । घरजग्गा आफ्ना नाममा नहुनु, ऋणका फन्दामा परिरहनुजस्ता निम्नवर्गका व्यक्तिहरूका समस्या प्रस्तुत गर्दै आत्मविश्वास र स्वनिर्भर भई बाँच्न सिक्नुपर्दछ भन्ने सन्देश दिनु पनि यस उपन्यासको अर्को महत्त्वपूर्ण योगदान रहेको छ । नेपालको सुदूरपश्चिमी क्षेत्रमा बोलिने भाषिकाका बारेमा जानकारी दिनु र यसलाई जीवन्त बनाउनु भाषिक योगदान रहेको छ । बहुसंस्कृतिले धनी नेपालको विभिन्न संस्कृतिहरूमध्ये सुदूरपश्चिमी ग्रामीण क्षेत्रमा अपनाइने संस्कृति देखाउँदै त्यहाँको सांस्कृतिक पक्षलाई जीवन्त बनाउनु सांस्कृतिक योगदान रहेको छ । पञ्चायतकालको सामन्ती राजनैतिक घटनालाई आधार मानी समाजमा खेप्नुपरेको दुःख र पीडाहरूलाई उजागर गरेको छ । आजको समयमा सामन्त र शोषणयुक्त राजनीति नभएर एकतामूलक नीति नियमको राजनीति हुनुपर्दछ भन्ने सन्देश दिनु राजनैतिक क्षेत्रमा दिएको योगदान हो ।

यस उपन्यासमा मानवीय मनमा उत्पन्न हुने अनेक प्रकारका उतार-चढाव विश्लेषण गरी सकारात्मक र नकारात्मक धारणाको प्रस्तुतिका साथै त्यसको चित्रण, क्रिया-प्रतिक्रिया पनि प्रस्तुत गरिएको छ । मानवीय मनमा निहित विभिन्न मनोदशालाई सचित्र उतारिएको छ । सामान्य बिम्ब र प्रतीकको प्रयोग गरी लेखिएको यस उपन्यासमा व्यञ्जनात्मक भाषाशैली रहेको छ । वादी समुदायमा छोराछोरीप्रति रहेको विभेद तथा झगडाको केन्द्रविन्दु आय-आर्जन नगर्नु हो ।

यसप्रकारको अविवेकी भावलाई त्याग गर्दै उन्नत समाजको निर्माण गर्नुपर्दछ भन्ने आग्रह गर्न यस उपन्यासको योगदानका रूपमा आएको छ । ग्रामीण समाजमा सँगै जीवनयापन गरेका एक वर्गका मानिसले अर्का वर्गलाई गरेको शोषण हेरेर बस्ने, धन र शक्तिको पछि लाग्ने, उच्च वर्गका व्यक्तिलाई बिनासित्ति सहयोग गर्ने नेपाली समाजको अँध्यारो पक्षलाई प्रस्तुत गरिएको छ । यसप्रकार ग्रामीण जीवनको चित्रण गर्दै निमुखा वर्गका इच्छा र सङ्कटलाई प्रस्तुत गरी समाज सुधारको चाहना व्यक्त गर्नु पनि यस उपन्यासको योगदान हो । वादी समुदायमा हुर्कँदै गरेकी कलिली छोरीप्रति पनि पुरुषले गिद्धे नजर लगाउँदछन् । छोरो जन्मिदा सन्तान जन्माउने बाबुआमाले नै नाम खुम्च्याउँछन् । आफ्नी स्वास्नी भित्र परपुरुषसँग यौनक्रीडा गरिरहँदा लोग्नेले बाहिर बसेर ऱ्याल काढिरहेको हुन्छ । यस्तो समाजको चित्रण गर्दै अशिक्षित समाजलाई शिक्षित हुन आग्रह गर्नु, शोषक र सामन्ती वर्गका व्यक्तिलाई परास्त गरी समतामूलक समाजको निर्माण गर्नु स्व-अस्तित्वको पहिचान गरी व्यक्ति आफू नै प्रगतिशील मार्गमा उन्मुख हुनुपर्दछ भनी आग्रह गर्नु नै यस उपन्यासको नेपाली साहित्यका क्षेत्रमा दिएको अतुलनीय योगदान रहेको देखिन्छ ।

परिच्छेद : पाँच

# उपसंहार तथा समग्र निष्कर्ष

## ५.१ विषयपरिचय

उपन्यास एउटा गद्यमा लेखिने साहित्यिक विधा हो । यसले वर्तमानमा निकै लोकप्रियतता हासिल गरेको छ । रोचक ढङ्गले लेखिने यस विधाका कृतिहरूमा बृहत् जीवनको परिचय र सत्याभास पाइन्छ । यसैकारण पनि यसको लोकप्रियता अधिक मात्रामा रहेको छ ।

उपन्यासकार विवेक ओझाद्वारा लिखित *ऐलानी* यथार्थवादी उपन्यास हो । वस्तु-जगत्लाई यथार्थ वा वास्तविक मानी त्यही वस्तुजगत् वा सामाजिक वस्तुयथार्थको अभिव्यक्ति गर्ने वाद नै यथार्थवाद हो । यसले भौतिक जगत्को वास्तविकता वा सामाजिक यथार्थको तथ्यपरक चित्रण गर्दछ । जहाँ साहित्यको विषयवस्तुका रूपमा समसामयिक जीवन, समाज, घटना, समस्या व्यक्तिको काल्पनिकतासँग नभएर वास्तविकतासँग गाँसिएका सन्दर्भहरू भेटिन्छन् त्यहाँ यथार्थवाद प्रशस्त रहेको हुन्छ । *ऐलानी* उपन्यासमा पनि सामाजिक वस्तुतथ्यलाई इमान्दारिताका साथ प्रस्स्तुत गरिएको छ । नैतिकता औपदेशिकताजस्ता आदर्शवादी पक्षहरूको तिरस्कार गरी यथार्थपक्षको प्रस्तुत गरिएको छ । यस उपन्यासमा मानवीय जीवनका सबलता र दुर्बलता, सत् र असत्, आशा र निराशा दुवैपक्षको समान र सन्तुलित चित्रण गरिएको छ । कथानकमा सामान्य गति रहेको भए तापनि सहायक, गौण पात्रहरूका साथै सामान्य घटना साधारण तथ्य र मामुली स्थितिहरूको पनि सूक्ष्म र विस्तृत चित्रण गरिएको छ । यिनै तथ्यका आधारमा *ऐलानी* पूर्णतया यथार्थवादी उपन्यासका रूपमा उभिएको छ ।

## ५.२ समग्र निष्कर्ष

कुशल फोटोग्राफरले प्राकृतिक हृदयलाई मनोहर ढङ्गले आफ्नो क्यामेरामा कैद गरेझैँ सामाजिक जीवन र पारिवारिक घटनालाई उपन्यासकारले शब्दमार्फत् चित्रण गरेका छन् । काल्पनिक विषयलाई प्रस्तुत गरेर मात्र मनोरञ्जक आख्यान लेख्ने शैलीको अन्त्य गरी समाजमा घटेका घटनालाई जस्ताको त्यस्तै चित्रण गर्ने नेपाली आख्यान जगत्मा रूद्रराज पाण्डेले सुरुवात गरेको प्रवृत्तिलाई उपन्यासकारले अँगालेका छन् । यस उपन्यासमा वर्गीय चरित्र निर्माण गर्ने पात्रहरूको

उपस्थिति रहेको छ । सामन्ती संस्कार बोकेका, सामन्तीका झोला बोक्ने, शोषक, चुसाहा व्यक्तिको प्रतिनिधिका रूपमा ठूला वर्गका पात्रलाई प्रस्तुत गरिएको छ । शोषित, पीडित, आर्थिक समस्याले गाँजिएका जातभातका समस्याले ग्रस्त भएका पात्रहरू निम्नवर्गका पात्रका रूपमा प्रस्तुत गरिएको छ । उपन्यासकार विवेक ओझा विशेषतः समाजको यथार्थ केलाउँदै शोषित र उत्पीडित वर्गलाई लक्षित गरेर लेख्ने गर्दछन् । विशेष गरी नारीहरूको कारुणिक र दयनीय पक्षलाई प्रस्तुत गर्नु, गरिबीका भारले पिल्सिएका नारीहरूको समस्यालाई प्रस्तुत गरी कथानकलाई मार्मिक बनाउनु उनको उपन्यासगत प्रवृत्ति हो । उपन्यासकार ओझाले यस उपन्यासमा चरित्रलाईभन्दा घटनालाई प्रधान रूपमा उभ्याएका छन् । एक घटनाले अर्को घटनालाई क्रमशः निम्त्याएको छ । ग्रामीण समाजमा जनताहरूले भोग्नु परेको समस्यालाई प्रस्तुत गरेका छन् । उपन्यासमा जटिल भाषाशैलीको प्रयोग नगरी ग्रामीण समाजको बोलचालमा प्रयोग गरिने शब्द प्रयोग गरेका छन् । विभिन्न उखान-टुक्का र थेगोको प्रयोगले प्रस्तुत उपन्यासलाई रोचक बनाएको छ । पात्र जुन वर्ग, स्तर र तहमा रहेका छन् उनीहरूले बोल्ने भाषा पनि सोही स्तरअनुसारको रहेको छ । फलस्वरूप उपन्यास पढ्दा पाठक किताबमा भन्दा समाज र घटनामा पुगिसकेको हुन्छ । समाजमा भएका खराब प्रवृत्तिप्रति सामान्य व्यङ्ग्य गर्नु उनको उपन्यासगत प्रवृत्ति देखिएको छ । परम्परागत मान्यता र रूढीवादी परम्पराले थिचिएका पात्रहरूको मनस्थिति चित्रण गरी त्यसले ल्याउन सक्ने समस्यालाई चित्रण गरेका छन् । यसप्रकार विवेक ओझाका उपर्युल्लिखित उपन्यासगत प्रवृत्ति देखिएका छन् ।

प्रस्तुत उपन्यासमा सामाजिक धरातलमा घटेका र घट्नसक्ने घटनाहरूलाई यथार्थ रूपमा चित्रण गरिएको छ । असत्प्रवृत्ति भएका व्यक्ति र सत्प्रवृत्ति भएका व्यक्तिबिच कतै-कतै हारजीत भएको देखिए तापनि समाजको अवस्था यथाथस्थितिमा नै रहेको देखाइएको छ । असत् पक्षको हार देखाउने क्रममा उपन्यासका असत् पात्रहरू दैवीशक्तिको शिकार बनेको देखिएको छ । आदर्श परिवार, समाज र राष्ट्रनिर्माणको चाहना व्यक्त गरिएको छ । नेपाली सुदूरपश्चिमी क्षेत्रमा रहेको वादी समुदायलाई केन्द्रित गरी त्यस समाजमा देखिएका घटना, परिवेश, कुसंस्कार, भेदभाव, रूढीवादी परम्परा आदिलाई जस्ताको त्यस्तै उतारेको हुँदा यो सामाजिक यथार्थवादी उपन्यासका रूपमा देखापरेको छ । यस उपन्यासमा कथानक जति सघन र बलियो छ त्यत्तिकै कुतूहल पक्ष पनि सशक्त देखिएको छ । धेरैजसो व्यक्तिगत पात्र, केही वर्गीय पात्र, केही अन्तर्मुखी तथा बहिर्मुखी पात्रको संयोजन गर्दै पञ्चायतकालीन राज्यव्यवस्था भएको समाजका परिवेशको चित्रण रहको छ । उपन्यासका प्रमुख पात्रका रूपमा रहेकी फूलमायाको जीवनवृत्तान्तलाई लिएर नेपाली ग्रामीण

समाजमा रहेका नारीवर्गले भोग्नुपरेको दुःख पीडा र बाध्यतालाई प्रस्तुत गरिएको छ । नारीबिना बाँच्न नसकने समाजले नारीलाई नै नीच दृष्टिले हेरी उनीहरूप्रति नीच व्यवहार गरिरहेको सामाजिक यथार्थ पस्किएको छ । उक्त समाजमा रहेको लैङ्गिक, वर्गीय, आर्थिक आदि पक्षको विभेद देखाउँदै समग्र नेपाली समाजमा रहेको विभेदीकरणलाई चित्रण गर्न खोजिएको छ ।

समाजमा रहेको सामाजिक प्रवृत्तिले मानव मनमा उत्पन्न हुने सत् र असत् पक्षलाई यस उपन्यासमा केलाउन खोजिएको छ । समाजका कुरीति र कुसंस्कारले मानव मनमा नकारात्मक असर पार्दछ भने आदर्शवादी चिन्तनले सकारात्मक असर पार्दछ । यसरी हरेक परिस्थितिमा समाजमा रहेका व्यक्तिहरूको मनस्थिति बुझ्न प्रयास गरिएको हुँदा प्रस्तुत उपन्यासमा मनोवैज्ञानिक यथार्थ रहेको देखिएको छ । मानव जीवनका विसंगित प्रस्तुत गरी अस्तित्ववादी चेतना र नर-नारीका मनमा रहेको रतिरागात्मक पक्षको चित्रण गरिएको छ । उपन्यासमा वादी समुदायका महिला-पुरुषले गर्ने व्यवहारबाट बालबालिकाका मनस्थितिमा परेको असर र युवावर्गप्रति भएको वितृष्णाको चित्रण रहेको छ । बालमनोविज्ञान र यौनमनोविज्ञानमा आधारित मनोविज्ञानको चित्रण एकातिर देखिएको छ भने अर्कातिर शोषण र उत्पीडनका विरुद्ध सङ्घर्ष गर्न आह्वान गरिएको छ । यस उपन्यासमा समाजका उच्च तथा मध्यम वर्गका पात्रलाई खलपात्रका रूपमा उभ्याइएको छ । केवल यौनशोषणकै लागि फूलमायासँग सम्बन्ध राखेको प्रमुख पुरुषपात्र मुखिया बिस्तारै फूलमायाको प्रेममा फसेको छ । यसले विकृत मनस्थितिलाई पनि सुकृत मनस्थितितर्फ उन्मुख भएको मनोविज्ञान देखिएको छ । अन्य पुरुषले नारीलाई केवल भोग्याका रूपमा ठान्दै यौनशोषण गरी मार्न पछि नपर्ने नकारात्मक पक्षको चित्रण गरिएको छ । परम्परागत मान्यता र रूढिवादी परम्पराले थिचिएका पात्रहरूको मनस्थिति चित्रण गरी त्यसले ल्याउन सक्ने समस्यालाई देखाउनु यस उपन्यासको मनोवैज्ञानिक यथार्थका रूपमा देखिएको छ ।

समाजमा रहेको विकृति र विसंगितलाई यथार्थ रूपमा प्रस्तुत गर्दै व्यङ्ग्यात्मक स्वर व्यक्त गरिएको छ । व्यक्तिले गर्न नहुने कार्य गरिरहेको यथार्थलाई देखाउँदै त्यसको आलोचनात्मक तवरले घटनालाई कथावस्तुमा राखिएको छ । प्रस्तुत उपन्यासमा महिला तथा पुरुषको यौन मनोविज्ञान प्रस्तुत गरिएको छ । तल्लो जाति भनेर हेला गर्ने, छुवाछुतको प्रथा लगाउने वादी महिलालाई कतिसम्म फकाउन सक्छन् भन्ने कुरा एकातिर प्रस्तुत गरिएको छ भने अर्कोतिर तिनै अछुत मानिएका महिलाप्रति आफ्नो यौनेच्छा तृप्त गराउनका लागि पुरुषले लाज, घिन, सर्म, नैतिकता, इज्जत, संस्कार, परिवेश केही नभनी कामावेगमा अन्धो भई कामवासना पूरा गर्न लागिपर्ने पुरुषको नीच प्रवृत्तिको चित्रण गरिएको छ । पुरुषको यौनेच्छालाई आफूजस्तो अवस्थामा भए पनि जबर्जस्ती

पूरा गरिदिनुपर्दा नारीका मनमा उत्पन्न हुने मानसिक परिवर्तन, सोचाइ आदिलाई देखाइएको छ । आफ्नी श्रीमती परपुरुषसँग यौनक्रीडा गरिरहँदा पनि चुपचाप रहेर नदेखेझैँ गरी बस्दा पुरुषका मनमा उत्पन्न हुने मानसिक असरलाई देखाइएको छ । समाजबाट तिरस्कृत बन्नुपर्ने मुखिया, मुखियाको भाइ, गुन्डाहरू उल्टै अभावग्रस्त भोकमा पिल्सिएका गरिबलाई दमन गरी समाजका कहलाउँदा व्यक्ति बनेको यथार्थप्रति उपन्यासले आलोचना गरेको छ ।

समाजमा विकृति-विसंगित हटाई वर्गीय असमानताको अन्त्य गरी समुन्नत समाज निर्माण गर्न सर्वहारा वर्गमा विद्रोह तथा द्वन्द्व गर्ने साहस अनि एकताको आवश्यकता हुन्छ भन्ने कुरा देखाउनु यस उपन्यासको सार हो । जीविकोपार्जन गर्नका लागि नचाहँदा नचाहँदै पनि आफ्नो शरीर भोगका लागि अरूलाई सुम्पिन विवश भएको स्थिति देखाइएको छ । इमान्दार र कर्मठ व्यक्ति अरूको प्रलोभनमा भन्दा आफ्नो परिश्रममा विश्वास गरी स्वाभिमानी बनेर जीवन जिउन चाहन्छन् भन्दै उपन्यासले अर्काको शोषण गरेरभन्दा काम गरेर बाँच्नुपर्दछ भन्ने प्रेरणा प्रदान गरेको छ । पशुपालन, खेती आदि कार्य गर्न नपाउने वादी जाति शरीर बेच्न विवश बन्नुपरेको बाध्यात्मक स्थिति देखाइएको छ । समाजमा रहेको सामन्तप्रवृत्तिबाट उन्मुक्ति प्राप्त गर्न एकदुई जना व्यक्तिको सङ्घर्ष र प्रयासले सम्भव हुँदैन । यसका लागि गरिब, पीडित शोषित जनतामा एकता र चेतनाको आवश्यकता पर्दछ अनि मात्र गरिब, निमुखा वर्गले आफ्नो अधिकार प्रयोग गरी समतामूलक समाज निर्माण गर्न सक्दछन् भन्ने भाव यस उपन्यासले परोक्ष रूपमा गरेको छ । उक्त भाव नै यस उपन्यासको सामाजिक र राजनैतिक क्षेत्रमा रहेको योगदान हो । नेपालको सुदूरपश्चिम क्षेत्रमा मनाइने विभिन्न संस्कार, संस्कृति, चाडपर्वको यथार्थ उल्लेख गर्दै कथानकमा नै चाडपर्वमा त्यहाँका मानिसले गर्ने क्रियाकलापलाई उतारिएको छ । कर्णाली प्रदेशमा रहेका संस्कार र संस्कृतिलाई उपन्यासमा यथार्थ प्रस्तुत गरी जीवन्त बनाउनु नेपाली साहित्य जगत्मा दिएको सांस्कृतिक योगदान बन्न पुगेको छ ।

विवेक ओझाद्वारा लिखित उपन्यास *ऐलानी* सामाजिक यथार्थवादी उपन्यास भएकाले समाजका निम्नवर्गीय व्यक्तिले बोल्ने सहज, सरल, स्वाभाविक र आकर्षक खालको भाषाशैली रहेको छ । विविध खालका पात्रहरूको स्तरअनुसार भाषाशैलीको प्रयोग छ । परिवेश सुदूरपश्चिमको कर्णाली प्रदेशको सेरोफेरो भएको हुनाले नेपालीले प्रयोग गर्ने वर्गीय भाषाशैली प्रयोग भएको छ । विशेषगरी सुदूरपश्चिमी क्षेत्रमा बोलिने भाषिकाको प्रयोग गरिएको छ । ठाउँठाउँमा संवेगात्मक शैली, उखान-टुक्का आदिको प्रयोगले उपन्यासलाई मिठासपूर्ण र कलात्मक बनाउन सहयोग पुऱ्याएको छ । प्रसङ्गअनुसार ठाउँठाउँमा गाउँले परिवेशमा प्रयोग हुने यौनिक व्यवहारका अश्लील शब्द, गाली

गर्दाका अश्लील शब्दहरू प्रयोग भएको हुँदा कता-कता असुहाउँदो भने देखिएको छ । सरल र सहज भाषाशैली प्रयोग गरिएको यस उपन्यासमा कुनै-कुनै ठाउँमा क्रियापदमा विचलन आएको छ । धेरै ठाउँमा सुदूरपश्चिमी क्षेत्रमा बोलिने भाषिकाको बढी प्रभाव परेको छ । उखान-टुक्काका साथै कथ्यभाषालाई पनि उपन्यासमा प्रयोग गरिएको छ ।

यस उपन्यासमा तत्सम र आगन्तुक शब्दभन्दा तद्भव शब्दको अधिक मात्रामा प्रयोग गरिएको छ । नेपाली ग्रामीण जीवनको वास्तविक चित्र उतार्न खोजिएको यस उपन्यासमा काल्पनिक आदर्श, चरित्रको अभाव देखाउने भाषाशैलीको प्रयोगले चरित्र जिउँदो बनाइएको छ । कर्णाली प्रदेशमा बोलिने भाषिकालाई जस्ताको त्यस्तै उतारेर जीवन्त बनाउनु यस उपन्यासको नेपाली साहित्यिक क्षेत्रमा रहेको भाषिक योगदान हो ।

वादी समुदायका महिलाले गरेको आन्दोलनबाट नेपाली जनताले जति ठूलो आन्दोलन तथा बलिदान गरे पनि स्वार्थी सीमित व्यक्तिका कारण जनता धोका र अन्यायमा परेको यथार्थ तथ्य उपन्यासमा देखिन्छ । पञ्चायत कालको यथार्थचित्रण गरिएको यस उपन्यासमा भरौटेलाई चटनी चटाएर आफूले राष्ट्रको ढुकुटीमा रजाइँ गरेको यथार्थ पनि देखिन्छ । समाजमा वर्गीय विभेदको अन्त्य गर्न आर्थिक असमान वितरणको अन्त्य हुनुपर्दछ । आफूले बगाएको पसिनाको हिस्सा सहजै प्राप्त गर्न पाउनुपर्छ भन्दै आफ्नो हक र अधिकार प्राप्तिका लागि वर्गीय सङ्घर्ष गर्न यस उपन्यासले आह्वान गरेको छ । नारी र पुरुष एक सिक्काका दुई पाटा हुन् । नारीलाई भोग्या वस्तु मात्र नठानी नारीको अस्तित्व र अस्मिताको ख्याल गरी लैङ्गिक दृष्टिले समान समाजको निर्माण गर्ने सन्देश दिएको छ । उपन्यासमा प्रयोग गरिएको वादी समुदायका मानिसहरू बसेको जग्गाको लालपूर्जासमेत नभएको यथार्थलाई देखाइएको छ । जसरी लालपूर्जाविहीन जग्गामा आफ्नो स्वामित्व हुँदैन त्यस्तै वादीहरूको आफ्नो शरीरमा उनीहरूको स्वामित्व नभएको कुरा घटनामार्फत् प्रस्ट पारिएको छ । लालपूर्जाविहीन जग्गाजस्तै स्वामित्वविहीन वादीहरूलाई 'ऐलानी' को उपमा दिइएको छ । यस अर्थमा प्रस्तुत उपन्यासको शीर्षक सार्थक रहेको छ । समाजमा हुने लैङ्गिक, जातीय, राजनैतिक, सांस्कृतिक, वर्गीय आदि विभेदहरूको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्नुपर्दछ भन्ने यस *ऐलानी* उपन्यासको मूल मर्म र निष्कर्ष रहेको छ ।

# सन्दर्भसामग्रीसूची


अधिकारी, ज्ञानु (२०७४). *अन्नपूर्ण.* अनलाइन पत्रिका : चैत्र २७ ।

ओझा, विवेक (२०७४). *ऐलानी.* काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

ओझा, विवेक. (सन् २०१८). 'ऐलानी किन पढ्ने ? यसो भन्छन् विवेक'. *गन्डकी आवाज.* अनलाइन पत्रिका. फेब्रुअरी २ ।

गैरे. ईश्वरीप्रसाद (२०७६). *आधुनिक नेपाली इतिहास.* काठमाडौं : दिव्य देउराली प्रकाशन प्रा.लि. ।

घिमिरे, प्रसन्न (२०७५). *अनलाइन खबर.* अनलाइन पत्रिका, असार ९ ।

जोशी, महानन्द (२०६३). *आधुनिक नेपाली उपन्यास धारा र प्रवृत्ति.* काठमाडौं : गरिमा प्रकाशन ।

जोशी, यज्ञराज (सन् २०१७). 'कथा खोजिरहेको मस्तिष्कले एकाएक वादी बस्ती याद गऱ्यो'. मिति (?) ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* ललितपुर : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०६९). *नेपाली बृहत् शब्दकोश.* काडमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बराल, कृष्णहरि तथा एटम, नेत्र (२०५८). *उपन्यास सिद्धान्त र नेपाली इतिहास,* ललितपुर : साझा प्रकाशन ।

रिजाल, दामोदर (२०६६). 'शोध प्रतिवेदनमा भाषा उद्धरण र सान्दर्भिकाको प्रयोग'. अनुसन्धान व्यवस्थापन समितिअन्तर्गत नेपाली विभागद्वारा आयोजित शोधलेखन अभिमुखीकरण गोष्ठीमा प्रस्तुत गोष्ठीपत्र. चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस ।

लामिछाने, यादव र लामिछाने गीता (२०७८). *नेपाली कथा र उपन्यास* (चौ.सं.). काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

विमली, सविता (२०७४). 'वादी पीडाको दस्तावेज'. *देशसञ्चार,* अनलाइन पत्रिका, फाल्गुन २६ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६७). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सापकोटा, टीका (सन् २०१८). 'पाठकका दृष्टिमा ऐलानी'. *न्युजसेवा.* अनलाइन पत्रिका. मिति (?)।

सापकोटा, टीका (सन् २०१८). 'ऐलानी : विवेक ओझा'. *बाह्रखरी.* अनलाइन पत्रिका. जनवरी ६ ।